• वर्ष १३ • अंक १२ • SAPTAHIK • Nepali National Weekly • Friday, Aug. 3, 2007 • पृष्ठ २४ • मूल्य रु. ८/-



# ठूलो पर्दामा नयाँ अनुहारको ओइरो


● रोजिन शाक्य



**क्वेस्ट इन्टरटेनमेन्टको ब्यानरमा सञ्चारकर्मी भूषण दाहालले निर्देशन गरेको चलचित्र 'कागबेनी' बाट चार नयाँ अनुहारले प्रवेश पाएका छन्– सञ्चारकर्मी पूजा गुरुङ, नृत्याङ्गना दिया मास्के, गायक निमा रुम्बा एवं नाट्यकर्मी सौगात मल्ल। क्वेस्टले नै निर्माण गर्ने म्युजिक भिडियो निर्देशक आलोक नेम्वाङले निर्देशन गर्ने चलचित्र 'सानो संसार' मा पनि मोडलद्वय नम्रता श्रेष्ठ तथा विनय श्रेष्ठलगायत पूर्व मिस्टर नेपाल जीवन लुइँटेलले चलचित्रको पर्दामा आफ्नो उपस्थिति जनाउनेछन्।**

अहिले अधिकांश चलचित्रकर्मीलाई फुर्सद छैन, कामको व्यस्तताले भ्याई-नभ्याई छ। कोही-कोही त दुई-दुई सिफ्टमा पनि काम गरिरहेका छन्। चलचित्र निर्माणमा तीव्रता आएको छ भने प्रदर्शनमा आएका अधिकांश चलचित्रले राम्रै व्यवसाय गरिरहेको देखिन्छ। यस अर्थमा अहिलेको परिस्थितिमा नेपाली चलचित्र क्षेत्रमा बहार आउने क्रम प्रारम्भ भएको छ। यो हरियालीमा नयाँ पालुवाले मौलाउने अवसर पनि उत्तिकै पाएको महसुस हुन्छ, अर्थात् चलचित्र निर्माणमा आएको तीव्रतासँगै नयाँ अनुहारहरूले पनि राम्रै अवसर पाएका छन्, ठूलो पर्दामा आफ्नो भाग्य परीक्षण गराउन।

चलचित्रको रंगीन संसारको दौडमा मोडलिङमा परिचय बनाएका अनुहार बढी देखिन्छन्। गायक कर्णदासको 'भेटिएर छुट्नुभन्दा...' गीतबाट परिचय बनाएका मोडल राजवल्लभ कोइराला सुपर एक्टिङ कम्पिटिसन हुँदै गोपीकृष्ण मुभिजको ब्यानरमा दीपक श्रेष्ठले निर्देशन गरिरहेको चलचित्र 'पर्खी बसेँ' को नायक बनेका छन्। यही चलचित्रमा उनको जोडी बनेकी छिन् गायक भरत सिटौलाको 'कहिले आगो कहिले पानी...' गीतकी मोडल यमुना उप्रेती। 'पर्खी बसेँ' का अतिरिक्त यमुना हाल दीपक श्रेष्ठकै निर्देशनमा निर्माणधीन चलचित्र 'त्रिशूल' मा व्यस्त छिन् भने अन्य केही चलचित्रमा पनि उनी अनुबन्धित भैसकेकी छिन्। डिजे सन्तोषले रिमिक्स गरेको 'चियाबारीमा...' गीतको म्युजिक भिडियोमा देखिएकी मोडल प्रेरणा शर्माले दिनेश कार्की निर्देशित चलचित्र 'अहंकार' मा मौका पाइन् नायिकाका रूपमा। अहंकार प्रदर्शनका लागि तयार हुँदा सेन्सरमा फस्न पुग्यो।



यद्यपि प्रेरणाको अभिनय यात्राले गति लिएको महसुस हुन्छ। करिब दुई दर्जन म्युजिक भिडियोका नायक आमिर गौतम पनि ठूलो पर्दाका नायक बनेका छन्। म्युजिक भिडियो निर्देशक सिमोस सुनुवारको 'मिसन पैसा' बाट आमिरले चलचित्रको अभिनय यात्रा प्रारम्भ गरेका हुन्। यही चलचित्रबाट मोडलद्वय निशा अधिकारी र आयुषा बस्नेतको अभिनय यात्रा अघि बढेको छ। प्रमोद ढुंगाना निर्देशित बिन्तीपत्रबाट ब्रेक पाएका सुरज आर.डी.को अभिनय यात्राले पनि 'मिसन पैसा' बाट गति लिएको छ।

क्वेस्ट इन्टरटेनमेन्टको ब्यानरमा सञ्चारकर्मी भूषण दाहालले निर्देशन गरेको चलचित्र 'कागबेनी' बाट चार नयाँ अनुहारले प्रवेश पाएका छन्– सञ्चारकर्मी पूजा गुरुङ, नृत्याङ्गना दिया मास्के, गायक निमा रुम्बा एवं नाट्यकर्मी सौगात मल्ल। क्वेस्टकै लगानीमा म्युजिक भिडियो निर्देशक आलोक नेम्वाङले निर्देशन गर्ने चलचित्र 'सानो संसार' मा पनि मोडलद्वय नम्रता श्रेष्ठ तथा विनय श्रेष्ठलगायत पूर्व मिस्टर नेपाल जीवन लुइँटेलले चलचित्रको पर्दामा आफ्नो उपस्थिति जनाउनेछन्। यसअघि जीवनले चलचित्र तिर्खा तथा घातकमा अभिनय गरिसकेका छन्। गहना, जानकी, दुई थोपा आँसु जस्ता टेलिश्रृंखलाबाट सफलता पाएका निर्देशक श्याम भट्टराई निर्देशित 'मर्यादा' बाट पनि नयाँ अनुहारको आगमन भएको छ। थुप्रै म्युजिक भिडियोमा उपस्थिति जनाइसकेका दिवस उप्रेती र सानो पर्दाबाट चर्चामा आएकी रञ्जना शर्माको नायक-नायिकाका रूपमा आगमन भएको छ, मर्यादाबाट। निर्देशक नरेन्द्र श्रेष्ठ निर्देशित 'ग्रहण' मा नायकका रूपमा अवसर पाएका श्याम घिमिरेको पुर्नआगमन पनि 'मर्यादा' बाटै भएको छ। म्युजिक भिडियो, टेलिश्रृंखला तथा उद्घोषणमा आफ्नो क्षमता देखाइसकेका आर्यन सिग्देल आफ्नो भाग्य परीक्षण गराउँदैछन्, नायिका रेखा थापाको निर्माणाधीन चलचित्र किस्मतबाट।

चलचित्र बज्रपातमा राम्रो प्रभाव छोड्न सफल विक्रान्त बस्नेतको फिल्मी क्यारियर आँधीतूफान, शिकार, घायल, डेन्जर, डन, बारुद आदि चलचित्रबाट अघि बढेको देखिन्छ भने सोभित बस्नेत निर्देशित 'चोर सिपाही' मा अवसर पाएकी अर्पणा सिंहले पालेदाइ, कानुन, दिदीभाइ, झाँक्री आदि चलचित्रबाट आफ्नो क्यारियरलाई निरन्तरता दिइरहेकी छिन्। चलचित्र निखिलदाइबाट अवसर पाएकी गरिमा पन्तको अभिनय यात्रा पनि दोबाटो, भाग्यविधाता, सुन्दर मेरो नाम आदि चलचित्रबाट अघि हिँडेको देखिन्छ। रञ्जु लामिछाने अभिनीत पहिलो चलचित्र प्रदर्शनमा आउन नसकेको भए पनि उनले आफ्नो अभिनय यात्रालाई आवाज, को होला मेरो मायालु, डर आदि चलचित्रबाट निरन्तरता दिइरहेकी छिन्। चलचित्र अभिमन्युबाट ठूलो पर्दामा झुल्किएकी जेनी कुँवरको अभिनय यात्रा घायल, डेन्जर आदि चलचित्रबाट अघि बढेको देखिन्छ। चलचित्र जंगली मान्छेबाट प्रशंसा बटुल्न सफल अर्जुन कार्कीले दिदीभाइ तथा ड्याडीबाट निरन्तरता पाएका छन्।

उल्लेखित नामबाहेक 'हामी साथीभाइ' बाट नम्रता झा, चलचित्र एकताबाट ललिता अधिकारी, रघुवीरबाट लक्ष्मी क्षेत्री, बुबाआमाबाट रम्भा ओली तथा मनोज लामिछाने, डनबाट लता तामाङ, मानिसबाट अभिनव रेग्मी, आरोपबाट प्रशंसा, नयाँ नेपालबाट अभय श्रेष्ठ र मोनिका, इतिहासबाट रिदम बज्राचार्य, बाटुलीबाट सञ्जिता गुरुङ, नारी द वुमेनबाट सुनिल पोखरेल तथा सञ्जिता कोइराला आदिले चलचित्रको पर्दामा नयाँ प्रस्तुतिका रूपमा प्रवेश पाएका छन्। यसैगरी राजेश ढुंगाना, दीलिप गौतम, शुभेच्छा थापा, हास्य अभिनेता दीपकराज गिरी, गायक प्रकाश ओझा आदिलाई पनि दर्शकले ठूलो पर्दामा मुख्य भूमिकामा देख्न पाउनेछन्। हालै पनि मिसन लभ इन सिक्किमबाट हिमानी डीसी र माझीमामाबाट उमा बेबी नायिकाका रूपमा ठूलो पर्दामा आएका छन्। ●



साइबर गर्ल
मञ्जु लामा



मध्यपृष्ठमा : टोयशा

## क्यासेट

### प्रयत्न



गैरसरकारी संस्था 'अन्धा तथा अपाङ्ग कल्याण समाज'ले दृष्टिविहीन गायक- गायिकाहरूको स्वरमा संयुक्त गीतिसंग्रह 'प्रयत्न' श्रोतामाझ ल्याएको छ। दृष्टिविहीन गायक-गायिकालाई प्रोत्साहित गर्न तयार पारिएको यो संग्रहमा प्रतिभा तामाङ, आशा राई, नेहा शेर्पा, ईश्वर वलामी, भवानी रानामगर तथा प्रकाश तिमल्सिनाको स्वर सुन्न सकिन्छ। संग्रहमा शब्द तथा संगीत बिरु कमल श्रेष्ठ, प्रतिभा तामाङ, गणेश पराजुली, भगत राई, नेहा शेर्पा, मिनु वाइबा एवं गणेश गुरुङको छ।

### बटुवा




संगीतकार तथा गीतकार शरण छिनामको एकल गीतिसंग्रह 'बटुवा' श्रोतामाझ आएको छ। संग्रहको एउटा गीत जयराम क्षितिजले लेखेका छन् भने अन्य सबै गीत छिनामले नै लेखेका छन्। संग्रहमा राजेश पायल राई, उदय सोताङ, सुरेश कुमार, जगदीश समाल, रामकृष्ण ढकाल, लासमित राई तथा रोशन गुरुङको छ।

### ए राता मकै

हास्यकलाकार किरण केसीद्वारा स्वरबद्ध भएका गीतहरूको भिसिडी संग्रह बजारमा आएको छ। धौलागिरि क्यासेट सेन्टरले बजारमा ल्याएको उक्त गीतिसंग्रहमा ए राता मकै तथा केसी किरण गीत समावेश छन्। सुरेश अधिकारी र शम्भुजित बाँस्कोटाको संगीत रहेको उक्त संग्रहमा सुरेन्द्र रानाको शब्द छ। गायनमा केसीलाई माण्डवी त्रिपाठी र सुरेन्द्र रानाले सहयोग गरेका छन्

## रंगमञ्च

-गत शुक्रबारदेखि पुरानो बानेश्वरस्थित गुरुकुलमा नाटक 'टलकजंग भर्सेज टुल्के' को मञ्चन प्रारम्भ भएको छ। यो नाटक आफ्नो वंशज थाहा नभएको टुल्के टलकजंगमा भएको रूपान्तरको कथामा आधारित छ। जाँड-रक्सी, चोरी, फोहोरी बोली र महिलाप्रतिको आशक्तिजस्ता अवगुणले भरिएको पात्र समय परिवेशले ल्याएको क्रान्तिमा समाहित हुन पुग्छ, तर उसको नाममा अर्कैले फाइदा लिन्छ। गरिब परिवारमा जन्मिएर विकृत संगतमा हुर्किएको टुल्के सहर पसेर धन कमाउन पनि सफल हुन्छ, त्यसपछि उसको परिचय टलकजंग बन्न पुग्छ। चर्चित चिनियाँ साहित्यकार लु-सुनले सन् १९११ देखि २१ सम्मको चिनियाँ समाजको राजनैतिक तथा सामाजिक परिवेशलाई आधार बनाएर लेखेको नाटक 'आह क्युको साँचो' लाई नेपाली परिवेशको माओवादी जनयुद्धसँग तुलना गरेर खगेन्द्र लामिछानेले नाटकको आलेख तयार पारेका हुन्। यसअघि हास्यरसमा आधारित 'जात सोध्नु जोगीको' नाटक निर्देशन गरेका अनुप बरालले निर्देशन गरेको यो नाटकलाई ब्लाक कमेडी शैलीको भनिएको छ। अढाई घण्टा समय बितेको पत्तै नपाइने यो नाटकमा टुल्केको भूमिकामा आशान्त शर्माको अभिनय जीवन्त छ। नाटक आजसम्म मञ्चन हुनेछ। यो नाटकमा अस्मिता भण्डारी, विक्रम परियार, दयाहाङ्ग राई, पुष्प आचार्य, रश्मि भट्ट आदिले अभिनय गरेका छन्।

## ग्यालरी

-स्वदेश तथा विदेशका ३३ जना कलाकारले तयार पारेका चित्रहरूको संयुक्त प्रदर्शनी सिद्धार्थ आर्ट ग्यालरी बबरमहलमा जारी छ। 'अमालगम' शीर्षकको उक्त प्रदर्शनीमा शशि शाह, वत्सगोपाल वैद्य, दुर्गा बराल, कृष्ण मानन्धर, किरण मानन्धर, श्यामलाल श्रेष्ठ, शशिकला तिवारी, रागिनी उपाध्याय, सीमा शाह आदिका चित्र राखिएका छन्। त्यसैगरी नयाँ पुस्तामा आशा डंगोल, अस्मिना रञ्जित, भाइराज महर्जन, विनोद प्रधान, चिराग वाङ्देल, एरिना ताम्राकार, मनीषलाल श्रेष्ठ, प्रदीप बज्राचार्य, प्रमिला बज्राचार्य तथा सुजन चित्रकारले कोरेका चित्र पनि प्रदर्शनीमा छन्। प्रदर्शनी भदौ ३ गतेसम्म चल्नेछ।

-नेपाली कलालाई ग्रामीण क्षेत्रसम्म पुऱ्याउने उद्देश्य राखेर एक दर्जन युवाले आयोजना गरेको चित्रकला प्रदर्शनी हिजो सम्पन्न भएको छ। प्रदर्शनीबाट उठेको रकम नगरकोट, पनौती तथा काठमाडौंका अनाथगृहमा रहेका बालबालिकालाई चित्रकला सिकाउन खर्च गरिने कुरा आयोजकपक्षले जनाएको छ। हर्टबिट सेरिज शीर्षक राखिएको उक्त प्रदर्शनीमा मञ्जु स्यौला, सपना शाह, अनिल महर्जन, उदय कर्माचार्य, राजन महर्जन, राज के. प्रजापति, प्रमित ढकाल, सुजन डंगोल, आभूषण दुवाल 'भूषण', सचिन युगल श्रेष्ठ, सन्तोष श्रेष्ठ तथा मेखबहादुर लिम्बुका चित्र समावेश थिए।

## पुस्तक

### सानी

शर्मिला खड्काद्वारा लेखिएको बालउपन्यास 'सानी' लाई तेजबहादुर दाहालले प्रकाशित गरेका हुन्। बालबालिकाहरूका लागि तयार गरिएको यो पुस्तकमा १० अध्याय छन्। बालबालिकाहरूका लागि रुचिकर शैलीमा लेखिएको यो पुस्तकको मूल्य उल्लेख छैन।

### मैनबत्ती

कवि विष्णुबहादुर सिंहका १ सय १ वटा साना कविता अर्थात् चोकाहरूको संग्रह 'मैनबत्ती' लाई शिवपुरी साहित्य समाजले प्रकाशित गरेको हो। नेपाली साहित्यमा नयाँ शैलीका चोकाहरू पढ्न चाहने पाठकहरूका लागि यो पुस्तकले एउटा अवसर उपलब्ध गराएको छ। पुस्तकको मूल्य १ सय रुपैयाँ छ।

### अनुभूति

कवयित्री प्रतिमा श्रेष्ठका १ सय १५ वटा गीतको संग्रह 'अनुभूति' लाई प्रतिमा पब्लिकेसनले प्रकाशित गरेको हो। गीतका भावनाहरू आत्मसात् गर्न यो पुस्तक पढ्नैपर्छ। यो पुस्तकको मूल्य १ सय ५ रुपैयाँ छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

साता त्यति राम्रो छैन। खर्च तथा विवाद बढ्ने योग छ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। कुरा काट्नेहरू बढ्नेछन् भने स्वास्थ्य गडबड रहन सक्छ। आइतबार तथा सोमबार मान-सम्मानका साथै काममा सफलता मिल्ने एवं प्रसन्नता बढ्ने देखिन्छ। घरेलु समस्याले सताउन सक्छ।

### वृष

समय राम्रो छ। कामकाजमा सफलता प्राप्त हुनुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा हुनसक्छ। भोज-भतेरमा संलग्न हुन पाइनेछ। अरूले सहयोगको हात बढाउनेछन् भने परिश्रमको उचित मूल्यांकन हुनेछ। आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। गलत विचारले सताउन सक्छ।

### मिथुन

मान-सम्मान मिल्नुका साथै अरूको मन जितेर सफलता हासिल गर्न सकिनेछ। पराक्रम बढ्नेछ। सानै प्रयासमा ठूलो काम फत्ते हुन सक्छ। अध्ययनमा हासिल हुने सफलता कायमै रहनेछ। भोज-भतेरमा संलग्न हुन पाइनेछ। मंगलबार तथा बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। कुरा काट्नेहरूदेखि सावधान रहनुहोला।

### कर्कट

भाग्यले साथ दिनेछ। पराक्रम एवं प्रसन्नताका साथै आम्दानी पनि बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। सोच्ने शक्ति बढ्नेछ भने अध्ययनमा सफलता मिल्नेछ। बोल्दा अलि होस पुऱ्याउनुहोला। बिहीबार खर्च तथा विवादले सताउन सक्छ। स्वास्थ्यमा पनि ध्यान दिनुपर्नेछ।

### सिंह

स्वास्थ्य बिग्रनाले काममा अवरोध आउनेछ। झूटा लाञ्छना पनि लाग्न सक्छ। खर्च तथा विवाद बढ्ने छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। आइतबारदेखि भाग्यले साथ दिन थाल्नेछ। काममा सुधार आउनेछ भने मान-सम्मान मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### कन्या

खर्च अलि बढी नै होला जस्तो छ। आम्दानीमा पनि कमी देखिँदैन। पराक्रमको तीव्रता कायमै रहनेछ। मित्रहरूको सहयोग यथावत् रहनेछ। अध्ययनमा सफलता पाउन मुस्किल पर्ला। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। आइबारदेखि बुधबारसम्म स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### तुला

सत्रुबाट सजग रहनुहोला। स्वास्थ्यले पनि साथ छोड्न सक्छ। मन भड्किनुका साथै काम बिग्रने सम्भावना छ। कुरा काट्नेहरू बढ्नेछन्। अपजस पनि आइलाग्न सक्छ। गलत विचारले सताउने हुँदा धैर्य गर्नुपर्नेछ। आइतबार तथा सोमबार प्रसन्नता बढ्नेछ। व्यवसायमा लाभ एवं धन आर्जन हुने योग छ।

### वृश्चिक

समय सुधारको क्रममा छ। सोच्ने शक्ति बढ्ने तथा अध्ययनमा सफलता मिल्ने देखिन्छ। व्यवसायमा लाभ मिल्नेछ। शत्रु बढे पनि जित तपाईंकै हुनेछ। आम्दानी एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। बिहीबार स्वास्थ्य गडबड रहनेछ भने काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

### धनु

मित्रहरूसँगको भेटले मन प्रसन्न रहनेछ। बौद्धिकता बढ्नुका साथै अध्ययनमा सफलता हासिल हुनेछ। पराक्रम बढ्नुका साथै शत्रु पराजित हुनेछन्। धार्मिक कार्यमा रुचि बढ्नेछ। भाग्यले पनि साथ दिनेछ। व्यवसायमा लाभ मिल्ने देखिन्छ। यात्रा गर्ने अवसर जुट्नेछ। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा ध्यान दिनुहोला। लेनदेनमा अघि नबढ्नु नै उचित हुन्छ।

### मकर

अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग प्राप्त हुनुका साथै आम्दानीको तीव्रता कायमै रहनेछ। गलत विचारले सताउने हुँदा धैर्य गर्नुहोला। शत्रु पराजित हुनेछन्। अध्ययनमा सुधार आउने देखिँदैन। मंगलबार तथा बुधबार चिन्ता एवं अस्थिरता बढ्नेछ। कुरा काट्नेहरूले दुःख दिनेछन्। घाउ-चोटको सम्भावना पनि छ।

### कुम्भ

काममा सफलता मिल्नेछ। बोलीको प्रभाव, प्रसन्नता एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। यात्रा गर्ने अवसर जुट्नेछ। व्यवसायमा वृद्धि हुनेछ। मंगलबारदेखि घरेलु समस्याले सताउनेछ भने गलत विचार एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ।

### मीन

मान-सम्मान मिल्नेछ। पराक्रम बढ्नेछ। भोज-भतेरमा संलग्न हुनुपर्ला। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। धार्मिक कार्यमा मन जानेछ। बिहीबार घरेलु समस्याले सताउने एवं चिन्ता बढ्ने देखिन्छ।

### यो साताको पञ्चाङ्ग

साउन २३ गते : भू-संरक्षण दिवस, २४ गते विश्व आदिवासी दिवस

## साता संक्षेप

**साउन ११–** एकै दिन परेको झरीले देशभरि २ हजार ५ सय परिवार विस्थापित, तराईका धैरैजसो जिल्लामा यातायात तथा विद्युत् अवरुद्ध ।

- सल्यानमा गएको पहिरोले एकै परिवारका ५ को मृत्यु ।
- झापा, सप्तरी, पर्सा तथा चितवनमा भाइरल ज्वरो देखियो, सयभन्दा बढी अस्पताल भर्ना ।
- भारतले बाँध नखोल्दा सीमाक्षेत्रका गाउँ डुबानमा परेको भन्दै सांसदहरूद्वारा सरकारलाई भारतसँग तुरुन्तै नयाँ सहमति गर्न माग ।
- शरणार्थी समस्यामा वार्ता गर्न भुटानद्वारा अस्वीकार, शरणार्थीलाई सेप्टेम्बरदेखि अमेरिका लगिने ।

**साउन १२–** तराई क्षेत्रमा आएको बाढीबाट पीडितलाई सहयोग गर्न बाढीपीडित उद्धार समिति गठन, अझै केही दिन वर्षा हुने मौसम विज्ञान विभागको अनुमान ।

- वर्तमान सुरक्षा संयन्त्रले निर्वाचन हुन नसक्ने संसद्को निष्कर्ष, सांसदहरूद्वारा सुरक्षा नीतिको माग ।
- शुक्रबारको बाढीबाट थप दुई बालकसहित ४ को मृत्यु, नेपालगन्ज जलमग्न, रौतहटमा सय घर भत्किए, तराईमा उडान नहुँदा हवाई यात्रु विचल्लीमा ।
- विश्व बैंकद्वारा नेपाल बैंक लिमिटेडमा विज्ञ व्यवस्थापन नल्याए सहयोग रोक्ने चेतावनी ।

**साउन १३–** सरकार तथा मधेसी जनाधिकार फोरमबीच भएको वार्ता विना निष्कर्ष टुङ्गियो, फोरमले संसद् विघटनको माग राख्यो ।

- सरकारद्वारा एक साताभित्र रायमाझी प्रतिवेदन सार्वजनिक गर्ने प्रतिबद्धता ।
- प्रवीणता प्रमाणपत्र तहमा यसपटक पनि भर्ना लिइने निर्णय ।

**साउन १४–** झाडापखालाबाट रामेछाप तथा सल्यानमा १२ जनाको मृत्यु, ९ जना गम्भीर अवस्थामा ।

- दोलखामा प्रहरी-वाईसीएल भिडन्त, प्रजिअमाथि कुटपिट, चरिकोटमा कर्फ्यु ।
- बाढीबाट २ लाख विस्थापित, देशका २८ जिल्ला प्रभावित, मर्नेहरूको संख्या ७१ पुग्यो ।
- नेपाली कांग्रेसका सांसद डिल्लीराज शर्माको ५८ वर्षको उमेरमा हृदयाघातबाट निधन ।

**साउन १५–** दोलखामा माओवादीद्वारा गरिएको प्रजिअ कुटपिटको सर्वत्र विरोध, गृहमन्त्रीद्वारा कारबाही गर्ने प्रतिबद्धता ।

- बाढी पहिरो अझै कम भएन, थप चारको मृत्यु ।
- दोलखामा प्रमुख जिल्ला अधिकारीमाथि हातपात गरेको भोलिपल्ट वाईसीएलद्वारा पाँचथर जिविस आवासगृह तोडफोड ।

**साउन १६–** म्याग्दीका महावीर पुनलाई म्यागसेसे पुरस्कार ।

- नवलपरासीको झ्यालटुङडाँडास्थित अस्थायी क्याम्पबाट एक हजार माओवादी सेनाले शिविर छाडे, शिविरमा औषधि तथा स्वस्थ्य खानेपानीको अभाव, जनसेनाद्वारा आफ्नै कमान्डर तथा पार्टीको आलोचना ।
- तराईका जिल्लामा बाढी तथा पहाडमा पहिरोको आतंक जारी, थप ७ को मृत्यु ।
- दोलखामा प्रजिअमाथि आक्रमण गर्नेहरूलाई ज्यान मुद्दा लगाउने सरकारी तयारी, २८ पक्राउ ।
- कतारमा रोजगारीका लागि गएका कामदारमध्ये ६ महिनामा ७२ को मृत्यु पछिल्लो १८ दिनमा ८ मारिए ।
- नेकपा (माओवादी) को केन्द्रीय बैठकमा मंसिर ६ मा संविधानसभा हुन नसक्ने ठहर ।

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

एकपटक संविधानसभाको निर्वाचन टरिसक्यो । फेरि पनि निर्वाचन सार्ने अवस्था आयो भने त्यो सात सालको नजिर दोहोरिन्छ । यस्तो भयो भने सरकारको लोकप्रियता खस्कने मात्र होइन, देशकै लागि पनि दुर्भाग्य हुनसक्छ । जनतामा विकसित राजनैतिक चेतना, मुलुकको अवस्था आदिले पनि अब संविधानसभा कसैले चाहेर पनि टर्न सक्ने अवस्थामा छैन । त्यसैले पनि म भन्न सक्छु, मंसिरमा संविधानसभा हुन्छ ।

**धर्मनाथप्रसाद साह, पूर्वसामान्य प्रशासन मन्त्री तथा नेता, नेकपा (एमाले)**

हामीले जस्तै सबै दलले संविधानसभालाई लक्षित गरेर आफ्ना कार्यकर्तालाई प्रशिक्षण कार्यक्रम राख्नुपर्छ । आठ दल मिलेर संविधानसभामा जानुपर्छ भन्नेले संविधानसभाको चेतना बढाउन पनि प्रशिक्षण कार्यक्रमहरू अघि बढाउनुपर्छ, तर नेकपा (एमाले) ले मात्रै संविधानसभाको प्रशिक्षण चलाउनुले के बुझाउँछ भने यो दललाई मात्र चुनावको हतारो रहेछ, अरूका लागि यो गफ गर्ने माध्यम मात्र हो कि जस्तो लाग्न थालेको छ ।

**युवराज ज्ञवाली, नेता, नेकपा (एमाले)**

संविधानसभाप्रति पुरुषहरूले जति चासो दिएका छन्, त्यति चासो महिलाले दिएको देखिँदैन । अब पहिलेजस्तो तर्किएर, मलाई थाहा छैन भनेर हामीले सुख पाउँदैनौं । राजनैतिक अधिकार खोज्नेले त्यसको ज्ञान पनि राख्नुपर्छ । जानकारी नहुनेलाई जानकारी गराउनुपर्छ । मान्छेले यो नभनून् कि महिलाहरू अधिकार मात्र खोज्छन्, अरू केही गर्दैनन् ।

**साहना प्रधान, परराष्ट्रमन्त्री**

कुनै पनि देशभक्त नेपालीका लागि संविधानसभाको निर्वाचन जीवन-मरणको प्रश्न बराबर छ । जो व्यक्ति, संस्था तथा दल संविधानसभा निर्वाचनको विरोधमा छ, सम्झनुहोस् ऊ देशविरोधी हो । संविधानसभाले मात्र मधेसी, जनजाति, दलित, महिला एवं पिछडिएका वर्गका सम्बन्धमा नीति बनाउन सक्छ । त्यसैले पनि संविधानसभाका लागि मरिमेटेर अघि बढ्नुपर्छ ।

**रामराजाप्रसाद सिंह, वरिष्ठ राजनीतिज्ञ**

मधेसमा संविधानसभाको निर्वाचन बिथोलिन्छ भन्ने जुन अनुमान गरिँदैछ, त्यो गलत छ । वास्तवमा संविधानसभा मधेसलाई चाहिएको छ, त्यसैले उनीहरू संविधानसभा चाहँदैनन् भन्ने प्रचार नै गलत छ । हो, मधेसी जनअधिकार फोरम तथा केही हिंसात्मक राजनीति गरिरहेकाहरूले यसको विरोध गर्लान् तर मधेसी जनअधिकार फोरमको जनाधार छैन । मधेसमा राम्रो प्रचार गर्ने हो भने संविधानसभाका बारेमा मानिसले बझ्नेछन् । त्यसैले दलहरूले संविधानसभाका बारेमा जनचेतना फैलाउनुपर्ने आवश्यकता छ ।

**रत्नेश्वर गोइत, जनकपुरका स्थानीय नेता**

गृहमन्त्रीको निर्देशन तथा हाम्रो लामो अनुभवबाट हामीले संविधानसभाको निर्वाचन कसरी भयरहित तथा निष्पक्ष रूपमा गर्न सकिन्छ भन्ने सिलसिलामा विशेष सुरक्षा योजना बनाएका छौं । हामी मंसिर ६ अघि नै निर्वाचन भएको अवस्थामा पनि त्यसलाई सुरक्षा दिन सक्ने अवस्थामा पुगेका थियौं । अहिले अझ सजिलो भएको छ । शान्तिपूर्ण वातावरणका लागि दलहरूको सहयोग हुनेबित्तिकै हामीलाई दिइएको जिम्मेवारी पूरा गर्नेछौं ।

**ओमविक्रम राणा, प्रहरी महानिरीक्षक**

संविधानसभा निर्वाचनमा महिलाहरूलाई ३३ प्रतिशत सिट सुरक्षित गर्न त गाह्रो छ भने संसद सङ्ख्या ५० प्रतिशत पुऱ्याउन अझ गाऱ्हो छ । त्यसैले सबैदल मिलेर संविधानसभा निर्वाचनमा ३३ प्रतिशतभन्दा बढी महिलाले संसदमा प्रतिनिधित्व हुने गरी नीति निर्माण गर्नुपर्छ । यसका लागि पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जानै पर्छ ।

**अष्टलक्ष्मी शाक्य, नेतृ, नेकपा (एमाले)**

मंसीरमा संविधानसभाको निर्वाचन हुन्छ भन्ने कुनै आधार छैन । यद्यपि नेपाली जनता गणतन्त्र चाहन्छन्, नेपाली जनता परिवर्तन चाहन्छन्, उनीहरु नेतृत्व परिवर्तन भएको हेर्न चाहन्छन् । यी सबै कुरा संविधानसभा बिना संभव छैन । जनताको यही चाहनाका कारण मंसिरमा संविधानसभा हुन्छ भन्ने विश्वास हो ।

**जनार्दन शर्मा, विधायक, नेकपा (माओवादी)**

संविधानसभाअघि नै नेपाललाई हिन्दु राष्ट्र घोषित गर्नुपर्छ । सकिदैन भने देशलाई हिन्दु राष्ट्र नै राख्ने कि नराख्ने भनेर जनतासँग राय लिन जनमतसंग्रहमा जानु पर्छ । माओवादीको आडमा जनआन्दोलन-२ मा उठ्दै नउठेको धर्मनिरपेक्ष राष्ट्र घोषणा गर्नु सबै हिन्दुका लागि दुर्भाग्य हो । हामीले त्यसकै विरोध स्वरुप नेपाल डिफेन्स आर्मीको स्थापना गरेका हौं ।

**परिवर्तन, प्रमुख, नेपाल डिफेन्स आर्मी**

मंसिरमा संविधानसभाको निर्वाचन भएन भने आठ दलले जनताको विश्वास गुमाउने छन् । विदेशीहरुको समर्थन पनि घट्दै जानेछ । यस्तो अवस्था आयो भने देशले ठूलो दुर्घटनाको शिकार हुनुपर्नेछ । यदि देशलाई उधारोबाट बचाउने र नगद कारोवार गर्ने हो भने मंसिरमा निर्वाचन नगरी हुँदैन ।

**हृदयेश त्रिपाठी, असन्तुष्ट नेता, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)**

## सम्पादकीय

# त्रासद बाढी-पहिरो

साउने संक्रँन्ति मनाएर खेत गएका म्याग्दीका एक दर्जन किसान बाटैबाट हराए । भीषण पहिरोले उनीहरूको चिनोसमेत मेटाएर मृत्युको मुखमा पुऱ्यायो । त्यसपछि लगातार गुल्मी, रामेछाप, सल्यान, पर्वत, बाग्लुङमा पनि पहिरो जाने क्रम रोकिएन । एक साता नबित्दै पहिरोमा परी मर्नेहरूको संख्या २२ नाघ्यो । पहाडमा पहिरो गएको समाचार आइरहेको बेला अचानक रौतहट तथा बाँकेका गाउँ-बस्ती पानीमा डुब्न थालेको खबर आयो । त्यसयता तराईमा लगातार एक सातासम्म वर्षा भयो । यो वर्षाले नेपालगन्ज, जनकपुर, महोत्तरी तथा सिराहाका एक दर्जन गाउँ तथा सहर जलमग्न भए । बुधबारसम्म बाढी तथा पहिरोमा परी मर्नेहरूको संख्या ९७ पुग्यो भने २ लाख जनता प्रभावित भए । बाढी-पहिरोबाट विस्थापित हुनेहरूको संख्या २ हजार ९ सय १७ पुगेको छ । यसबीचमा ४ हजार १ सय १३ घर पूरै तथा ९ हजार ७ सय ६९ घर आंशिक भत्किए । बाढीकै कारण २ सयभन्दा बढी चौपाया मरेको तथा सयौं हेक्टर जमिनमा लगाएको धानबाली नष्ट भएको अनुमान गरिएको छ । सरकारले तराईको बाढीबाट मात्र एक अर्बभन्दा बढी क्षति भएको अनुमान गरेको छ ।

जल तथा मौसम विज्ञान विभागले पानी दर्कने क्रममा यो सातादेखि कमी आउने जनाएको छ । यसले तराईमा बाढीबाट थप जनधनको क्षति नहुने आशा गरिएको छ । यद्यपि बाढीबाट उत्पन्न विस्थापितहरूलाई गरिने उद्धारकार्यमा तीव्रता नआउँदा महामारी फैलन सक्ने सम्भावना बढेको छ । यसबाट झाडा-पखाला, आँखा पाक्ने तथा छालाका रोगहरूमा वृद्धि भएको छ । विस्थापितमध्ये अधिकांशले घरमै सबै थोक छाडेर भागेका हुँदा उनीहरू आवश्यक लत्ता-कपडा तथा खाद्यान्नको अभावमा जीवन बिताइरहेका छन् । अर्कातिर लगातारको वर्षाले कमजोर भएको पहाडमा पहिरोको खतरा अझै रहेको अनुमान गरिएको छ । यसले बाढी-पहिरोको त्रास अझै कायमै छ ।

बाढी-पहिरोको त्रास वर्षा प्रारम्भ भएदेखि नै भए पनि उद्धार तथा सहयोग गत सातादेखि मात्र प्रारम्भ भएको देखिन्छ । सबैभन्दा पहिले नेपाल रेडक्रस सोसाइटीले चिउरा, बिस्कुटजस्ता सामग्री दिएर विस्थापितको भोक मेटाउने प्रयास गरे पनि त्यो अपर्याप्त थियो । सेनाले आफ्नो जहाजमा बोकेर पुऱ्याएको केही बोरा खाद्यान्न तथा लत्ता-कपडा अपुग भएको थियो भने स्थानीय स्तरमा सहयोगका लागि पहल नहुँदा बाढी-पीडितहरू भोकभोकै बस्नुपरेको थियो । उनीहरू स्थानीय विद्यालय, मदरसा तथा गाविस भवनमा रात काटिरहेका थिए । प्रतिनिधिसभाका सदस्यहरूले राहतका लागि सरकारले पहल नगरेकोमा सरकारप्रति आक्रोश व्यक्त गरेपछि गृहमन्त्री कृष्णप्रसाद सिटौलाले दुई दिनभित्रै सबै व्यवस्था मिलाउने आश्वासन दिए । सरकारले यसका लागि दुई पटक गरेर १० करोड रुपैयाँ निकास गरेको जनाएको छ भने निजी स्तरबाट पनि चन्दा उठाएर दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने कार्यले तीव्रता पाएको छ । कान्तिपुर पब्लिकेसन्सले कुमारी बैंकको सहयोगमा उद्धार कोष प्रारम्भ गरेको छ भने अन्य संघ-संस्थाहरू पनि बाढी-पहिरोपीडितहरूको सहयोगार्थ जुटेका छन् ।

बाढी-पहिरोले प्रत्येक वर्ष कोकोहोलो मच्चाउँदै आएको छ, तर सम्बद्ध उनीहरू सम्भावित दुर्घटनाको तयारीमा बसेको देखिँदैन । विनाश भैसकेपछि मात्र सरकारले पनि आफ्नो प्रयास प्रारम्भ गर्दै आएको छ । यो हाम्रो संरचनागत कमजोरी हो । गत वर्षजस्तै यस वर्ष पनि त्यही घटना दोहोरिनु राम्रो संकेत होइन, यसमा अविलम्ब सुधार ल्याउनुपर्छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरू पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### थेगो र हास्य टेलिश्रृंखलाहरू

केही वर्षअघिसम्म द्वन्द्वका कारण खुलेर हाँस्न र मनोरञ्जन गर्न नपाएका नेपाली जनताले शान्ति स्थापना भएपछि विभिन्न सञ्चारमाध्यमबाट पर्याप्त मनोरञ्जन लिन थालेका छन् । सहरिया जीवन एवं आधुनिक साधनहरूको स्वाद चाख्न नपाएका ग्रामीण भेगका जनतामा सबैभन्दा महत्त्वपूर्ण र उपयोगी साधन बनेको छ टेलिभिजन । टेलिभिजनमा प्रसारण हुने सामग्रीहरूमध्ये हास्य टेलिश्रृंखलाले महत्त्वपूर्ण स्थान ओगट्न सफलता पाएका छन् । यस्ता टेलिश्रृंखलालाई अझ लोकप्रिय र सफल बनाउन विभिन्न राजनैतिक व्यंग्य एवं थेगोहरूले अझ महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यस्ता विभिन्न थेगोको प्रयोगले कार्यक्रमलाई रोचक बनाउँदै दर्शकलाई मनोरञ्जन दिने त छँदैछ, तर त्यसले बालबालिकाहरूमा नकारात्मक असर पनि पारिरहेको पाइन्छ ।

प्वाक्क मुखमा हान्नुजस्तो, ए... राता मकै, बेइमान, नियम कडा छ, उचालेर पछार्नु जस्तो, या..या.. थुइक्क, कुखुरी काँ, लास्टामा त्यै, आफ्नै बारीको, अहिले मार्दिन्छु नि ! इत्यादि थेगो आजभोलि हास्य टेलिश्रृंखलामा मनोरञ्जनको माध्यम बनेका छन् । केटाकेटी, युवाहरूदेखि लिएर सबै दर्शकले एकै पटकमा टपक्क टिप्न सक्ने यस्ता शब्द सबैभन्दा बढी कलिलो दिमागका बालबालिकाहरूको मस्तिष्कमा जरो गाडेर बस्छ । हाम्रा छोराछोरीहरू हिजोआज यस्ता थेगो जुनसुकै बेला पनि प्वाक्क भन्न सक्ने भएका छन् ।

मौलिक एवं राम्रा थेगोले समाज र वातावरणमा खासै असर नपारे पनि केही त्यस्ता शब्द पनि छन्, जसले बालबालिकामा नकारात्मक असर पारेर वातावरण नै धमिल्याउँछन् । इलामको नेपालटारका दुई जना बालक एक-आपसमा या...या... थुइक्क भन्दै मुखामुख गर्दै अनुहारमा थुकाथुक गर्दै थिए । त्यो दृश्य देख्दा लाग्थ्यो त्यहाँ थुक्ने प्रतियोगिता नै चल्दैछ । धनकुटाकै देब्रेवासकी एक जना बालिकाले या...या... थुइक्क गर्दै आफ्नै भाइको मुखमा थुकिदिँदा उनका वकिल बाबु झोक्किँदै गालामा एक थप्पड हान्दै भन्न थाले- 'राम्रो कुराचाहिँ सिक्नु छैन, खालि नचाहिँदो काम गर्ने, कसले सिकायो त्यस्तो गर्न ?' मलाई लाग्यो वकिल सा'पले नेपाल टेलिभिजनमा प्रसारण हुने हास्य टेलिश्रृंखला '५२ घुस्सा ५३ ठक्कर' हेरेकै रहेनछन् । पछिल्लो समयमा चर्चा र जताततै सुन्न पाइने थेगो हो- आफ्नै बारीको । बस स्टेसनमा, सवारी साधनका कर्मचारी, होटलवाला, विभिन्न सागसब्जी व्यापारी, केटाकेटी आदिको मुखमा यो थेगो चलनचल्तीको भैसकेको छ । यस्ता थेगोको नक्कल गर्न चाहनेहरूले सही थेगो सही ठाउँमा प्रयोग गर्नुपर्छ, नत्र दुःख हुन्छ । यस्ता शब्दहरूले बालबालिकामा पार्ने नकारात्मक असर बुझेर मात्र त्यसको प्रयोग गर्नु सिरियलका लेखक, निर्माता तथा निर्देशकहरूको दायित्व हो ।

**-चन्द्रमणि बराल, धनकुटा**
**(पुरस्कृत पत्र)**

### फेरि अर्को भुमरीमा

लामो द्वन्द्वपछि मुक्तिका नाममा उठाइएका हतियार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रयोग भैरहेका छन् । लामो समय उठाइएका हतियार एउटा बाकसमा थन्काइएपछि पनि हिजो प्रतिकार समितिका नाममा उठाइएका वा सरकारले नै विगतमा वितरण गरेका हतियार बाहिरै छन् । साम्प्रदायिकता भड्काउने तत्त्वको सक्रियतासँगै राजतन्त्र बचाउने षड्यन्त्रको जाल पनि बुनिँदैछ ।

अन्तरिम सरकारका समस्या अझ जटिल छन् । अबुझ जनताका लागि संविधानसभा कुन चराको नाम हो थाहा छैन भने राजनीति गर्ने पार्टीकै कतिपय कार्यकर्ताहरूलाई थाहा छैन संविधानसभा के हो ? यो स्थितिमा संविधानसभाको सफल निर्वाचन होला ? गम्भीर प्रश्न खडा भएको छ । के गलत निर्णय गरे संविधानसभाकै कारण जनता फेरि अर्को भूमरीमा त फस्दैनन् ?

**-विदुर ढकाल, रुद्रपुर-४ रुपन्देही**

### प्रहरी प्रशासनको मिलेमतो

नेपालमा १० वर्ष द्वन्द्वमा होमिएर आगोको भुंग्रोमा परेका बखत संकटकालीन समयमा धेरै आपराधिक घटना कम भएका थिए । चोरी, डकैती, गुण्डागर्दी, लुटपाटका घटनाहरू त्यति हुने गरेका थिएनन् । एक-आपसमा मुखामुख गर्न सक्ने हिम्मत पनि थिएन तर आज जनआन्दोलन भाग-२ को सफलतापश्चात् पूर्ण लोकतन्त्रको प्राप्ति जसरी भयो त्यसरी नै ठाउँ-ठाउँमा आपराधिक घटनाहरू दोहोरिन थालेका छन् ।

पोखरामा यस्ता घटनाहरू दिनदाहाडै घटिररहन्छन् । सामान्य झैझगडा मिलाउने क्रममा युवाहरूले आफ्नो ज्यान गुमाउनुपर्छ । यस्ता घटना सामान्य भैरहेका छन् । यसका पछाडि घूसपैठिया प्रवृत्ति जिम्मेवार छ । अपराधीहरू उम्कनाले तथा अर्को घटना घटाउने वातावरणलाई बल पुगेको छ । आपराधिक समूहहरू हातमा नांगा हतियारहरू नचाउँदै हिंड्दा पनि अवाक बनेको प्रहरी प्रशासनमाथि औंला ठड्याउनु स्वाभाविक हुन्छ । आपराधिक समूहको योजना प्रहरी र प्रशासनमा पूर्व जानकारी हुँदाहुँदै पनि सुरक्षा उपाय नअपनाउनुमा कसको दोष हो ? आपराधिक समूहलाई हदैसम्मको सजाय नगरे फेरि पनि यस्तै घटना घटिरहनेछन् ।

**राजेशकिरण थापा, पोखरा**

## तीतो सत्य

- माया पवित्र एवं निश्चल हुन्छ जसले प्राण दिन्छ तर प्राण लिँदैन ।

- आफूले माया गरेको मानिस आफूभन्दा अरूसँग खुसी रहन्छ भने उसलाई खुसी देख्नु नै मायाको सार्थकता हो ।

**पदम मगर, सर्लाही**

- अस्पष्ट सोचाइ भएको मानिसले कहिल्यै सही नीति बनाउन सक्दैन ।

- आत्मविश्वास नभएको मानिस सधैं भगवान्को भरोसामा बाँच्छ ।

- सकारात्मक र सुखी हुँदा जिन्दगी सरल लाग्छ भने दुःखी अनि नकारात्मक बन्यो भने जिन्दगी जटिल बन्छ ।

**पद्मा सिटौला, इटहरी-९, मोरङ**

- कुनै प्राणीको बलि चढाएर गरिने पूजाबाट धर्म मिल्दैन ।

- असभ्य समाजमा सत्य बोल्नेहरू पागलसरह हुन्छन् ।

- वास्तवमा विद्वान्हरू पागल हुँदैनन् उनीहरू त केवल पागलको अभिनय गरेर मूर्खहरूलाई झक्झक्याउँछन् ।

- कुनै गल्तीमा होच्याएर गाली गरेको भन्दा पिटेको कुरा छिटो बिर्सिन्छ ।

- कसैले चाहिनेभन्दा बढी प्रशंसा गर्छ भने बुझ्नुपर्छ– ऊ आफ्नो शत्रु हो ।

**सुविन श्रेष्ठ, हेम्जा-३, पोखरा**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

***–सम्पादक***

## मुखाले

सांसदलाई राज्यको भत्ता ख्वाएर निर्वाचनमा जान दिनुहुँदैन ।

**उपेन्द्र यादव**
**अध्यक्ष, मधेसी जनअधिकार फोरम**

अब माओवादी सत्ताबाट बाहिरिँदैन, बरु बहुमत ल्याएर सधैं शासन गर्छ ।

**प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)**

तराईका सशस्त्र समूहसँग नेपाल सद्भावना पार्टीको साझा मोर्चा बन्दैछ ।

**राजेन्द्र महतो, आपूर्ति मन्त्री तथा नेता, नेपाल सद्भावना पार्टी**

आठ दल अहिले आठतिर फर्केर चलेका छन् ।

**अमिक शेरचन, अध्यक्ष, जनमोर्चा नेपाल**

आयोगलाई मात्र चुनाव लागेर हुँदैन, सरकार र दललाई पनि लाग्नुपर्छ ।

**भोजराज पोखरेल, प्रमुख निर्वाचन आयुक्त**

साउनभित्रै तराईको मुद्दा छिनोफानो हुन्छ ।

**रामचन्द्र पौडेल**
**शान्ति तथा पुनर्निर्माण मन्त्री**

मलाई गिरिजाप्रसाद कोइराला मनपर्छ, तर म उनको अन्ध समर्थक होइन ।

**नारायणमान बिजुक्छे**
**अध्यक्ष, नेपाल मजदुर किसान पार्टी**

हामीले संसद् विघटनको माग गरेका छैनौं ।

**किशोर विश्वास, उपाध्यक्ष, मधेसी जनाधिकार फोरम**

हाम्रो माग पूरा नभए संविधानसभा हुन दिँदैनौं ।

**कपिल कार्की, माओवादीपीडित संघ**

नेपाली महिलाले डिस्को जानु हुँदैन भन्ने प्रचार गलत छ । मनोरञ्जन पुरुषलाई मात्र होइन, महिलालाई पनि चाहिन्छ ।

**पायल थापा, डिजे**

## नीति-नियम

गुणवती सुशीला स्त्री, सुन्दर गुणवान् सन्तान, उत्तम विद्या, उत्तम धन, राम्रो हितैषी साथी, राम्रो नोकर, स्वस्थ शरीर, सुन्दर घरजस्ता गुण गृहस्थीका लागि सधै सुखदायक हुन्छन् । यसको ठीक विपरीत हुनाले सबै दुःखदायी हुन्छन् ।

जो दुर्गुण पनि गुण भएको वयान गर्छ ऊ सबैको प्रिय बन्न सक्छ, अनि जो गुणको बढाइचढाइ गरेर बढी प्रशंसा गर्छ त्यो त झन् किन कसैको मित्र नबन्नु ? अवश्य पनि ऊ अरूको साथी हुन सक्छ ।

जो दुर्गुणका सम्बन्धमा सत्य बताउँछ प्रिय भएर पनि सुन्ने मानिसका लागि अप्रिय हुन जान्छ । त्यस्तै जो गुणहरूलाई दुर्गुण बताउँछ ऊ के प्रिय बन्न सक्ला र ? पक्कै प्रिय हुन सक्दैन ।

आपत्ति आउनासाथ एउटा असल मानिसले आफ्नो विपत्ति कसैलाई भनिहाल्नुहुँदैन । आफ्नो असजिलो हेर्नका लागि अन्धो, असजिलो सुन्नका लागि बहिरो, असजिलो काम गर्न दौडधुप गर्ने लंगडो जस्तो बन्नुपर्छ अर्थात् विपत्ति आउने खालका काम-व्यवहार नै गर्नुहुँदैन ।

-शुक्रनीति

अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा

### लिटिल लेडी होइन, कन्फिडेन्स लेडी

झट्ट हर्दा आमाकै काखमा लडिबुडी गर्ने उमेर छ, तर कन्फिडेन्सको कुरै नगरौं । आँखा नझिम्क्याई आँखामा आँखा जुधाएर उनी भन्छिन्, 'अबको संसार हामीले हाँक्नुपर्छ । हामीले नै देश बनाउने हो ।' हुन पनि ११ वर्षीया अपेक्षा खनालले लिटिल लेडीको उपाधि त्यसै जितेकी होइनन्, यही कन्फिडेन्स तथा बुद्धिमतापूर्ण विचारबाट निर्णायकहरूलाई छक्क पार्दै उनले यो उपाधि हात पारेकी हुन् । शुभतारा स्कुलमा कक्षा ६ मा पढ्ने अपेक्षालाई सोधिएको थियो, 'मानिसका कतिवटा दाँत हुन्छन् र तीमध्ये कतिवटा दाँतले खाना चपाउन मद्दत गर्छन् । मानिसका दाँत उनीजस्तो तीक्ष्ण बुद्धि भएकालाई थाहा नहुने कुरै छैन, तर कतिवटा दाँतले खाना चपाउन मद्दत गर्छ भन्ने प्रश्नमा धेरै अलमलिन्छन् । उनले सहजै भनिन्, 'सबै दाँतले खाना चपाउन मद्दत गर्छ ।' त्यति मात्र होइन, तिमीभित्र जसले तिमीलाई कुन क्वालिटी हुनुपर्छ, आमाबुबाको असल छोरी सावित गरोस् भन्ने अन्तिम प्रश्नमा पनि अपेक्षाले आफूले जानेजति सबै शब्द प्रयोग गर्दै भनिन्, 'इमान्दार, मेहनती, सहयोगी, दयालु एवं बौद्धिक क्षमताले भरिपूर्ण ।'पहिलोपल्ट सार्वजनिक कार्यक्रममा भाग लिएकी अपेक्षा अध्ययनलाई नै आफ्नो जीवनको लक्ष्य मान्छिन् । 'यति पढ्ने इच्छा छ, जुन नेपालमा कसैले पढेको नहोस् ।' उनी बालसुलभ शैलीमा भन्छिन्, 'मिस नेपालमा भाग लिए पनि मेरो उद्देश्य नेपालमा सबैभन्दा बढी पढ्नु हो ।'



## साइबर गर्ल मञ्जु लामा

नेपाली साइट डटकममा फिचरिङ भएकी मञ्जु लामाको उचाइ ५ फिट ६ इन्च छ । २२ वर्षीया मञ्जुको आँखाको रङ कालो छ । स्नातक तह उत्तीर्ण मञ्जु घुम्न मन पराउँछिन् । त्यसैले फुर्सद भयो भने उनी आफन्त तथा साथीहरूसँग नयाँ-नयाँ स्थान घुम्न जान्छिन् । फेसन-मोडलिङमा क्यारियर खोजिरहेकी मञ्जुको शारीरिक बनावट आकर्षक छ । सुन्दरताको परिभाषा के हो ? मञ्जु भन्छिन्- 'सुन्दरता भनेको भित्री आत्मविश्वास हो, मानिस आवरणले मात्र होइन भित्री रूपले पनि सुन्दर हुनु आवश्यक छ ।' मिस नेपाल, २००५ मा सहभागिता जनाएकी मञ्जु अतिरिक्त क्रियाकलापमा पनि त्यत्तिकै प्रतिभाशाली छिन् । नेपाली मोडलिङको प्रभाव बढ्दै गएकाले उनले यो क्षेत्रमा बलियो भविष्य देखेकी हुन् । मञ्जु मोडलिङका सबै विधामा आफ्नो निपुणता देखाउन चाहन्छिन् । मञ्जुलाई मन पर्ने गायक राजु लामा र कर्ण दास हुन् भने फेसन मोडलमा अर्जुन रामपाल र करिना कपुर । नदीकिनारमा बसेर थकान मेटाउन चाहने मञ्जुमा लन्डन र स्वीजरल्यान्ड घुम्ने धोको छ । व्यक्तित्व झल्कने र सत्य बोल्ने पुरुष उनको नजरमा पर्ने गरेका छन् । अपाङ्गलाई सहयोग गर्नुपर्छ भन्ने भावना राख्ने मञ्जु जुनसुकै क्षेत्रमा सक्रिय रहे पनि सफल मानिस बन्ने धोको सबैमा हुनुपर्ने धारणा राख्छिन् ।



## कान्तिपुर समाचार डायरी

### बाढीबाट मारिनेको संख्या झन्डै सय

केही दिनयता मुलुकका विभिन्न भागमा भैरहेको वर्षाका कारण करिब दुई लाख व्यक्ति प्रभावित भएका छन्। नेपाल रेडक्रस सोसाइटीका अनुसार बाढी-पहिरोबाट प्रभावित व्यक्तिको संख्या १ लाख ९८ हजार १ सय ८७ छ। त्यसैगरी बाढी-पहिरोबाट विस्थापित हुनेहरूको संख्या २ हजार ९ सय १७ पुगेको छ। यसबीचमा ४ हजार १ सय १३ घर पूरै तथा ९ हजार ७ सय ६९ घर आंशिक रूपमा भत्किएका छन्। त्यसैगरी मृत्यु हुनेहरूको संख्या ९७ पुगेको छ।

### गर्भपतन गराउनेहरूको सङ्ख्या बढ्यो

नेपालमा एक वर्षमा ९ लाख २० हजार ६ सय ४८ महिला गर्भवती हुने गरेका छन्। त्यसमध्ये करिब १ लाखले गर्भपतन गरेको पाइएको छ। गर्भपतन गर्नेहरूमध्ये आधाभन्दा बढीले अवैधानिक रूपमा गर्भपतन गर्ने अनुसन्धानमा देखिएको छ। गर्भपतनसम्बन्धी कानुनमा उल्लेख भएअनुसार १२ हप्तासम्मको गर्भ महिलाले स्वेच्छाले, १८ हप्तासम्मको हाडनाता करणीको गर्भ तथा गर्भवती महिलाको अवस्था खतरनाक भएमा दुई वा दुईभन्दा बढी चिकित्सकको सल्लाहमा गर्भपतन गराउन सक्ने कुरा उल्लेख छ। त्यसैगरी गर्भपतन गराउँदा सरकारले तोकेको स्थानमा सूचीकृत डाक्टरले मात्र गर्न पाउने व्यवस्था छ, तर गर्भपतन गर्नेहरूमध्ये आधाजसोले यी नियम पालना नगरेको पाइएको छ। नेपाल परिवार नियोजन संघले गरेको अध्ययनमा यस्तो तथ्य बाहिर आएको हो। अध्ययनअनुसार समाजमा गर्भपतन गर्नुलाई पाप वा सामाजिक संरचनाबाहिर मान्ने चलनले लुकीचोरी गर्भपतनको सङ्ख्या बढेको हो।

### सुदूर पश्चिममा एचआईभी संक्रमित बढे

नेपालका मध्य तथा सुदूरपश्चिम क्षेत्रमा एचआईभीबाट ५५ व्यक्तिले ज्यान गुमाएका छन्। एचआई-एड्सका क्षेत्रमा काम गर्ने नेपालगन्जको एकसार्क नामक गैरसरकारी संस्थाका अनुसार यसरी मृत्यु हुनेमा कैलाली तथा बाँके जिल्लाका बासिन्दा बढी छन्। अध्ययनअनुसार भारतमा कमाएर फर्कनेहरूमा एचआईभी देखिने गरेको छ। पश्चिम नेपालमा प्रत्येक महिना २५ देखि ३० व्यक्तिमा एचआईभी देखिने गरेको छ।

## हाम्रो नेपालमा

### रेडियो सुनेबापत तीन रुपैयाँ शुल्क

भन्नेहरूले त भन्लान् अहिले मोबाइल, टेलिभिजन, डिभिडी जताततै छ्यास्छ्यास्ती छन्। चिनियाँ सामग्रीले यी निकै सस्ता पनि भएका छन्, तर यी सामग्री घरमा भएर मात्र हुँदैन, यस्ता सामग्री प्रयोग गरेबापत शुल्क तिर्नुपर्ने अवस्था आएको छ। जस्तो रेडियो सुन्न चाहनु हुन्छ भने त्यसको तीन रुपैयाँ तिर्नुपर्छ भने टेलिभिजन, क्यासेट आदि प्रयोग गर्दा थप शुल्क लाग्छ। टेलिभिजन प्रयोग गरेको २७ रुपैयाँ प्रतिमहिना पर्छ भने क्यासेट चलाएको १२ रुपैयाँ। विद्युत् बचत गर्न नुवाकोटको समुन्द्रटारका बासिन्दाले यस्तो नियम बनाएका हुन्। नेपाल विद्युत् प्राधिकरणको बिजुली नपुगेका कारण गाउँले आफैले पानीघट्ट घुमाएर निकालिएको बिजुली सबैलाई पुगोस् भन्ने हेतुले यस्तो नियम बनाइएको हो। यही नियमकै कारण पनि समुन्द्रटारमा भएका ८२ घरलाई सजिलै विद्युत् पुऱ्याउन सकिएको हो।

### सिनो नखानेलाई मार्ने धम्की

धादिङ जिल्लाको कल्लेरीको एक दलित परिवारलाई आफ्नो संस्कृति तोडेकोमा मार्ने धम्की दिइएको छ। दलित परिवारले सिनो खाने त्यहाँको पुरानो चलन हो, तर सिनो खानुहुँदैन भन्ने ज्ञान पसेपछि त्यो खाने आँट कसरी गर्न सकिन्छ ? यही विषयमा स्थानीय बमबहादुर सार्कीको नेतृत्वमा आएको दलितको टोलीले सुशे गैरेलाई ज्यान मार्ने धम्की दिएका हुन्। स्थानीय मानवअधिकारवादीहरूका अनुसार धादिङ जिल्लाका दलित गाउँहरूमा पालेपालो मरेका घरपालुवा जनावरहरूको सिनो खाने चलन छ। पालो आएपछि पनि सिनो नखाएपछि दलित गाउँलेहरूले दलितलाई नै मार्ने धम्की दिएको बताइन्छ। बमबहादुर सार्की सुशेले सिनो खान नमानेपछि आफ्नो संस्कृति बिथोलिने डरले सामान्य धम्की दिएको बताउँछन्।

### अंग्रेजी सिक्दै हजुरबा

उमेरले उनी ७१ पुगे। जुन दिन उनले ७० वर्ष पार गरे, त्यसैदिन आफू अंग्रेजी नपढी बूढो भएकोमा चिन्ता गर्दै अंग्रेजी पढाउने इन्स्टिच्युट पुगे। बुटवलका तेजबहादुर आफूभन्दा ४० वर्ष कान्छा गुरुसँग अंग्रेजी सिक्दैछन्। यसमा उनको प्रगति पनि राम्रै छ। उनी नेपाली बोल्दा अंग्रेजी मिसाएर बोल्न थालेका छन्। अंग्रेजीका वर्णाक्षरहरू कण्ठस्थ बनाएका छन्। बोर्डिङ स्कूलमा पढ्ने आफ्ना नाति-नातिनीहरूले अंग्रेजी नजानेकै कारण संगत गर्न छाडेको अनुभव गरेपछि तेजबहादुरले अंग्रेजी सिक्न इन्स्टिच्युट भर्ना भएका हुन्। 'बूढो मान्छेले केटाकेटीको संगत गर्नुपर्छ, तर अंग्रेजी नजानेकै कारण उनीहरूको संगत कम भएपछि अंग्रेजी सिक्न थालेको हुँ।' तेजबहादुर भन्छन्, 'म अंग्रेजी फरर जान्ने भएपछि नाति-नातिनीहरूसँग संगत गर्न लायक हुन्छु।'

## मेरो विचार

### पर्यवेक्षण आवश्यक

संविधानसभाले जनतामा सार्वभौमसत्ता हस्तान्तरण गरी सामाजिक, आर्थिक, राजनैतिक एवं राज्यको अग्रगामी पुनः संरचनाको अन्तिम टुंगो लगाउँछ।

केही विदेशी शक्ति, प्रतिगामी तत्त्व तथा धार्मिक अतिवादीहरू जो धर्मको आडमा षडयन्त्र गर्दै राजतन्त्र ब्यूँताउने प्रयास गरिरहेका छन् एवं सम्भावित हिंसा नै यसको बाधा-अड्चन हो। यसलाई हटाउन भ्रष्ट तत्त्वलाई शिर उठाउन नदिने र कडा सुरक्षा व्यवस्था मिलाउनुपर्छ। त्यसका साथै दलित, पिछडिएका जनजाति एवं मधेसी जनताको माग पूरा गर्नुपर्छ। दलहरूको मतभेद अन्त्य गरी विभिन्न जात, क्षेत्र तथा सम्प्रदायमा संविधानसभाको महत्त्वका बारेमा जनचेतना जगाउनु अत्यन्त जरुरी छ। धाँधलीरहित निर्वाचन गराउन विदेशी मानव अधिकारवादीहरूलाई साक्षी राखे अवश्य सफल हुन सकिन्छ।

सरकारले हिमालदेखि तराईसम्मका संवैधानिक निकायहरूको कामलाई पूर्णता दिनुपर्छ। षडयन्त्रकारी चलखेल हुन नदिन प्रभावकारी बाटो अपनाउनुपर्छ। संविधानसभाको निर्वाचनले नेपाली जनतालाई आफ्नो भाग्य आफैं निर्माण गर्ने अवसर दिन्छ। यसलाई साथ दिनु सरकार तथा नागरिक समाजको कर्तव्य हो।

**राजन थपलिया, गोंगबु**

### मिश्रित प्रणाली नै उत्तम

संविधानसभा देशको मूल कानुन संविधान बनाउन जनताबाट निर्वाचित प्रतिनिधिहरूको सभा हो। संविधानसभाको विशिष्टता भनेको सफलता-असफलतामा समग्र मुलुकको भविष्य निर्भर रहन्छ। संविधानसभा सफल भएका मुलुक विकास अनि असफल भएका मुलुक विनाश र विखण्डनतर्फ गएका छन्। संविधानसभाको बाटो प्रशस्त सम्भावना तथा अवसरका साथै चुनौती एवं कठिनाइहरूले भरिएको छ। खासगरी आठ दलबीचको समझदारी, सहकार्य र उनीहरूप्रति नागरिकको विश्वासमा नै संविधानसभाको सफलता भरपर्छ। उनीहरूको आपसी झगडा एवं असमझदारीले नै प्रतिगामीहरूलाई खेल्ने प्लेटफर्म दिन्छ।

अझै पनि निर्धक्क मतदान गर्न सक्ने वातावरण बन्न सकेको छैन। मधेसको सशस्त्र विद्रोह, कमजोर शान्ति सुरक्षा, माओवादीको गैरजिम्मेबार क्रियाकलाप तथा जनजाति आन्दोलनका कारण मुलुकमा निर्वाचनको अपेक्षित वातावरण बन्न सकिरहेको छैन। त्यस्तै अधिकांश जनताले ५-५ वर्षमा हुने आमचुनाव र संविधानसभाको चुनाव एउटै हो भन्ने भ्रम पनि पालेका छन्। उनीहरूले अन्य निर्वाचन तथा संविधानसभाको निर्वाचनबीचको तात्त्विक भिन्नता पनि बुझेका छैनन्।

सफल संविधानसभा निर्वाचनका लागि जनतालाई संविधानसभाले नै उनीहरूका साथै देशको सर्वाङ्गीण विकासको मार्ग प्रशस्त गर्छ भन्ने कुरा बुझाउन सक्नुपर्छ। त्यस्तै सरकारको शान्ति सुरक्षा चुस्त हुनुपर्छ भने माओवादीले अराजक क्रियाकलाप बन्द गर्नुपर्छ। मधेसी एवं जनजातिका जायज मागलाई सम्बोधन गर्नुपर्छ। अझ गम्भीर प्रकृतिको मधेसी समस्या समाधानका लागि सबै सरोकारवालाहरूको गोलमेच सम्मेलन बोलाइनुपर्छ।

आन्दोलनका नाममा हुने आपराधिक क्रियाकलापमाथि कडा कानुनी कारबाही गर्नुपर्छ। संविधानसभा विभिन्न जातजाति, भाषाभाषी, लिङ्ग, धर्म, समुदाय, युवा, मधेसी, आदिवासीको सहभागिता सुनिश्चित हुनुपर्छ। समानुपातिक निर्वाचन प्रणाली र बहुमत निर्वाचन प्रणाली, दुवैका सकारात्मक पक्षको समिश्रण हुने भएकाले तथा खासगरी नेपालको आफ्नै विशिष्ट परिस्थितिका कारण मिश्रित निर्वाचन प्रणाली नै उपयुक्त हुन्छ।

**-दिनेश त्रिपाठी, सीतापाइला, काठमाडौं**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा-अड्चनहरू के-के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के-के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। उत्कृष्ट प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

## संविधान सभा जिज्ञासा



पूर्णमान शाक्य
संवैधानिक कानुन विशेषज्ञ

**प्रश्न : नेपालको सन्दर्भमा संविधानसभाका बाधा-अड्चनहरू के-के हुन् ? ती बाधा-अड्चनहरू हटाउन के गर्नुपर्ला ?**

**-प्रकाश, खोटाङ**

उत्तर : संविधानसभाको मुख्य बाधा भनेकै राजसंस्थाको भविष्य हो। त्यसबाहेक जनजाति, मधेसी तथा दलितहरूको प्रतिनिधित्वको प्रश्नले पनि संविधानसभाका लागि केही बाधा सिर्जना गरेको छ। यी विषयहरूमा सहमति कायम हुन सक्यो भने संविधानसभाका लागि कुनै ठोस बाधा-अड्चन रहनेछैनन्।

**प्रश्न : संविधानसभाको निर्वाचनलाई सफलताका साथ अवतरण गराउन मुख्य भूमिका निर्वाह गर्ने तत्त्व कुन-कुन हुन् ?**

**-अवधेशकुमार साह, राजविराज**

**उत्तर** : संविधानसभाको निर्वाचनलाई सफलताका साथ अवतरण गराउन मुख्य भूमिका निर्वाह गर्ने तत्त्व भनेकै माओवादीहरूको राजनैतिक महत्त्वाकांक्षा, विभिन्न राजनैतिक दलको जनतामाथिको पकड, नेपाली कांग्रेसको राजनैतिक नेतृत्व, दरबारको सत्तामोह र सेनाको भूमिका हो। यी कुराले आफ्ना स्वार्थलाई भन्दा मुलुक र जनताको स्वार्थलाई उच्च सम्मान दिए भने संविधानसभाले सफलताका साथ अवतरण गर्नेछ।

# आकर्षण बढ्यो होटल म्यानेजमेन्टमा



विश्वमा आधुनिक होटल व्यवसायको प्रादुर्भाव सोह्रौं शताब्दीदेखि नै भए पनि नेपालमा वि.सं २०१२ मा रोयल होटलको स्थापनापश्चात् यसले व्यवसायको रूप धारण गरेको हो। अहिले नेपालमा पनि होटल उद्योगको विकास तीव्र गतिले भैरहेको छ। होटल उद्योगको विकाससँगै अहिले रोजगारीका प्रचुर अवसर पनि सिर्जना हुँदैछन्। अतिथिसत्कारको यो शिक्षामा पर्याप्त अवसर भएकाले नै विद्यार्थीको आकर्षण बढेको हो। त्यतिमात्र होइन स्वदेशमा मात्र नभई विश्वव्यापी रूपमै यो विषय अध्ययन गरेका जनशक्ति सजिलै खपत हुन्छन्। नेपालमै पनि होटल उद्योगका लागि आवश्यक जनशक्तिको उत्पादन पर्याप्त रूपमा हुन सकेको छैन। अहिले उत्पादन भएको जनशक्ति पनि राम्रो पारिश्रमिकको लोभमा विदेशिने गरेका छन्। विदेशमा गएर यो विषयमा उच्च शिक्षा हासिल गर्न महंगो शुल्क लाग्ने भएकाले स्वदेशमा त्यही स्तरका कलेजहरू स्थापना हुनु सुखद भएको विज्ञहरू बताउँछन्।

होटल म्यानेजमेन्ट एउटा यस्तो विषय हो जसको अध्ययनपश्चात् विद्यार्थीले विश्वका कुनै पनि मुलुक गएर आफ्नो क्यारियर विकास गर्न सक्छन्। पछिल्ला वर्षहरूमा प्रवेशिकामा राम्रो अंक ल्याएर उत्तीर्ण हुने विद्यार्थीहरूले क्यारियर विकासका निम्ति होटल म्यानेजमेन्टलाई पनि रोज्न थालेका छन् जबकि केही समयअघिसम्म राम्रा विद्यार्थीको रोजाइ चिकित्सक, इन्जिनियर अथवा पाइलट हुन्थ्यो। यसै वर्ष ७१ प्रतिशत अंक ल्याएर प्रवेशिका उत्तीर्ण प्रतीक हुमागाईंले होटल म्यानेजमेन्टमा उच्च शिक्षा हासिल गर्ने योजनाअनुरूप व्यवस्थापन संकायमा जाने निर्णय गरेको साप्ताहिकलाई बताए। हुमागाईंका अनुसार यो क्षेत्रका जनशक्तिको नेपालमै पनि खाँचो छ।

नेपालमा जुन अनुपातमा होटल तथा रिसोर्टहरू खुलिरहेका छन् त्यही अनुपातमा काम गर्ने दक्ष तथा प्रशिक्षित जनशक्ति नभएको होटल व्यवसायीहरूले बताउँदै आएका छन्। होटल म्यानेजमेन्टको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न सरकारी क्षेत्रमा एउटा मात्र होटल म्यानेजमेन्ट कलेज भए पनि स्वदेशी तथा विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिएर सञ्चालित कलेजहरूको संख्या करिब आधा दर्जन छ। पोखरा र विराटनगरमा होटल म्यानेजमेन्ट अध्यापन गराउने एक-एकवटा कलेज छन्।

काठमाडौं रविभवनमा नेपाल सरकारको स्वामित्वमा सञ्चालित एक मात्र होटल व्यवस्थापनसम्बन्धी कलेज नेपाल एकेडेमी अफ टुरिज्म एन्ड होटल म्यानेजमेन्ट (नाथम) मा अध्ययन गर्न प्रवीणता तह वा प्लस टु द्वितीय श्रेणीमा उत्तीर्ण भएर सी-म्याट पास गरी अन्तर्वार्ता पनि दिनुपर्छ। उच्च भौतिक संरचना भएको यो कलेजले व्यावहारिक एवं गुणस्तरीय शिक्षा प्रदान गर्ने नीति लिएको छ। कुल ८० जना छात्रछात्रालाई भर्ना लिइने उक्त कलेजमा अध्यापनका लागि जुन संकायबाट पनि प्रवेश गर्न सकिने कार्यकारी निर्देशक शंकरप्रसाद खरेल बताउँछन्। हालसम्म १ सय ३२ जनशक्ति उत्पादन गरिसकेको उक्त कलेजमा अध्ययनका लागि कुल २ लाख ६३ हजार खर्च लाग्छ। कलेजले अष्ट्रेलियाको इन्टरनेसनल स्कुल अफ म्यानेजमेन्टसँगको सहकार्यमा तीन वर्षे स्नातक तहपछि क्रेडिट ट्रान्सफर तथा इन्टर्नसिप अन्तर्गत विद्यार्थीलाई अष्ट्रेलिया जाने अवसर जुटाइदिएको छ। प्रयोगात्मक कक्षा सञ्चालनका निम्ति कलेजले उच्च स्तरको होटल तथा किचन प्रयोगशाला निर्माण गरेको छ। सुवास कार्कीका अनुसार नाथमले शैक्षिक गुणस्तरीयताका लागि कुनै पक्षमा सम्झौता गरेको छैन।

डिल्लीबजार चारखालस्थित 'इन्टरनेसनल स्कुल अफ टुरिज्म एन्ड होटज म्यानेजमेन्ट' (आई.टी.सी.) होटल म्यानेजमेन्टअन्तर्गत इन्टरमिडियट डिप्लोमा सञ्चालन गर्ने नेपालकै पहिलो कलेज हो। यो प्रवीणता प्रमाणपत्र तह बराबरको शैक्षिक कार्यक्रम हो। कलेजका अनुसार एसएलसी लगत्तै ओभरसियर अध्ययन गरेजस्तै होटल म्यानेजमेन्ट विषयमै बलियो 'बेस' बनाउन यो पाठ्यक्रम अध्ययन गर्नु राम्रो हुन्छ। कलेजका निर्देशक तथा होटल व्यवसायी संघ (हान) का निवर्तमान अध्यक्ष नरेन्द्र बज्राचार्यका अनुसार प्लस टुमा होटल म्यानेजमेन्टलाई एउटा विषयका रूपमा मात्र समावेश गरिनुभन्दा इन्टरमिडियट डिप्लोमाका रूपमा लान सके यसले हायर डिप्लोमालाई बलियो आधार प्रदान गर्ने छ साथै इन्टरमिडियट डिप्लोमापछि हायर डिप्लोमा गर्न बाध्यात्मक स्थिति सिर्जना नभई सीधै नेतृत्व तहसम्मको कार्यक्षेत्रमा लान सकिन्छ। दुई वर्षको इन्टरमिडियट डिप्लोमा अध्ययनका क्रममा ५ सामान्य विषय तथा ४ होटल म्यानेजमेन्टसँग सम्बन्धित विषय अध्यापन गराइन्छ। युरोपको साजबर्ग युनिभर्सिटी अफ एप्लाइड साइन्सेजको सम्बन्धन लिएको यो कलेजले प्लस टु तथा प्रमाणपत्र तह उत्तीर्ण विद्यार्थीका लागि 'हायर डिप्लोमा' कोर्स पनि सञ्चालन गर्दै आएको छ। स्वीस स्कुल अफ टुरिज्म एन्ड हस्पिटालिटी, इन्स्टिच्युट अफ टुरिज्म एन्ड होटल म्यानेजमेन्ट जस्ता संस्थानबाट सम्बन्धन र प्राविधिक सहयोग प्राप्त यो कलेजले औद्योगिक तालिम एवं विभिन्न प्रयोगात्मक कक्षाहरूका लागि विद्यार्थीलाई वैदेशिक अवसर पनि प्रदान गर्दै आएको छ। तीन वर्षे हायर डिप्लोमापछि एक वर्षको अनर्स ब्याचलर कोर्सको व्यवस्था गरिएको छ। विद्यार्थीले हस्पिटालिटी म्यानेजमेन्ट तथा कुलिनरी आर्ट म्यानेजमेन्ट शीर्षकमा विशिष्ट श्रेणीको अनर्स कोर्स हासिल गर्न सक्छन्। कलेजले सम्बन्धनप्राप्त युनिभर्सिटीबाट दक्ष प्राध्यापक झिकाई विशेष कक्षा पनि सञ्चालन गर्दै आएको छ। कलेजका निर्देशक तेजबहादुर ढकालका अनुसार त्यही विषय यहाँ पढ्दा इन्टरमिडियट डिप्लोमालाई १ लाख ५० हजार रुपैयाँ तथा हायर डिप्लोमालाई ३ लाख २५ हजार रुपैयाँ लाग्छ भने विदेशमा पढ्यो भने न्यूनतम ४० लाखदेखि ६० लाख रुपैयाँ खर्च लाग्छ।

लैनचौरस्थित 'सिल्भर माउन्टेन स्कुल अफ होटल म्यानेजमेन्ट कलेज' ले अमेरिकाको एजुकेसन इन्स्टिच्युट अफ अमेरिकन होटल एन्ड लजिङ एसोसिएसनबाट सम्बन्धन प्राप्त गरेको छ। नेपाल सरकार शिक्षा मन्त्रालयको स्वीकृतिप्राप्त उक्त कलेजमा होटल म्यानेजमेन्टको चार वर्षे पाठ्यक्रम छ। सैद्धान्तिक विषयभन्दा प्रयोगात्मक विषय बढी सिकाउनुपर्ने भएकाले यो कलेजले प्रत्येक वर्ष ६० जना छात्रछात्रालाई मात्र भर्ना लिन्छ। उक्त कलेजले यसै वर्षदेखि क्रेडिट क्लासको पनि व्यवस्था गरेको छ। नेपालमा प्रत्येक वर्ष ८ दर्जनको हाराहारीमा जनशक्ति उत्पादन हुन थालेपछि अहिले नेपालका स्तरीय तारे होटलहरूले पनि सम्पर्क गरी हामीलाई यस्तो जनशक्ति यति चाहियो भनेर माग गर्न थालेको कलेजका प्रिन्सिपल समिर थापा बताउँछन्। यसै वर्षदेखि उक्त कलेजले अमेरिकास्थित हस्पिटालिटी एकेडेमीसँग सम्बन्ध राखी मेरिटका आधारमा इन्टर्नसिपको एक वर्ष तथा छ महिने कोर्सका लागि प्रिस्टन युनिभर्सिटीबाट सम्बन्धन लिएको छ। १ सय ६५ देशमा क्रेडिट ट्रान्स्फर गर्न सकिने उक्त कलेजमा अध्ययनका लागि २ लाख ८० हजार रुपैयाँ खर्च लाग्छ। कुलिनरी म्यानेजमेन्ट (कुकिङ) को १ वर्षे कोर्स सञ्चालन गरेको उक्त कलेजले हरेक वर्ष १२ जना विद्यार्थीलाई (सशुल्क) इन्टर्नसिपका लागि अमेरिका पठाउँछ।

पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धनप्राप्त नयाँ बानेश्वर बुद्धनगरस्थित 'कान्तिपुर होटल म्यानेजमेन्ट कलेज' मा होटल म्यानेजमेन्टअन्तर्गत हाउस किपिङ, फ्रन्ट अफिस, फुड एन्ड वेभरेज सर्भिस, होटल एकाउन्टिङ, फुड प्रोडक्सन एन्ड पेस्ट्रिज आदि विषयमा अध्यापन गराइन्छ। होटल म्यानेजमेन्ट शिक्षामा छोटो समयमै लोकप्रियता हासिल गरेको यो कलेजले नेपाली आयस्रोतलाई मध्यनजर गरेर औसत शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने नीति लिएको छ। कलेजले तीन वर्षे स्नातक कार्यक्रममा कुल ७५ विद्यार्थी भर्ना कोटा छुट्याएको छ। कलेजले यो विषयमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्य अनुरूप स्वदेश तथा विदेशका तारे होटलहरूमा इन्टर्नसिप कक्षाको व्यवस्था पनि मिलाएको छ। कलेजका प्रिन्सिपल प्रताप जोशीका अनुसार यसै वर्षदेखि दुबईको पाँचतारे होटलमा सशुल्क इन्टर्नसिपको व्यवस्था गरिएको छ। कलेजले गतवर्षदेखि होटल म्यानेजमेन्टलाई सहयोग पुऱ्याउने हस्पिटालिटी एन्ड क्याटरिङ म्यानेजमेन्टको ४ वर्षे कोर्स पनि अध्यापन गराउँछ। यो कोर्स अन्तर्गत हाउस किपिङ, फ्रन्ट अफिस अपरेसन म्यानेजमेन्ट, फुड एन्ड वेभरेज सर्भिस, फुड प्रोडक्सन, बेकरी एन्ड कन्फेक्सनरी, क्याटरिङ म्यानेजमेन्ट, आर्ट एन्ड साइन्स अफ कुलिनरी प्रिपरेसन, म्यानेजमेन्ट इन्फर्मेसन सिस्टम, क्यासिनो म्यानेजमेन्ट, प्राक्टिकल कस्टिङ एन्ड प्राइसिङ, हस्पिटालिटी एन्ड टुरिज्म इन्ट्रोडक्सन, होटल इन्जिनियरिङ एन्ड मेन्टेन्स, हाइजिन एन्ड सेनिटेसन म्यानेजमेन्ट, सुपरभिजन म्यानेजमेन्ट इन हस्पिटालिटी इन्डस्ट्री अध्यापन गराइन्छ। विश्वमा नै होटल एन्ड हस्पिटालिटी शिक्षाको प्रवर्द्धन गर्ने ख्यातिप्राप्त अन्तर्राष्ट्रिय संस्था 'इन्टरनेसनल चेरी' सँग कलेजले सम्बद्धता प्राप्त गरेको छ। कलेजले वैदेशिक अध्ययनमा जान चाहने विद्यार्थीका लागि क्रेडिट ट्रान्सफरको व्यवस्था समेत गरेको छ। सुविधासम्पन्न प्रयोगशालाको व्यवस्था भएको यो कलेजले अहिलेसम्म दुईवटा स्नातक समूह उत्पादन गरिसकेको छ। कलेजले घर सजावटसम्बन्धी तीन वर्षे स्नातक तहको पाठ्यक्रम पनि अध्यापन गराउँदै आएको छ।

त्यसैगरी काठमाडौं एकेडेमी अफ टुरिज्म एन्ड हस्पिटालिटी (क्याट) ले ट्राभल एन्ड टुरिज्म अन्तर्गतको पाठ्यक्रममा पनि होटल म्यानेजमेन्टका धेरै विषयमा अध्यापन गराउँदै आएको छ। कलेजका प्रिन्सिपल सुधिर अधिकारीका अनुसार होटल म्यानेजमेन्ट अन्तर्गत खाना पकाउने, खाना सर्भ गर्ने, हाउसकिपिङ बाहेकका सबै विषय ट्राभल एन्ड टुरिज्ममा अध्यापन गराइन्छ। ट्राभल एन्ड टुरिज्ममा स्नातकोत्तर तह अध्यापन गराउने नेपालकै एक मात्र कलेज क्याटले यो विषयमा स्नातक तहको कार्यक्रम पनि सञ्चालन गरेको छ। कलेजले पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धन लिएको छ।

# व्यावहारिक सिकाइ पद्धतिमा काठमाडौं विश्वविद्यालय

काठमाडौं विश्वविद्यालय व्यवस्थापनमा पूर्ण स्वायत्तता प्राप्त शैक्षिक संस्था हो । अन्तर्राष्ट्रिय स्तरको विश्वविद्यालयका रूपमा ज्ञान र प्रविधिको विकास गरी देशको सेवा गर्नुलाई यसले आफ्नो मूल मन्त्र सम्झिएको छ । यो विश्वविद्यालयको इतिहास काठमाडौं भ्याली क्याम्पससँग जोडिएको छ । उक्त क्याम्पसको स्थापना सन् १९८५ मा भएको थियो । भ्याली क्याम्पसले सुरुमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेको थियो । त्यहाँ प्रमाणपत्र तहमा विज्ञानका कक्षाहरू सञ्चालित थिए । सन् १९९१ मा संसद्बाट ऐन पारित भएपश्चात् उक्त क्याम्पसले विश्वविद्यालयको रूप लिएको थियो । त्यसपछि सन् १९९३ देखि काठमाडौं विश्वविद्यालयले व्यवस्थापनमा स्नातकोत्तर तहको अध्यापन प्रारम्भ गर्‍यो । यो विश्वविद्यालयले सन् १९९४ मा इन्जिनियरिङ, फार्मेसी, जीव विज्ञान तथा वातावरण विज्ञानजस्ता आधुनिक विषयमा स्नातक तहको अध्यापन पनि प्रारम्भ गर्‍यो । प्राविधिक तथा व्यावहारिक विषय तथा योग्य एवं दक्ष 'टिचिङ' स्टाफहरूका कारण पनि काठमाडौं विश्वविद्यालयलका उत्पादनहरू अन्य विश्वविद्यालयको तुलनामा अब्बल मानिन्छन् ।




यो विश्वविद्यालयअन्तर्गत विभिन्न शैक्षिक कार्यक्रम सञ्चालनका लागि हाल ६ वटा स्कुल छन् । स्कुल अफ साइन्सबाट प्रारम्भ भएका ती स्कुलले निरन्तर रूपमा प्राविधिक विषयका विभिन्न शैक्षिक कार्यक्रम थप्दै गएका छन् । काठमाडौं विश्वविद्यालयले प्रमाणपत्र तहका कक्षादेखि लिएर विभिन्न शैक्षिक कार्यक्रमअन्तर्गत ४ वर्षे स्नातक तहका कक्षाहरू पनि सञ्चालन गरिरहेको छ । नेपालमा ४ वर्षे स्नातक कार्यक्रम तथा सेमेस्टर प्रणाली अपनाउने श्रेय पनि काठमाडौं विश्वविद्यालयलाई जान्छ ।

**स्कुल अफ आर्टस्**

स्कुल अफ आर्ट्सअन्तर्गत मानविकी संकायका विभिन्न विषय काठमाडौं विश्वविद्यालयमा अध्ययन गर्न सकिन्छ । विश्वविद्यालय आफैंले संगीत, बुद्धिस्ट स्टडिज तथा फाइन आर्ट्सका कक्षाहरू सञ्चालन गरेको छ । संगीतमा डिप्लोमा, स्नातक र स्नातकोत्तर तहको पढाइ हुन्छ । डिप्लोमा कोर्स एक वर्षको छ, जसमा भोकल, गिटार र तबला गरी ३ विषयको ज्ञान दिइन्छ । काठमाडौं विश्वविद्यालयमा अंग्रेजी, म्युजिक थ्यौरी, संसारको इतिहास तथा नेपालको इतिहास, भूगोल, समाजशास्त्र र मानवशास्त्र विषयको समेत अध्यापन हुन्छ । यो विषय उत्तीर्णहरू र कुनै पनि विषयमा प्लस टु अथवा प्रमाणपत्र तह उत्तीर्ण गरेकाहरू स्नातक तहमा भर्ना हुन सक्छन् । यसमा संगीतसम्बन्धी एड्भान्स कोर्स अध्यापन हुन्छ । त्यसपछि स्नातकोत्तर तहको कक्षालाई एमए इन इथ्नोम्युजिकोलोजी भनिन्छ, जसमा इथ्नोम्युजिकोलोजी, ओरल ट्रेनिङ र संगीतका बारेमा सेमिनारहरू हुन्छन् । कुनै पनि विषयमा स्नातक उत्तीर्णहरू समेत यसमा भर्नाका लागि योग्य मानिन्छन् ।

बुद्धिस्ट स्टडिजअन्तर्गत स्नातक एवं स्नातकोत्तर तहको पढाइ हुन्छ । यो विषयअन्तर्गत बुद्धदर्शन, तिब्बती भाषा, बुद्ध धर्म एवं हिमालय क्षेत्रसम्बन्धी अध्ययन गरिन्छ । काठमाडौं विश्वविद्यालयले विदेशबाट बुद्धदर्शनसम्बन्धी अध्ययन गर्न आउनेहरूका लागि पनि विशेष समर प्याकेजका कार्यक्रमहरू आयोजित गर्छ ।

ह्युमन एन्ड नेचुरल रिसोर्स स्टडिज भनेर एउटा नयाँ विषयको अध्यापन पनि काठमाडौं विश्वविद्यालयमा हुन्छ । सन् २००४ देखि यसको अध्यापन प्रारम्भ गरिएको हो । यो विषय नेपालमै पहिलो हो । दक्षिण एसियामै यो विषय अध्यापन गराउने पहिलो विश्वविद्यालय भएको दावी पनि विश्वविद्यालयको छ । यो विषयमा मास्टर्स डिग्रीसम्म गर्न सकिन्छ । सोसल साइन्स, नेचुरल साइन्स, पोलिसी र टुल मेथड वर्कशप आदि विषय यसमा अध्ययन गरिन्छ । कुनै पनि विषयमा ५० प्रतिशत अंक प्राप्त गरेका विद्यार्थी यो विषय अध्ययनका लागि योग्य मानिन्छन् ।

काठमाडौं विश्वविद्यालयमा ब्याचलर अफ फाइन आर्ट्ससम्बन्धी अध्यापन पनि हुन्छ । कुनै पनि विषयमा प्लस टु वा प्रमाणपत्र तह उत्तीर्णहरू यो विषय अध्ययन गर्न सक्छन् । पेन्टिङ, स्कल्पचर तथा ग्राफिक डिजाइनसम्बन्धी व्यावहारिक अध्ययन यसमा गरिन्छ । त्यसैगरी दक्षिण एसियाली कलाका बारेमा सैद्धान्तिक अध्ययनसमेत यसमा हुने कुरा कार्यक्रम संयोजक सूदन चित्रकार बताउँछन् । कुनै पनि विषयमा प्लस टु वा प्रमाणपत्र तह उत्तीर्ण गरेकाहरूले भर्नाका लागि आवेदन दिन सक्छन् । ड्रइङ टेस्ट, अंग्रेजी भाषा परीक्षण एवं अन्तर्वार्तापश्चात् भर्नाका लागि उनीहरूलाई छनौट गरिन्छ ।

काठमाडौं विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी विभिन्न कलेजले पनि कक्षाहरू सञ्चालन गरेका छन् । सेन्ट जेभियर्स कलेजले सोसियल वर्कमा स्नातक तहको कक्षा सञ्चालन गरेको छ । ४५ सिट रहेको यो कोर्स पूरा गर्न ३ वर्ष लाग्छ । प्लस टु वा प्रमाणपत्र तह उत्तीर्णहरूले यो विषय अध्ययन गर्न सक्छन् । यो विषयमा सोसियल वर्क र मेथोडोलोजीसम्बन्धी ५ विषय र साइकोलोजीका ५ विषय अध्ययन गर्नुपर्छ । त्यसबाहेक अंग्रेजी, नेपाली र कम्प्युटर साइन्स अनिवार्य विषयका रूपमा अध्ययन गर्नुपर्छ ।

नेसनल कलेजले डेभलपमेन्ट स्टडिजमा स्नातक तहको कक्षा सञ्चालन गर्छ । प्लस टु अथवा प्रमाणपत्र तह उत्तीर्णहरूले यो विषय अध्ययन गर्नका लागि आवेदन दिन सक्छन् । गत वर्षदेखि काठमाडौं विश्वविद्यालयले मिडिया स्टडिजमा स्नातक तहको कक्षा पनि प्रारम्भ गरेको छ ।

**स्कुल अफ एजुकेसन**

सन् १९९७ मा स्कुल अफ एजुकेसनको स्थापना भएको हो । सुरुमा धुलिखेल नगरपालिकाअन्तर्गतका प्राथमिक एवं माध्यमिक विद्यालयका शिक्षकहरूका लागि तालिमको आयोजना गरेको थियो । सन् १९९८ मा यसले एमफिल र पीएचडी कार्यक्रम प्रारम्भ गर्‍यो । हाल माध्यमिक विद्यालयका शिक्षकका लागि पोस्ट ग्र्याजुएट डिप्लोमा इन एजुकेसन कार्यक्रम सञ्चालन गरिएको छ । त्यसैगरी मास्टर इन एजुकेसन कार्यक्रम पनि सञ्चालित छ । राम्रो शिक्षक बन्न चाहनेहरू यो विषय अध्ययन गर्न सक्छन् । यसमा भर्नाका लागि स्नातक उत्तीर्ण हुनुपर्छ ।

**स्कुल अफ इन्जिनियरिङ**

इन्जिनियरिङमा स्नातक तथा स्नातकोत्तर तहका कक्षाहरू काठमाडौं युनिभर्सिटीले आफैं सञ्चालन गर्छ । स्नातक तहमा कम्प्युटर, इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स, मेकानिकल र जियोम्याटिक्स विषयको अध्यापन हुन्छ । इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्सअन्तर्गत कम्युनिकेसन र पावर एन्ड कन्ट्रोलमा छुट्टाछुट्टै स्पेसलाइजेसन गर्न सकिन्छ । यी सबै विषय अध्ययन गर्नका लागि आई.एस्सी. अथवा प्लस टुमा विज्ञान विषय लिएकै हुनुपर्छ । प्रवेश परीक्षामा उत्तीर्ण हुनेहरूमध्येबाट पनि योग्यताक्रममा पर्नेहरू मात्र भर्नाका लागि योग्य हुन्छन् । स्नातकोत्तर तहमा कम्प्युटर, कम्युनिकेसन तथा मेकानिकल इन्जिनियरिङ अध्ययन गर्न सकिन्छ ।

**स्कुल अफ साइन्स**

एसएलसीमा कमसेकम ६० प्रतिशत अंक प्राप्त गरेका तथा अंग्रेजी, गणित र विज्ञानमा ५० प्रतिशतभन्दा बढी अंक प्राप्त गरेका विद्यार्थीहरूले यो विषय पढ्नका लागि आवेदन दिन सक्छन् । यी तीनै विषयमा प्रवेश परीक्षा लिइन्छ । योग्यताक्रममा पर्न सक्ने विद्यार्थीहरू भर्ना हुन पाउँछन् । यो वर्षका लागि जम्मा ९६ जना विद्यार्थी भर्ना क्षमता रहेको स्कुल अफ साइन्सका सहायक डीन डा. रणबहादर क्षेत्रीले बताए । भर्ना हुनका लागि विभिन्न विषय शीर्षकका लागि २१ हजार ३ सय ५० रुपैया बुझाउनुपर्छ । त्यसैगरी पहिलो वर्षभरिका लागि परीक्षा शुल्क, कोर्स

बाँकी पृष्ठ २० मा

# नयाँ रोडम्यापमा पोखरा विश्वविद्यालय

कास्की जिल्लाको लेखनाथ नगरपालिकास्थित पोखरा विश्वविद्यालय वि.सं. २०५४ सालमा स्थापना भएको हो। स्थापनाकालदेखि नै विद्यार्थीहरूको क्षमता एवं सिर्जनशीलता प्रस्फुटन गराउने दीर्घकालीन लक्ष्यमा अभिप्रेरित भएर काम गर्दै आएको यो विश्वविद्यालयले स्तरीय शिक्षा प्रदान गर्ने नीति लिएको छ। 'शैक्षिक स्तरीयताका दृष्टिकोणले पोखरा विश्वविद्यालयलाई कम आँक्न मिल्दैन,' विश्वविद्यालयका उपकुलपति डा. केशरजङ्ग बरालले साप्ताहिकसँग भने- 'विश्वविद्यालयअन्तर्गतका आङ्गिक तथा सम्बन्धनप्राप्त कलेजबाट उत्पादित जनशक्तिले स्वदेशमा मात्र होइन, विदेशमा पनि राम्रै प्रगति गरेका छन्।' उपकुलपति बरालका अनुसार पोखरा विश्वविद्यालयले इन्जिनियरिङ, व्यवस्थापन, फार्मेसी आदि कार्यक्रममा उच्च शैक्षिक स्तरियता पुष्टि गरेको छ।

पोखरा नगरपालिकामा सञ्चालन भैरहेको विश्वविद्यालय यतिखेर लेखनाथ नगरपालिकामा सर्ने तयारी गरिरहेको छ। उपकुलपति नियुक्त भएपछि बरालले गरेको पहिलो कार्य नै यो हो। 'मैले विश्वविद्यालयका लागि निर्दिष्ट गरिएको स्थानमा नै जानुपर्छ भनेर प्रस्ताव राखेको थिएँ,' उनले भने- 'यसका लागि सबैपक्षलाई सहमत गराइसकेको छु।' उपकुलपति भएलगत्तै राजनैतिक दल तथा विश्वविद्यालयसम्बद्ध व्यक्तिहरूमाझ आफ्नो चारवर्षे कार्यकालको योजना सार्वजनिक गरेका उपकुलपति बरालले आफ्नो कार्यकालमा विश्वविद्यालयलाई गरिब विद्यार्थीहरूको पहुँचमा पुऱ्याउने लक्ष्य राखेका छन्।

उच्च शिक्षाको विकासमा निजी क्षेत्रको भूमिकालाई प्रोत्साहित गर्ने, उच्च शिक्षाको गुणस्तर वृद्धि गरी प्राज्ञिक वातावरणलाई स्वस्थ, मर्यादित एवं नतिजामूलक बनाउने, उच्च शिक्षामा प्रतिस्पर्धालाई प्रोत्साहित गर्ने तथा अझ धेरै विषयका कार्यक्रम विस्तार गरी सामुदायिक विकासमा योगदान दिनेजस्ता उद्देश्य विश्वविद्यालयले राखेको छ।

विश्वविद्यालयको प्राज्ञिक एवं प्रशासनिक कार्यहरू पूरा गर्न कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, योजना तथा कार्यक्रम शाखा, विद्या परिषद्, विषय समितिहरू, संकायहरू, पाठ्यक्रम विकास केन्द्र, अनुसन्धान केन्द्र, पुस्तकालय विकास समिति, परीक्षा समिति, प्रशासन तथा विद्यार्थी कल्याण एकाइहरू स्थापना गरिएका छन्।

पोखरा विश्वविद्यालयअन्तर्गत आङ्गिक तथा सम्बन्धनप्राप्त कलेजहरूमा गरेर करिब ५ हजार विद्यार्थीले अध्ययन गरिरहेका छन्। विश्वविद्यालयले अध्यापनका लागि तीनवटा संकाय सञ्चालन गरेको छ। जसअनुसार व्यवस्थापन संकायअन्तर्गत प्राज्ञिक तथा व्यावहारिक ज्ञान एवं अनुभवलाई जीवनमा प्रयोगात्मक शैलीमा उतार्नु विश्वविद्यालयको लक्ष्य हो। अन्तर्राष्ट्रिय स्तरमा पनि सफल मानिएको यो कार्यक्रममार्फत व्यावसायिक एवं शैक्षिक जगत्मा उत्कृष्ट जनशक्ति उत्पादन गर्ने लक्ष्य विश्वविद्यालयको छ।

व्यवस्थापन संकायअन्तर्गत ब्याचलर अफ बिजनेस एडमिनेस्ट्रेसन (बीबीए), बीबीए- बैंकिङ एन्ड इन्स्युरेन्स, ब्याचलर अफ कम्प्युटर एप्लिकेसन (बीसीए), ब्याचलर अफ कम्प्युटर इन्फर्मेसन सिस्टम (बीसीआईएस), ब्याचलर अफ होटल म्यानेजमेन्ट (बीएचएम), ब्याचलर अफ ट्राभल एन्ड टुरिज्म म्यानेजमेन्ट (बीटीटीएम), ब्लाचलर अफ हेल्थ केयर म्यानेजमेन्ट (बीएचसीएम), मास्टर्स अफ बिजनेस एडमिनेस्ट्रेसन (एमबीए), मास्टर्स अफ बिजनेश एडमिनेस्ट्रेसन एक्जुकेटिभ (एमबीए-एक्जुकेटिभ), मास्टर्स अफ हेल्थ केयर म्यानेजमेन्ट (एमएचसीएम), पोष्ट ग्राजुएट हेल्थ केयर म्यानेजमेन्ट (पीजीडीएचसीएम) तथा पोस्ट ग्राजुएट डिप्लोमा इन कम्प्युटर एप्लिकेसन्स (पीजीडीसए) का पाठ्यक्रममा अध्यापन गराइन्छ।

त्यस्तै विज्ञान तथा प्रविधि संकायअन्तर्गत विज्ञानका विभिन्न क्षेत्रका लागि आवश्यक पर्ने सक्षम प्राविधिक जनशक्ति विकास गर्ने लक्ष्य राखिएको छ। जसले विज्ञानका क्षेत्रमा सिर्जनशील एवं अनुसन्धानमुखी वैज्ञानिक तथा दक्ष प्राविधिक तयार गर्नेछ। यो संकायअन्तर्गत इन्जिनियरिङमा सिभिल, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन्सन, कम्प्युटर, सफ्टवेयर इन्जिनियरिङ, इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स, इन्फरमेसन टेक्नोलोजी, इलेक्ट्रोनिक्स एन्ड इलेक्ट्रिकल, आर्किटेक्चरमा स्नातक तहमा अध्यापन हुन्छ। यसैगरी विज्ञानमा कम्प्युटर साइन्स, बायोकेमेस्ट्री, इन्भाइरोमेन्ट म्यानेजमेन्ट, फर्मास्युटिकल्स साइन्स, मेडिकल ल्याबोरेटरी टेक्नोलोजी, मेडिकल बायोकेमेस्ट्री, मेडिकल माइक्रोबायोलोजी, पब्लिक हेल्थ तथा नर्सिङमा स्नातक तहको कार्यक्रम सञ्चालन गरिएको छ। त्यसैगरी स्नातकोत्तर तहमा कम्प्युटर साइन्स, फर्मास्युटिकल्स साइन्स, निर्माण व्यवस्थापन, प्राकृतिक स्रोत व्यवस्थापन, वातावरणीय व्यवस्थापनको अध्यापन हुन्छ। वातावरणीय व्यवस्थापनमा पोस्ट ग्र्याजुएट तहको पाठ्यक्रममा पनि अध्यापन हुन्छ।

त्यसैगरी कला, साहित्य तथा सामाजिक जनजीवनका विविध पक्षका लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले स्थापित मानविकी संकाय छ, जसमा अंग्रेजीमा स्नातक तहदेखि विद्यावारिधिसम्मका कार्यक्रम सञ्चालन गरिएको छ। यो संकायअन्तर्गत स्नातकोत्तर तहमा 'जनसंख्या तथा लैंगिक विकास कार्यक्रम' (एमपीजीडी) विषयको अध्यापन हुन्छ।

विश्वविद्यालयले २३ वटा कलेजलाई आफ्ना कार्यक्रम सञ्चालन गर्न सम्बन्धन दिएको छ। त्यसबाहेक आफ्नै तीनवटा आङ्गिक कलेजले बीबीए, एमबीए, एमपीजीडी, बी फार्मेसी, एम फार्मेसी, बीएमएलटी (ब्याचलर अफ मेडिकल ल्याब टेक्नोलोजी) का पाठ्यक्रममा अध्यापन गराउँदै आएका छन्। सेमेस्टर प्रणालीमा रहेर शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको यो विश्वविद्यालयको परीक्षा प्रणाली अन्तर्राष्ट्रिय ट्रेन्डअनुरूप ग्रेडिङ सिस्टममा आधारित छ। विश्वविद्यालय सरकारी अनुदानमा चल्ने भए पनि सरकारी सहयोग यथेष्ट नभएकाले शैक्षिक कार्यक्रमहरू तुलनात्मक रूपमा केही महँगो भएको विश्वविद्यालयको जिकिर छ। विश्वविद्यालयले कलेज सम्बन्धनबापत शुल्कका अतिरिक्त परीक्षाको समयमा परीक्षा शुल्क पनि लिन्छ।

उपकुलपति बरालका अनुसार यो वर्षदेखि विश्वविद्यालयका आङ्गिक क्याम्पसमा १० प्रतिशत तथा सम्बन्धनप्राप्त कलेजमा ५ प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ। 'छात्रवृत्ति कार्यक्रममा न्यून आयस्रोत भएका परिवारको पहुँच होस् भनेर पत्रपत्रिकामा खुला विज्ञापन गर्ने भएका छौं,' बरालले भने- 'पारदर्शी ढङ्गले छात्रवृत्ति कार्यक्रम लागू होस् भनेर विश्वविद्यालय आफैंले यो जिम्मा लिएको हो।'

विश्वविद्यालयले देश-विदेशका अन्य विश्वविद्यालयहरूसँग पनि शैक्षिक कार्यक्रम आदान-प्रदानका निम्ति सम्झौता गर्दै आएको छ। जसले शैक्षिक स्तरियता विकासका निम्ति अन्तर्राष्ट्रिय ट्रेन्डका बारेमा विश्वविद्यालयलाई 'अपडेट' राख्ने विश्वविद्यालयले बताएको छ। यस प्रकारको सम्बन्ध भारत, अमेरिका, बंगलादेश, जापान, सिंगापुर, बेलायत, फ्रान्स, जर्मनी तथा कोरियाका विश्वविद्यालयहरूसँग गाँसिएको छ। विश्वविद्यालयले व्यावहारिक शिक्षापद्धतिअनुरूप अनुसन्धानमूलक अध्ययन, 'फिल्ड वर्क' 'प्रोजेक्ट वर्क' जस्ता सिकाइका प्रभावकारी शैलीमा रहेर अध्यापन हुने पाठयक्रम तयार गरेको छ।




## शैक्षिक कार्यक्रम र कलेज


**पोखरा विश्वविद्यालयले ३ वटा आंगिक तथा २३ वटा सम्बन्धनप्राप्त कलेजमा आफ्ना शैक्षिक कार्यक्रम लागू गरेको छ। विश्वविद्यालय काठमाडौं सम्पर्क कार्यालयका प्रमुख विकास कार्कीले उपलब्ध गराएको तथ्याङ्कअनुसार सम्बन्धन तर्फ १० वटा कलेजले व्यवस्थापन संकाय, ८ वटा कलेजले विज्ञान तथा प्रविधी संकाय, ४ वटा कलेजले व्यवस्थापन र विज्ञान तथा प्रविधि दुवै र एक कलेजले मानविकी संकायका कार्यक्रम सञ्चालन गरेका छन्। विश्वविद्यालयले काठमाडौंमा १२, पोखरामा ५, रूपन्देहीमा ४, नवलपरासीमा १ तथा कैलालीमा १ कलेजलाई सम्बन्धन प्रदान गरेको छ। विश्वविद्यालयले ४६ वटा विषयमा शैक्षिक पाठ्यक्रम निर्धारण गरेको छ, जसमा ३३ वटा विज्ञान तथा प्रविधि संकाय, ९ वटा व्यवस्थापन र ५ वटा मानविकी संकायका छन्। पोखरा विश्वविद्यालयबाट हालसम्म १ हजार ६ सय १९ विद्यार्थीले विभिन्न तह उत्तीर्ण गरेका छन्। सन् १९९९ मा ४ सय ७८ विद्यार्थीबाट प्रारम्भ भएको विश्वविद्यालयमा सन् २००६ मा ५ हजार ४ सय ६० विद्यार्थी अध्ययनरत छन्।**

## चारवर्षे योजना

**केही समयअघि मात्र नियुक्त भएका उपकुलपति केशरजंग बरालले पद सम्हालेलगत्तै राजनैतिक दलका नेता, प्राज्ञिक व्यक्तित्व एवं सम्बन्धन प्राप्त कलेजका प्रतिनिधिमाझ विश्वविद्यालय सञ्चालनका लागि आफ्नो अवधारणा-पत्र प्रस्तुत गरे। आम राजनैतिक सहमति, संस्थागत अवधारणा एवं प्राज्ञिकता गरेर तीन शीर्षकमा उनले आफ्नो विचार प्रस्ट्याएका थिए। 'बृहत् पोखराको अवधारणाअनुरूप पोखरा विश्वविद्यालयका केन्द्रीय विभागहरू, केन्द्रीय कार्यहरू लेखनाथ नगरपालिकामा केन्द्रित गरी पोखरालाई उच्च शिक्षाको केन्द्रविन्दुका रूपमा विकास गर्ने योजना पेस गरेको छु' उपकुलपति बरालले भने- विश्वविद्यालयका संकायलाई सबल बनाउन पनि विभागको आवश्यकता हुन्छ। त्यस्तै आफ्नो कार्यकालमा विश्वविद्यालयको आङ्गिक क्याम्पसका रूपमा एक मेडिकल र एक इन्जिनियरिङ कलेज स्थापना गर्ने योजना बरालको छ। पर्यटन उद्योगसम्बन्धी उच्च शिक्षा हासिल गर्ने एक कलेज र हिमाली तथा मध्यपहाडी क्षेत्रमा प्राप्त जडिबुटीसम्बन्धी अनुसन्धान-अध्ययन केन्द्र स्थापना गर्ने योजना पनि अवधारणा पत्रमा उल्लेख छ।**

**त्यसैगरी खेलकुदसम्बन्धी एक आंगिक क्याम्पस खोल्ने योजना छ। उच्च शिक्षाबाट विमुख जिल्लामा आंशिक क्याम्पसहरू विस्तार गर्दै लाने अवधारणा उपकुलपति बरालले अघि सारेका छन्। विश्वविद्यालय स्वायत्त संस्था भएकाले यसले आफ्नो सञ्चालन खर्चलाई व्यवस्थापन गर्न शुल्क दर महँगो हुन गएको तर्क राख्ने गरेको छ। उपकुलपति बरालले वित्तीय व्यवस्थापनका लागि नेपाल सरकार, दातृ राष्ट्र-संस्थाहरू एवं समुदायको लगानी बढाएर शुल्क कम गर्ने योजना पेस गरेका छन्। 'पैसा खर्चिन सक्ने विद्यार्थीहरूको पैसा लिएर गरिब विद्यार्थीलाई निःशुल्क अध्यापन गराउनेछौं,' बरालले भनें- यसो गर्दा वास्तविक रूपमा गरिब तर जेहेन्दार विद्यार्थीले अवसर पाउने विश्वास लिएको छु।**

# लुइँटेलद्वय भारतीय भिडियोमा





दुई वर्षअघि एउटा भारतीय गीत सबैको मुखमा झुन्डिएको थियो । गायिका चित्रा सिंह र गायक उस्ताद सुल्तान खानले गाएको उक्त गीत 'पिया बसन्ती रे काहे सताए आजा..' नसुन्ने सायदै कोही थिए होलान् । उक्त गीतको म्युजिक भिडियो पनि तीनताका भारतीय टेलिभिजन च्यानलहरूमा निकै बजाइए । चर्चामा रहेको उक्त गीतका गायक खान तथा गायिका सिंहले गाएको अर्को एक गीतको म्युजिक भिडियोको छायाँकन हाल काठमाडौं उपत्यकामा भैरहेको छ । बलिउडबाट आएको म्युजिक भिडियो निर्माण समूह नेपालमै भारतीय अनुहारका मोडलको खोजीमा थियो । अन्ततः गोकर्णस्थित एक रिसोर्टमा छायाङ्कन भैरहेको उक्त म्युजिक भिडियोमा पूर्व मिस्टर नेपाल तथा नायक जीवन लुइँटेल एवं नेपाली चलचित्रकी नायिका सञ्चिता लुइँटेलले मोडलिङ गरिरहेका छन् । भारतीय म्युजिक भिडियोमा अभिनय गर्न पाउनुलाई दुवै लुइँटेलले आफ्नो सौभाग्य मानेका छन् ।

# केटिभी र महको योजना




**साप्ताहिक समाचार**

कान्तिपुर टेलिभिजनबाट हरेक शुक्रबार बेलुकी ९ बजे प्रसारण हुँदै आएको मह टाइमअन्तर्गत आज एक भागको 'डाक्टर सुनीता' टेलिश्रृङ्खला प्रसारण हुने भएको छ । मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य निर्देशित तथा अभिनीत टेलिश्रृङ्खला मदन बहादुर-हरिबहादुर १५ भाग प्रसारण भएर गत साता समाप्त भएपछि अब केही समय मह सञ्चारका पुराना टेलिश्रृङ्खला प्रसारण हुनेछन् । 'दर्शकको अपेक्षाअनुरूपका टेलिश्रृङ्खला निर्माण गर्नुपर्ने भएकाले केही समय विश्राम गरेर राम्रो सृजना पस्कने योजनाअनुरूप यसबीचमा पुराना श्रृङ्खला प्रसारण गरिनेछन्,' हास्यकलाकार आचार्यले भने- 'हरेक पाँच वर्षमा नयाँ दर्शक तयार हुन्छन् भन्ने सिद्धान्तअनुसार अहिलेको नयाँ पुस्ताले हाम्रा पुराना श्रृङ्खलाहरूलाइ उत्तिकै मन पराइदिनुहुनेछ भन्ने विश्वास राखेका छौं ।' मदनकृष्ण श्रेष्ठका अनुसार पुराना टेलिश्रृङ्खला अहिले आफैंले हेर्दा पनि अब के हुन्छ होला भनेर उत्सुकता लाग्ने गरेकाले दर्शकलाई पुराना श्रृङ्खलाले पनि त्यत्तिकै मनोरञ्जन प्रदान गर्नेछन् ।

कान्तिपुर टेलिभिजनका बजार व्यवस्थापक महेश स्वाँरले व्यापारिक दृष्टिकोणले पनि यो श्रृङ्खला सफल ठहरिएको उल्लेख गरेका थिए । स्वाँरका अनुसार दर्शकले अझै हेर्ने इच्छा राखेका कारण मदन बहादुर-हरिबहादुर टेलिश्रृङ्खलालाई प्रत्येक शनिबार दिउँसो एक बजे पुनः प्रसारण गरिने भएको छ । मह यो बीचको समयमा गाईजात्रालाई लक्षित गरेर स्टेज शोमा व्यस्त हुने भएकाले पनि नयाँ प्रस्तुति दिन गाह्रो भएको आचार्य बताउँछन् । पुराना टेलिश्रृङ्खला प्रसारण समाप्त भएलगत्तै सम्भवतः 'मदनबहादुर-हरिबहादुर' शीर्षकमै २५-३० भागको नयाँ श्रृङ्खला प्रसारण हुनेछ ।

# अक्कलबिनाको नक्कल

तीन वर्षअघि चलचित्रको नायक भएका एक युवा आफ्ना अग्रज नायकको नक्कल गर्छन् । उनको नक्कल सकारात्मक भएको भए कुरा काट्ने ठाउँ हुँदैनथ्यो, तर नक्कल अक्कलबिनाको भएपछि उनकै सहकर्मीहरू कुरा काट्न तल्लीन देखिन्छन् । अक्कलबिनाको नक्कल गर्ने ती नायकले लामो कपाल पालेका छन् । भरसक उनी छायांकनस्थलमा पुस्तक वा



पत्रपत्रिका पढिटोपल्छन्, थोरै बोल्छन्, अव्यावहारिक रूपमा प्रस्तुत हुन्छन् आदिआदि । यी लक्षण पढेपछि चलचित्रप्रेमीले थाहा पाइसकेको हुनुपर्छ यो कसको नक्कल हुँदैछ ? नक्कल गर्ने नायकचाहिँ रमित ढुंगाना हुन् ।

एउटा यस्तो समय पनि आयो कि चलचित्र समीक्षकले रमितलाई राजेश हमालको बाटोमा देखे । राम्रा कुराको मात्रै नक्कल गरेको भए हुन्थ्यो तर उनले असामाजिक बन्ने नक्कल पनि राम्रैसँग गरे । यसलाई चाहिँ अक्कलबिनाको नक्कल भने गलत हुन्छ र रमितजी !

## गफै त हो

### साउती मार्ने चाहना



स्लिम एन्ड स्विट नायिका उषा पौडेललाई युवा अवस्थामा हुने प्रेममा विश्वास छैन र उनलाई त्यस्तो प्रेम मन पनि पर्दैन । कारण : उनको दृष्टिमा प्रेमको मिसयुज भैरहेको छ । यद्यपि उषा विवाहलाई आवश्यक मान्छिन् । एक्लो जीवन बिताउन गाह्रो हुने अनि कतिपय कुरा सेयर गर्न पनि उनले विवाहलाई आवश्यक मानेकी हुन् । उषा यौनसम्पर्कलाई ठूलो रूपमा लिन नहुने बताउँदै यसलाई शारीरिक आवश्यकता भन्न रुचाउँछिन् । फुर्सद डट कमको नेपाली भर्सनमा उषाले यौनसम्पर्कलाई साउती मारिएको कुरामा सबैको चासो भएको विषयसँग तुलना गर्दै भनेकी छिन्- यसलाई खाना खाए जस्तो इजिलि लिनुपर्छ । उषा म्याडमको यस्तो खुला विचारको भन्दा पनि उनको हिम्मतको चाहिँ प्रशंसा गर्नैपर्छ तर सार्वजनिक रूपमा यस्ता कुरा आउँदा म्याडमसँगै खाना खान र साउती मार्न चाहनेहरू नबढ्लान् भन्न सकिँदैन । यद्यपि उषा म्याडमलाई त्यसको चिन्ता नहुनु पर्ने हो । किनकि उनी भन्छिन्- मन मिल्छ भने जोसँग सेक्स गरे पनि फरक पर्दैन तर पछुताउनु चाहिँ भएन । पहिले त आफ्नो सम्बन्धका बारेमा खुसी हुनुपर्‍यो र साँघुरो मानसिकता लिनुभएन । लौ बा, हामी त तै चुप मै चुप भयौं है !



# दमनको दम

हास्य कलाकार दमन रूपाखेती निर्देशकबाट निकालिए‍र के भो ! उनको दम कम भएको छैन । दमन नेपाल टेलिभिजनबाट प्रसारित हास्य टेलिचलचित्र 'मेरी बास्सै' का निर्देशक थिए । आखिर दमन रूपाखेतीलाई 'मेरी बास्सै' बाट कसले निकाल्यो ? जसले निकाले पनि उनको ठाउँमा दुई जना निर्देशक नियुक्त भए । यसरी नियुक्ति पाउनेमा सीताराम कट्टेल (धुर्मुस) र केदार घिमिरे (माग्नेबूढा) छन् ।

निर्देशकको जिम्मेवारी पाएपछि धुर्मुस र माग्नेबूढा आशीर्वाद लिन दमनको घर पुगे । उनीहरू दमनको घर पुगेका मात्र के थिए, दमन कड्किन थाले- तिमीहरू किन आएका ? नाटक गर्न आएका ? पख, म तिमीहरूलाई ठीक नलगाई छोड्दिन । दमनको गाली गर्ने दम देखेर एकपटक त उनका छरछिमेक पनि डराए । सधैं दर्शक हँसाउने दमनले छिमेकीहरूलाई समेत त्राहिमाम बनाए । त्यसपछि मात्रै धुर्मुस र माग्नेबूढाले थाहा पाए दमनको दम । दमनको दम देखेर धुर्मुस र माग्नेबूढाले त्यहाँबाट कुलेलाम ठोक्नु नै उचित माने ।

# फेसनमय पोखराका हस्ती



शिव शर्मा

पोखरा– नयाँ फेसन भन्नेबित्तिकै पोखराको नाम आइहाल्छ। पोखराको फेसन र फेसन डिजाइनर सविता शेरचन अहिले परिपूरकजस्तै भैसकेका छन्। जापानको मनग्गे कमाइलाई समेत बेवास्ता गरेर पोखरा आइपुगेकी सविता शेरचनले ३ वर्षअघि खुलेको सेभी बुटिकमार्फत हलचल नै ल्याएकी छिन्। अहिले पोखरामा फेसन गतिविधि बढ्नुमा उनको योगदानलाई कसैलाई बिर्सन सक्दैनन्।

जतिबेला फेसनका बारेमा कमैलाई मात्र जानकारी थियो, त्यस्तो बेला आशिष श्रेष्ठले पोखरामा सन् १९९६ मा पहिलो पटक फेसन सोको प्रारम्भ गरेका थिए। फेसन सोको कोरियोग्राफी उनैले गर्थे। पोखराका मोडलहरूलाई पहिलो पटक र्‍याम्पमा हिँड्न सिकाउने कोरियोग्राफर पनि श्रेष्ठ नै हुन्। उनी आफूले पनि सुरुमा केही फेसन शोमा क्याटवाक गरेका थिए।

छोटो अवधिमै ब्युटीसियन स्यान्द्रा पुन ब्युटीपार्लर व्यवसायमार्फत पोखरामा मात्र नभै राजधानीका कलाकारदेखि फेसनेवल जमातलाई पोखरा तान्ने काम गरिरहेकी छिन्। कोरियन प्रविधिमार्फत नयाँ-नयाँ हेयर स्टाइलदेखि मेकअपसम्ममा पुनले उत्कृष्टता प्रदर्शन गरेकी छिन्। ब्युटी क्लब एसमार्फत उनले हेयर स्टाइल र मेकअपमा नयाँपन दिएकै कारण पोखरामा फेसनको चार्म बढेर गएको छ।

नयाँपन र गुणस्तरीयता नदिई कुनै पनि क्षेत्रमा सफलता हात पार्न सकिँदैन। यही कुरालाई ध्यानमा राखेर अघि बढेका यी तीन हस्तीले लोकप्रियता मात्र बटुलेनन् पोखराको फेसनलाई आ-आफ्नो क्षेत्रबाट माथि उचाल्ने काम पनि गरे।

कक्षा ८ मा पढ्दा नै कलाक्षेत्रमा अनुराग राख्ने तेर्सापट्टी, पोखराका आशिष श्रेष्ठले प्रवेशिका परीक्षा दिएपछि मोडलिङसम्बन्धी टाइम एन्ड टिन नामक मनोरञ्जनात्मक पत्रिका निकाले, पत्रिकाको आवरणपृष्ठमा उनले पहिलो मोडलका रूपमा पूर्व मिस नेपाल नीलिमा गुरुङलाई प्रस्तुत गरेका थिए। नीलिमालाई मोडलिङमा ब्रेक दिने आशिष नै हुन्।


फेसन मोडलिङकै विकास गर्ने हेतुले श्रेष्ठले दुई वर्षपछि एए इन्टरटेनमेन्ट एजेन्सी खोलेर फेसनको वातावरणलाई अघि बढाए। संस्थामार्फत उतिबेला आफ्नो कोरियोग्राफीमा दर्जनौं फेसन सो गराए। त्यतिबेला फेसनका लागि पहिरनको समस्या थियो। बुटिकहरूको कन्सेप्ट आएको थिएन, श्रेष्ठ भन्छन्- 'गार्मेन्ट र हस्तकलाका सामानहरू मोडलहरूको पहिरन हुने गर्थ्यो।' अन्तर्राष्ट्रिय स्तरको माछापुच्छ्रे उत्सवमा आयोजित भव्य फेसन मेलामा उनको कोरियोग्राफीको धेरैले प्रशंसा गरे। एक दर्जनभन्दा बढी सुन्दरी प्रतियोगिताको कोरियोग्राफीमा आफ्नो क्षमता देखाइसकेका २९ वर्षीय श्रेष्ठ एक दशकभन्दा बढी समयदेखि पोखराको मोडलिङमा क्रियाशील छन्।

उतिबेला फेसन र मोडलिङका बारेमा समाजलाई बुझाउन कम गाह्रो भएन, कुराकानीका क्रममा श्रेष्ठले साप्ताहिकसँग भने- 'फेसनको क्षेत्रमा लाग्दा मलाई समाजले बिग्रिएको मानिससमेत भन्यो।' समाजले जे भने पनि परिवारले भने उनलाई सपोर्ट गर्‍यो। यही क्षेत्रमा केही गर्छु भनेर उनले प्लस टु सकेपछि अध्ययनलाई ब्रेक गरे। उनलाई सीमित स्रोत र साधनको अभावमा मोडलहरूलाई रातभर रिहर्सल पनि गराउनुपर्थ्यो। उनले बसालेको ट्रेन्डकै कारण पोखराको फेसन र मोडलिङ यो अवस्थामा आइपुगेको हो। आजभोलि वेबसाइट तथा पत्रपत्रिकाहरूमा फेसनलाई महत्त्व दिइएको पाइन्छ, धेरै खुसी लाग्छ, उनी भन्दै थिए- 'अहिले बालबालिकालाई समेत ब्युटी कन्टेस्टमा सहभागी गराउन अभिभावकहरू उत्सुक हुन्छन्।'

साता, महिना बिराएर हुने फेसन ब्युटी कन्टेस्टले पोखरालाई फेसनेबल सहर बनाएको देखेर श्रेष्ठ हर्षित छन्। उनले सिकाएका युवायुवतीहरूले मोडलिङमा राम्रो प्रभाव जमाएका छन्। उनकै चेला कोरियोग्राफर रवीन्द्र बज्राचार्य तथा मोडल कमला पुनले मोडलिङमा राष्ट्रिय इमेज कायम गरिसकेका छन्।

सुरुका दिनमा बुटिकको कन्सेप्ट बुझाउँदा-बुझाउँदै सविता शेरचनलाई हैरानी भयो। कतिले त केही काम नपाएर यो टेलरिङ व्यवसाय किन अपनाएको भनेर खिस्याए, तर त्यसले उनलाई अलिकति पनि हतोत्साहित तुल्याएन। जापानमा कमाउन छाडेर पोखराको फेसनमा केही नयाँ गर्छु भनेर ५ वर्षअघि आइपुगेकी शेरचनको सपना बिस्तारै पुरा हुँदै गयो। उच्चस्तरीय जापानी रहनसहन र फेसन शैलीले उनलाई एकाएक फेसन डिजाइनिङतर्फ तानेको हो।

आईईसी फेसन सेन्टरबाट फेसन डिजाइनिङमा डिप्लोमा सकेपछि शेरचनले बुटिक खोलेकी हुन्। बुटिकलाई टेलरिङ भन्नेहरू नै नयाँ स्टाइलका लागि आउन थालेपछि बल्ल उनको मन ढुक्क भयो। शेरचनले भनिन्- 'नयाँ फेसनका लागि अहिले हरेकलाई बुटिकले तानिहाल्छ।' पोखरामा अरू बुटिकहरू नभएका पनि



होइनन्, तर उनको लगाव र हरेक फेसन सोदेखि ब्युटी कन्टेस्टहरूमा उनका सिर्जनशील हातले तयार पारेका पहिरनहरू हरेकको रोजाइ हुन थालेपछि फेसन डिजाइनिङको क्षेत्रमा उनको माग बढेको हो।

यति मात्र होइन, उनको पहिरनको डिमान्ड हिजोआज हङकङ, बेलायत, अमेरिका, जापानजस्ता मुलुकमा बसोबास गर्ने नेपालीहरूले पनि उत्तिकै गर्ने गरेका छन्। मुलुकबाहिर समेत उनको फेसन डिजाइनले महत्त्व पाउन थालेपछि डिमान्ड पूरा गराउन आजभोलि उनलाई हम्मे-हम्मे परिरहेको छ।

राजधानीबाट समेत आफ्नो बुटिक खोज्दै आउन थालेपछि उनको हर्षको सीमा छैन। उनी जापानबाट भर्खर आएको बेला कुनै नयाँ डिजाइनको फेसन गर्नुपर्‍यो भने राजधानी नै पुग्नुपर्ने बाध्यता थियो। यस्तो समस्या उनी आफैंले पनि भोगिन्। उनी अहिले त्यो चाहना परिपूर्ति भएकोमा दंग छिन्। बुटिकमा व्यस्त सविताले साप्ताहिकसँग भनिन्- 'अब नयाँ फेसनका लागि कोही पोखराबाट बाहिरनु पर्दैन।' उनीकहाँ फेसनपारखीहरूको नयाँ- नयाँ डिजाइनको मागदेखि विभिन्न फेसन सो र ब्युटी कन्टेस्टका लागिसमेत डिजाइन तयार गर्न माग गर्दै आउनेहरूको संख्या बढिरहेको छ। यसले उनलाई सन्तोष मात्र होइन, फेसनका बारेमा हरेकले बुझ्न थालेकोमा हर्षित पनि बनाएको छ। उनले बुटिकमार्फत व्यापारिक फाइदा मात्र हेरिनन्। यदि पैसा नै कमाउने सोच भएको भए उनी अहिलेसम्म जापानमै हुन्थिन्। नाम कमाउनका लागि नै उनले फेसन डिजाइनिङको क्षेत्र रोजेकी हुन्। पैसा नै कमाउने भए त म जापान नै बस्थें नि, सविताले भनिन्- 'फेसनमार्फत पोखरालाई चिनाउनु पनि मेरो ध्येय हो।' नयाँ पहिरन शैलीको चर्चासँगै फेसनको क्षेत्रमा उनको चर्चा पनि अहिले अकासिएको छ।




झट्ट सुन्दा उनको नाम पनि पृथक् छ स्यान्द्रा पुन। नाम मात्र होइन, उनी आफैं पनि स्टाइलिस्ट छिन्। पेसाले उनि ब्युटीसियन हुन्। यतिले मात्र उनको पहिचान पूर्ण हुँदैन। एक दशकभन्दा लामो कोरिया बसाइपछि दुई वर्षअघि पोखराको व्यस्त बजार महेन्द्रपुलमा खोलिएको ब्युटीक्लब एस.की सञ्चालिका पुन नितान्त नौलो खालका थरी-थरीका हेयर स्टाइल र मेकअपका कारण छोटो समयमै लोकप्रियताको सिँढी चढेकी छिन्।

पोखराका फेसन कार्यक्रमदेखि ब्युटी कन्टेस्टहरूमा उनको हेयर स्टाइल र मेकअपले राम्रो स्थान जमाउँदै आएको छ। मोडलहरूलाई फोटोसेसन गराउन पनि उनका हेयर स्टाइल र मेकअप पहिलो रोजाइमा परेको छ। कोरियाबाट पहिलो पटक उनले नेपाल भित्र्याइन हेयर एक्सटेन्सन। विदेशी शैलीका हेयर स्टाइलकै कारण पार्लर खोलेको दुई वर्षमै उनले फेसनेबल सहर पोखरालाई अझ फेसनेबल तुल्याइन्।

स्थानीय फेसनपारखीहरूलाई मात्र होइन, राजधानीकै कलाकार, सेलिब्रेटीदेखि अन्य फेसनपारखीहरूलाई समेत नौलो स्टाइलले आकर्षित गरेको छ। एक दशकभन्दा बढी समय कोरियामा बसेर स्यान्द्राले उतैबाट ब्युटीसियनसम्बन्धी तीनवर्षे कोर्स पूरा गरेकी हुन्। उनले विदेशमा चल्ने नयाँ प्रविधिको स्टाइल भित्र्याएकै कारण मोडलहरूको फोटोसेसनदेखि हरेक फेसन कार्यक्रममा उनको मेकअपको माग ह्वात्तै बढेको हो। पोखरामा एकसे एक ब्युटीपार्लर छन् तर पनि उनले नितान्त नौलो र गुणस्तरीय सेवाकै कारण पनि हेयर स्टाइल र मेकअपको फेसनमा पुनकै सिक्का चल्छ।

लाहुरे बाबुकी छोरी स्यान्द्राको अधिंकाश समय विदेशमै बित्यो। उनको जन्म पनि ब्रुनाईमा भएको हो। कहिले ब्रुनाई त कहिले हङकङमा उनले आफ्नो क्यारियरको विकास गरिन्। हङकङपछि उनी दुई महिनाका लागि घुम्न भनेर कोरिया पुगेकी थिइन्, कोरियाका फेसन पारखीहरू देखेर उनको मन लोभियो। फेसनमा केही नयाँ गर्छु भनेर उनले त्यहाँको उच्चास्तरीय ब्युटी एकेडेमीबाट लगातार तीन वर्षसम्म हेयर स्टाइल र मेकअपसम्बन्धी प्रशिक्षण लिइन्। कोरियामा सम्पन्न चर्चित हेयर एन्ड स्किन कन्टेस्टमा भाग लिएर उनले थुप्रैको प्रशंसा बटुल्दै पुरस्कार पनि पाइन्। विदेशीहरूमाझ लोकप्रिय भएर पुरस्कृत हुने उनी एक मात्र नेपाली थिइन्। कोरियामा उनले श्रृंगारसम्बन्धी अरू थुप्रै अनुभव बटुलिन्। आफूले जानेको सीप नेपालमै देखाउँछु भनेर कोरिया छाडेर आएको दुई वर्षभित्रै उनले पोखराको फेसनमा नयाँ तरङ्ग ल्याइन्। पोखरामा बढेको लोकप्रियतासँगै अहिले उनले काठमाडौंमा पनि ब्युटीक्लब एसको शाखा विस्तार गरेकी छिन्।

# फेसनमा कम छैनन् निर्देशकहरू पनि



नेपाली चलचित्रका निर्देशकहरू फेसनप्रति मतलब राख्दैनन्। दाह्री निर्देशक तुलसी घिमिरेको परिचयझैं भएको छ। उनको दाह्री काट्न बिर्सिएर वा अल्छी गरेर छोडेझैं देखिन्छ। निर्देशक नारायण पुरी तन्नेरी छन्। उनी अझ तन्नेरी देखिने होडमा भएको प्रस्ट हुन्छ उनको क्लिन सेभ्ड अनुहारबाट। अर्कातिर बाह्र कटेका र पच्चीस नकटेका युवाले जसरी नै पुरीले आफ्नो हेयर स्टाइल तयार गरेका छन्। ड्रेसअपमा पनि उनी अगाडि नै छन्।

अर्का युवा निर्देशक शोभित बस्नेत फेसनको मामिलामा आफू चनाखो भएको बताउँछन्। राम्रो फेसन गरियो भने सबैको आँखा आफूतिर हुन्छ भन्ने कुरा शोभितलाई थाहा छ। उनी भन्छन्- अरूले आयोजना



गरेको कार्यक्रममा जाँदा फेसनेबल हुनुपर्छ, आफ्नो कार्यक्रममा त सबैले आफैंलाई महत्त्व दिइहाल्छन्। शोभित ह्याट लगाउनमा धेरै ध्यान दिन्छन्।


निर्देशक युवराज लामा पहिरनमा धेरै खर्च गर्छन्, किनभने उनी प्रायः विदेशी पहिरन लगाउँछन्। सुकिलो भएर हिँड्ने लामा भन्छन्– पहिले-पहिले त युरोप गएका बेला धेरै खरिद गरिन्थ्यो। अहिलेचाहिँ दरबारमार्गको ओटिन र कहिलेकाहीँ भाटभटेनी पुगिन्छ। लामाको पनि



पर्टिकुलर कुनै ब्रान्ड छैन। उनी भन्छन्– सुहाउँदो हुनुपर्‍यो र सुकिलो देखिनुपर्‍यो, जस्तो पनि लगाउँछु। यद्यपि लामा बजारमा आममान्छेले लगाउने ढंगका पहिरनचाहिँ लगाउँदैनन्। अरू कसैले आफ्नो जस्तो ड्रेसअप गरेको देखे भने उनी फेरि त्यही पहिरन लगाउँदैनन्।


निर्देशक आकाश अधिकारी र दीपक श्रेष्ठ पनि सुकिलो भएर हिँड्छन्। आकाश विदेशी ब्रान्डका पहिरन लगाउँछन् भने दीपकचाहिँ आफू सुहाउँदो खोज्छु भन्छन्। अर्का निर्देशक दिनेश डीसी समयसुहाउँदो पहिरन लगाउने बताउँछन्। तैपनि एउटा हल्का रातो फुल टिसर्ट उनी जहिल्यै लगाउँछन्। दिनेशलाई जान्नेहरू भन्छन्- उनी तन्नेरी देखिने खालको ड्रेसअप गर्छन्।

चलचित्र संगीतकारहरूमा शम्भुजित बाँस्कोटा राम्रो ड्रेसअप गर्नेहरूमध्ये एक हुन्। उनी फेसन ट्रेन्डभन्दा पनि टिपटप भएर हिँड्ने



प्रयास गर्छन्। अर्का संगीतकार चेतन सापकोटा ड्रेसअपका साथै हेयर स्टाइलमा पनि ध्यान दिन्छन्। उनले आफ्नो केश रङ्गाएका छन्। संगीतकार महेश खड्का टिपटप हुने प्रयास गर्छन् भने सुरेश अधिकारीलाई ड्रेसअपमा कुनै चासो देखिँदैन।

मदनकृष्ण श्रेष्ठ प्रायः कटनको पाइन्ट र सर्टमा देखिन्छन् भने दुई किशोर छोराका बाबु हरिवंश आचार्य अहिले पनि तन्नेरी बन्ने प्रयास गर्छन्। उनको एउटा धर्के सर्ट छ, जुन उनी वर्षौंदेखि लगाइरहेका छन्। आचार्य भन्छन्- यो मेरो फेबरेट सर्ट हो।



**प्रश्न : म हिन्दू युवक हुँ र मेरी प्रेमिका मुस्लिम। हाम्रो प्रेम भएको झन्डै अढाई वर्ष भैसकेको छ। हामी एक–अर्कालाई शुद्ध प्रेम गरिरहेका छौं। हामीबीच कुनै नाजायज सम्बन्ध छैन। हामी एक–अर्काको जीवनसाथी बन्न चाहन्छौं। के हिन्दू र मुस्लिमको विवाह सम्भव छ ? म अहिले दोधारमा छु। मेरो मनमा अनेकौं खुल्दुली छ। धर्म फरक भएकाले भविष्यमा कुनै नराम्रो हुने हो कि भन्ने त्रास पनि छ।**

**–केकेके**

**उत्तर** : भनिन्छ, प्रेममा जात र धर्मका कुरा गौण हुन्छन्। यद्यपि हाम्रो परम्परागत सोचाइमा यस्ता कुरालाई महत्त्व दिइन्छ। तपाईंहरू अन्तरधार्मिक विवाह गर्न खोज्ने पहिलो जोडी होइन। सबै धर्मलाई उत्तिकै सम्मान दिइने नेपाली समाज सबै वर्ग, जात र धर्मका मानिसहरू मिलेर बनेको हो। पछिल्लो समयमा अन्तरजातीय वा अन्तरधर्मीय विवाह पनि यो समाजमा धूमधामले गरिँदै आएका अनेकौं उदाहरण छन्। यस अर्थमा तपाईंले आत्तिनु पर्दैन। यसमा मनको कुराभन्दा पनि व्यावहारिक कुरामा जानु राम्रो हुन्छ। तपाईंले सबैभन्दा पहिले आफ्नो परिवारलाई यी सबै कुराको जानकारी दिनु उचित हुन्छ। परिवारलाई मनाएपछि युवतीको परिवारमा कुरा चलाउन लगाउनुहोस्। हुनसक्छ, सुरुमा कोही नमान्लान्, तर बिस्तारै उनीहरूलाई मनाउन सकिन्छ। यसका लागि तपाईंहरूमा धैर्यता चाहिन्छ। मनमा अनेकौं कुरा खेलाएर त्यत्तिकै पिल्सिएर बस्नुभन्दा आफ्नो उद्देश्यका पक्षमा सकेसम्म छिटो कुनै न कुनै कदम चाल्नु बेस हुन्छ।


पाठकहरुको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय–सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## फिल्मी खबर


**पोखरालाई** केन्द्र मानेर छायाङ्कन गरिएको चलचित्र हामी साथीभाइले यतिबेला सिनेमाहलमा दर्शकको अपार साथ बटुलेको छ। ९० प्रतिशतभन्दा बढी दृश्य पोखराकै सेरोफेरोमा घुमेको चलचित्रको पहिलो प्रदर्शन पनि पोखराबाटै थालिएको हो। नायकबाट निर्माता बनेका दिलीप रायमाझी तथा सुनीलदत्त पाण्डेले संयुक्त रूपमा लगानी गरेको यो चलचित्रले नेपाली सिनेमा हेर्न हलसम्म नआउनेहरूलाई पनि तानेको छ। चलचित्रमा गाउँबाट आएका दुई साथीभाइको सुख–दुःखको कथालाई फरक ढंगले गरिएको छ। रवि अर्यालले निर्देशन गरेको यो चलचित्र ५० लाख लगानीमा निर्माण भएको हो।

**दाजुभाइबीचको** अंश विवादमा आधारित चलचित्र 'भाइमारा'को प्रदर्शन काठमाडौं उपत्यकाबाहिरबाट आरम्भ भै हाल सफलतातर्फ उन्मुख भैरहेको उक्त चलचित्रका निर्माता रमेशकुमार पाण्डेले बताए। सुशील क्षेत्री, गरिमा पन्त, दिनेश शर्मा, दिग्विजय सिंह आदि कलाकारले अभिनय गरिरहेको उक्त चलचित्रका निर्देशक हरि उदासी हुन् भने यसमा हरि लम्सालले संगीत दिएका छन्।

**माराम** लिम्बू भाषाको एउटा शब्द हो, जसको अर्थ 'मूल बाटो' हुन्छ। यो चलचित्र जेनिता मुभिज मेकर्स प्रा.लि. को ब्यानरमा सूर्य प्रकाश चेम्जोङको कथा/पटकथा र निर्देशनमा छायांकन भैरहेको लिम्बू संस्कृतिमा आधारित कथानक चलचित्र हो। करिब ७ लाख खर्च हुने अनुमान गरिएको यो चलचित्रमा लिम्बूहरूको ऐतिहासिक धर्म, संस्कृति आदि झल्काइएको छ। चलचित्रमा विशेषतः धार्मिक सहिष्णुताको सन्देश रहनेछ। यो चलचित्र ग्रामीण भेगलगायत काठमाडौं, पाँचथरका विभिन्न ऐतिहासिक तथा पर्यटकीय स्थलहरूमा छायाङ्कन भैरहेको छ। चलचित्रमा २००१ का मिस्टर नेपाल विजेता रोहित थेबेले पनि अभिनय गरेका छन्। अढाई घण्टा लामो यो चलचित्रका छायाँकार केशव रायमाझी हुन्।



# एड्सविरुद्ध विपना र युवराज



प्रायः सिने कलाकारहरू सुटिङका लागि नै पोखरामा झुल्कन्छन्। गएको साता सोमवार भने चर्चित नायिका बिपना थापा र चलचित्र अभिनेता एवं निर्माता युवराज लामालाई भिन्नै कार्यक्रममा देखियो। उनीहरू कुनै सिनेमासम्बन्धी गतिविधिका लागि यहाँ आएका थिएनन्। एड्सविरुद्ध राष्ट्रिय जनसंघर्ष समितिले गरेको एचआईभी र एड्सविरुद्धको अभियानमा राजनैतिक नेतृत्वको भूमिका विषयक कार्यक्रममा उनीहरू अतिथिका रूपमा निम्त्याइएका थिए।

कार्यक्रममा विपनाले एचआईभी र लागूपदार्थविरुद्धको अभियानमा जनचेतना जगाउने कार्यमा लाग्न सबैलाई सल्लाह दिइन्। लागूपदार्थ दुर्व्यसनी तथा एचआईभी सङ्क्रमितहरूले नलजाई साथीभाइहरूसँग आफ्ना समस्याहरू आदानप्रदान गर्नुपर्ने कुरामा पनि उनले जोड दिइन्। उता अभिनेता तथा निर्माता युवराज लामा भने कार्यक्रममा केही भावुक देखिए। विगत २० वर्षदेखि विदेशी चलचित्रको हस्तक्षेप र नेपाली चलचित्रको संरक्षणका खातिर बोल्दै आएका लामा यसपटक लागूपदार्थ दुर्व्यसनीका बारेमा बोले। उनकै छोरा सिद्धार्थ लामा लागूपदार्थ प्रयोगकर्ता हुन् र उनी अहिले रिकभरिङको प्रक्रियामा छन्।

कार्यक्रममा लामाले आफूले आफ्नो छोरा लागूपदार्थ प्रयोगकर्ता भएको धेरै समयपछि मात्र थाहा पाएको बताए। यसो हुनुमा उनी छोराको मात्र नभै आफ्नो पनि दोष रहेको बताउदै थिए। छोराछोरीहरूलाई कुलतबाट बचाउन अभिभावकहरू नै प्रमुख रूपमा सचेत हुनुपर्ने सन्देश उनले दिए।

जम्का भेट

२०४४ सालमा शुभारम्भ गरिएको चलचित्र 'भाग्यरेखा' बाट निर्देशकका रूपमा रजतपटमा देखिएका दीपक रायमाझी ननस्टप निर्देशक हुन् । उनले युगदेखि युगसम्म, कसम, प्रेयसी, पराईघर, अँगालो–अँगालोमा, कस्तो सम्झौता, यो मायाले लौन सतायो, पूजा, बज्रपात आदि चलचित्र निर्देशन गरिसकेका छन् । रायमाझीले नेपाल टेलिभिजनका निम्ति १ सय ६ भागको टेलिफिल्म 'वंश' पनि बनाए । निर्देशक दीपक रायमाझीसँग साप्ताहिकको जम्काभेट :



# म तन्नेरी नै छु

**तपाईंको खासै चर्चा छैन नि हिजोआज ?**

टेलिभिजनमा दुई वर्ष काम गरें । पछिल्लो पटक मैले त्यति फिल्म बनाएको छैन । काम नगरेपछि चर्चा हुने कुरै भएन, तर अब फेरि काम गर्दैछु ।

**के काम हो त्यस्तो ?**

हाम्रो मिलन कहिले हुन्छ नामक चलचित्रको होम प्रोडक्सन गर्दैछु ।

**उही पुरानै शैलीमा त होला नि अब पनि ?**

अब म युगदेखि युगसम्म, कसम आदि जस्तो पाराले काम गर्दिनँ । ती चलचित्र त्यतिबेलालाई थिए । अब जय नेपाल र कुमारी हल जाने दर्शकका लागि पनि हुने चलचित्र बनाउँछु ।

**पुराना चलचित्रकर्मीहरूको दिन गएजस्तो लाग्दैन ?**

उमेरले बूढोभन्दा पनि सोच-विचारले बूढो हुँदा दिन जान्छ । यस हिसाबमा म त तन्नेरी नै छु ।

**बूढा निर्देशकले रिटायर भए हुन्छ भन्नेहरू पनि निस्कन थालेका छन् नि ?**

सिर्जनामा थकान हुँदैन । हलिउडमा कस्ता-कस्ता बूढाहरूले योङहरूका निम्ति चलचित्र बनाइरहेका छन्, मेरो कुरा गर्नुहुन्छ भने म यतिबेला फेरि जोस्सिएको छु ।

**तपाईं जोस्सिएर दर्शकले के पाउलान् ?**

उही फाइट, उही गाना, उही संवाद, यस्ता कुराबाट दर्शक वाक्क भैसके । अब हेर्नुहोस् न, मैले निर्देशन गरेका चलचित्र । हाम्रो मिलन कहिले हुन्छ पछि मेरो मूल्यांकन गर्नुहोला ।

# केवल एक प्रश्न

## तपाईंको पेसामा सबैभन्दा नजिकको प्रतिस्पर्धी कसलाई मान्नुहुन्छ ?



अघिल्लो पुस्तामा रेखा थापा । अहिले मेरो पुस्तामा कोही पनि मजत्तिका छैनन् । सबै बेस्ट छन् भने म उनीहरूभन्दा बेस्ट छु ।

–ऋचा घिमिरे, चलचित्र नायिका

को हुनु र ? कोही पनि छैनन् । मेरो प्रतिस्पर्धी म आफैं हुँ । मलाई आफ्नो कामसँग मतलब छ । मेरो आफ्नै धेरै काम भएको एउटा चलचित्रसँग अर्को चलचित्रको प्रतिस्पर्धा हुन्छ । त्यसरी पनि मेरो आफैंसँग प्रतिस्पर्धा भैरहेको छ ।

–एनबी महर्जन, द्वन्द्व निर्देशक

निरुता सिंह । हा..हा...हा..। उहाँको अभिनय मलाई पहिलेदेखि मनपर्‍यो । म उहाँजस्ती अभिनेत्री हुन चाहन्छु । त्यसैले मेरो प्रतिस्पर्धी उहाँलाई नै भन्नुपर्‍यो, कि कसो ?'

–शुभेच्छा थापा
चलचित्र/टेलिचलचित्र अभिनेत्री

मैले कसैलाई आफ्नो प्रतिस्पर्धी मानेको छैन, तर प्रतिस्पर्धी नै मान्ने हो भने राजेश हमालदेखि म राजेश ढुंगानासम्म हाल चलचित्रमा कार्यरत सबै नायकसँग मेरो प्रतिस्पर्धा छ, स्वच्छ प्रतिस्पर्धा..।

–राजेश ढुंगाना, चलचित्र नायक

ला कम्पिटिसन, लौन कोसँग छ र ? ऋचा घिमिरे, पुजाना सबै मेरा कम्पिटिटर हुन् । उनीहरू मेरा मिल्ने साथी पनि हुन्, तर उनीहरूसँग राम्रो काम गरेर देखाउने प्रतिस्पर्धा पनि छ ।'

–रञ्जु लामिछाने
चलचित्र/टेलिचलचित्र
नायिका

## चलचित्र



### आई नो हु किल्ड मि

हलिउड चलचित्र उद्योगमा अघिल्लो शुक्रबार चलचित्र 'आई नो हु किल्ड मी' सार्वजनिक भयो। थ्रिलरमा आधारित यो चलचित्रमा हिंसा र यातना भोगेकी एउटी युवतीको ममस्पर्शी अभिनय हेर्न पाइन्छ। क्रिस सिभर्टसनको निर्देशनमा निर्माण भएको यो चलचित्रमा लिन्ड्से लोहान, जुलिया ओरमोन्ड, नील म्याकडोनफ, ब्रायन गेराघ्टी आदिले अभिनय गरेका छन्। चलचित्रमा अब्रे फ्लेमिङको भूमिकामा अभिनय गर्ने लिन्ड्से लोहान नै शीर्ष चरित्रमा छिन्। अब्रे सबै दृष्टिकोणले राम्री युवती हुन्। उनी एउटा आदर्शनगरमा बस्दै आएकी थिइन्, तर समय बित्दै जाँदा त्यहाँको वातावरण अशान्तिमा परिणत हुन्छ। अब्रेलाई श्रृङ्खलाबद्ध हत्याकाण्ड मच्चाउँदै आएको एउटा समूहले अपहरण गर्छ। उक्त समूहले उनलाई अनेकौं यातनासमेत दिन्छ। अब्रे त्यहाँबाट भाग्ने प्रयास गर्छिन्, तर उनलाई एक जनाले यस्तो खतरनाक प्रयास नगर्न सल्लाह दिन्छ। चलचित्रमा अब्रे मानसिक रूपमै थकित हुन्छिन्, उनले शंका गरेका व्यक्ति निरपराधी हुन्छन् भने शंकै नगरेका व्यक्ति अपराधी भैरहेका हुन्छन्। अमेरिकाको लस एञ्जलस तथा न्युयोर्कमा छायांकन गरिएको यो चलचित्रमा यौनविकृतिको पक्षलाई समेत समेटिएको छ।

### मेरिगोल्ड



यो साता सार्वजनिक हुने चलचित्र 'मेरिगोल्ड' लाई 'म्युजिकल रोमान्टिक कमेडी' को उपमा दिइएको छ। एउटी अमेरिकी युवती भारत भ्रमणका लागि आउँदा उनको जीवनमा अकल्पनीय घटना घट्छ। अमेरिकी चलचित्रकी नायिका मेरिगोल्ड लेक्सटोन भारत भ्रमणमा आउँछिन्। मेरी गोवामा छायाँकन भैरहेको एउटा हलिउड चलचित्रमा अभिनय गरिरहेकी हुन्छिन्। घमण्डी व्यवहारकी मेरीको भेट चलचित्रका एक नृत्य निर्देशक प्रेमसँग हुन्छ। प्रेमको सहयोगी एवं मायालु व्यवहारबाट प्रभावित भएपछि उनी उनैसँग प्रेम गर्न थाल्छिन्। अर्कातर्फ प्रेमको भारतीय युवती जानवीसँग मागी विवाह हुन लागेको हुन्छ। प्रेमले मेरिगोल्डलाई मनपराउन थालेको चाल पाएपछि जानवी उनीहरूको जीवनबाट हट्छिन् तर मेरिगोल्डका अमेरिकी प्रेमी बेरीले भने त्यो सम्बन्ध र जानवीको त्यागलाई स्वीकार गर्न सक्दैनन्। सलमान खानका साथ अमेरिकी नायिका अलि लार्दरले अभिनय गरेको यो चलचित्रका निर्देशक विलआर्ड क्यारोल हुन्। हलिउडका निर्माताद्वय टम ह्विलहाइट र चार्ल्स साल्मोनले निर्माण गरेको यो चलचित्रमा शंकर इशान लोयको संगीत सुन्न पाइन्छ।

### ब्राज




चारजना टिनएजर अमेरिकाका विभिन्न राज्यबाट आएका हुन्छन्। उनीहरूको आ-आफ्नै संस्कार हुन्छ। भिन्न सामाजिक परिवेशमा हुर्किएका उनीहरूको भेटघाटपछि मित्रता कायम हुन्छ। उनीहरूको रहनसहन, बोली-व्यवहार केही पनि मिल्दैन। उनीहरूबीच एउटै कुरा मिल्छ त्यो हो- संगीतप्रतिको रुचि। गीत-संगीत भनेपछि हुरुक्कै हुने ती चारजना मिलेर एउटा सांगीतिक समूह तयार पार्छन् र समूहको नाम राख्छन्- ब्राज डल्स। हास्यप्रधान सांगीतिक चलचित्रका रूपमा युवायुवतीका लागि भनेर तयार पारिएको यो चलचित्र यसै साता सार्वजनिक हुँदैछ। स्काइलर साय, मेलिज जो, किम मोर्गान ग्रिने, डेनियल बुको तथा चेल्सी स्टबको मुख्य भूमिका रहेको यो चलचित्रका निर्देशक सिन मेक्नमरा हुन्।


## पहिलो विश्व

### अमेरिकीहरूका यौन साथी



एउटा मानिसको जीवनमा कति जना यौनसाथी हुन्छन्? एक, दुई अथवा तीन? होइन। अमेरिकीहरूको जीवनमा औसत १५ जनाभन्दा बढी यौनसाथी छन्। अमेरिकाको संघीय सरकारले गरेको आधिकारिक सर्वेक्षणमा यो तथ्य अगाडि आएको हो। सरकारले यौन क्रियाकलाप तथा नसालु पदार्थ प्रयोगका बारेमा राष्ट्रव्यापी सर्वेक्षण गरेको थियो, जसमा २९ प्रतिशत अमेरिकी पुरुष तथा ९ प्रतिशत महिलाले आफ्नो १५ जनाभन्दा बढी यौन साथी भएको स्वीकार गरे। सर्वेक्षणअनुसार औसतमा एक जना अमेरिकी पुरुषको जीवनमा ७ जना महिला साथी तथा महिलाको जीवनमा ४ जना पुरुष साथी रहेको पाइयो। सन् १९९९ देखि २००२ को अवधिमा यो सर्वेक्षण गरिएको थियो। सर्वेक्षणका क्रममा २० देखि ५९ वर्ष उमेरका ६ हजार २ सय ३७ अमेरिकीसँग विभिन्न प्रश्न सोधिएको थियो।

## युनियनद्वारा यौन चलचित्र निर्माण




युरोपियन युनियन युरोपको आर्थिक, सामाजिक एवं सांस्कृतिक समृद्धिका लागि सक्रिय संस्था भएको कुरा सबैलाई थाहा भएकै विषय हो। यही युनियनले यौन चलचित्र बनाउँछ भन्ने कुरा कमैलाई पत्यार लाग्न सक्छ। हालै युरोपियन युनियनले १८ जोडीलाई समेटेर यौनक्रियामा लागेको दृश्यलाई आधार बनाई छोटो चलचित्र 'लेट्स कम टु गेदर' निर्माण गरेको छ। महिला तथा पुरुषहरूलाई निर्वस्त्र रूपमा यौन क्रियामा संलग्न हुन लागेको दृश्य देखाइने उक्त चलचित्र युनियनको प्रेस शाखाले निर्माण गरेको हो। युनियनले युरोपियन चलचित्रको लोकप्रियतालाई अझ व्यापक बनाउन उक्त चलचित्रलाई प्रयोग गर्ने भएको छ। करिब ४४ सेकेन्डको उक्त चलचित्रलाई यु टुबमा राखिएको छ भने चलचित्रले पर्याप्त लोकप्रियता पनि पाइरहेको छ। एक तथ्यांकअनुसार यो चलचित्र उक्त वेबसाइटबाट ३९ लाख पटक हेरिसकिएको छ।

## विकिनीविनाकी सुन्दरी



सौन्दर्य प्रतियोगिता आयोजना हुँदै आएको छ 'मिस अरब वर्ल्ड' को नामले।

प्रतियोगिताको अधिकांश प्रस्तुतिमा सहभागी सुन्दरीहरूले आफ्नो शरीर टम्मै ढाकेका हुन्छन् भने कतिपय सहभागी सुन्दरीले आफ्नो शिरसमेत स्काफले छोपेका हुन्छन्। यो वर्षको मिस अरबवर्ल्डमा अरब मुलुकका १६ राष्ट्रका सुन्दरीले सहभागिता जनाएका थिए, जसमा मिस बहराइन वाफा यागोपले उपाधि हात पारिन्।



युवतीहरूलाई स्विम सुटमा प्रस्तुत नगरी अन्तर्राष्ट्रिय स्तरको कुनै पनि सौन्दर्य प्रतियोगिता हुन्छ भन्ने कुरामा कमैले विश्वास गर्छन्, किनकि अन्तर्राष्ट्रिय स्तरमा बढेको सौन्दर्य प्रतियोगिताको लहरले यो कुरालाई सोझै नकार्ने गरेको छ, तर विगत दुई वर्षदेखि युवतीलाई स्विम सुटमा प्रस्तुत नगरी अन्तर्राष्ट्रिय स्तरको

### अन्त्यमा..



तपाईंलाई यौनका बारेमा कुनै जानकारी चाहियो भने के गर्नुहुन्छ? पक्कै पनि चिकित्सककहाँ गएर परामर्श गर्नुहुन्छ। हुन पनि त्यसभन्दा भरपर्दो उपाय अरू नहुन सक्छ, तर सबै स्थानमा यौन रोग विशेषज्ञ हुन्छन् भन्ने छैन। यस्तै किसिमका समस्या भोगिरहेकाहरूलाई लक्षित गरेर सञ्चालनमा आएको www.bettersex.com निकै लोकप्रिय भैरहेको छ। आफ्नो साइटमा आउने असंख्य समस्या समाधान गर्न तल्लीन यो साइटले हाल ई-कमर्समार्फत आफ्नो सेवालाई अझ परिष्कृत गरेको छ। यो साइटले अहिले विभिन्न भिडियो फुटेजमार्फत यौन आसन, समस्या-समाधान, यौन शिक्षाजस्ता विषय पनि समावेश गरेको छ।

## लिटिल मिस काठमाडौंको छनौट आज

साउने झरीका कारण मौसममा अलिकति चिसोपनको आभास भए पनि बालबालिकासम्बन्धी प्रतिस्पर्धाको गर्मी भने बढेको देखिन्छ। विगत केही समययतादेखि यस्ता कार्यक्रमको आयोजनामा वृद्धि भएको देखिन्छ। यसबीच आज राजधानीस्थित प्रज्ञाभवनमा लिटिल मिस काठमाडौं उपाधिका लागि विभिन्न विद्यालयमा अध्ययनरत ९ देखि १३ वर्ष उमेर समूहका ४७ जना बालिकाबीच प्रतिस्पर्धा हुँदैछ। मुभी हाउसको आयोजना, अनिला श्रेष्ठको संयोजन तथा इशा बज्राचार्य र किरण श्रेष्ठको कोरियोग्राफीमा सञ्चालन हुने यो प्रतिस्पर्धामा लिटिल मिस काठमाडौं विजेता, फस्ट रनरअप, सेकेन्ड रनरअपसहित अन्य १३ वटा विधामा विजेता छनौट गरिनेछ।

## सर्कसमा कार्यरत नेपाली बालिकाहरूको उद्धार



द इस्टर बेन्जामिन मेमोरियल फाउन्डेसनले भारतको हरियाणा राज्यस्थित अमर सर्कसमा कार्यरत १६ जना नेपाली बालिकालाई फेला पारेको छ। सर्कसमा निःकृष्ट स्तरको काम गर्न बाध्य २० वर्षमुनिका यी बालिकाहरूमध्ये ९ जनालाई नेपाल फर्काइसकिएको छ। फाउन्डेसनका संस्थापक निर्देशक फिलिप होल्म्सका अनुसार बाँकी अन्यलाई स्वदेश फर्काउने प्रयास जारी छ। उद्धार गरिएकाहरूलाई केही समय पुनर्स्थापना केन्द्रमा राखेर घर पठाइने कुरा फाउन्डेसनले बताएको छ।


## नेवार फुच्चीहरूको प्रतिभा



प्रायः बास्केटबल खेलको अभ्यास हुने ठमेलस्थित जी.ए.ए. हलमा गत शनिबार परम्परागत नेवारी पहिरनमा सजिएका ९ देखि १३ वर्ष उमेर समूहका ४८ जना नेवार बालिकाले आ-आफ्नो प्रतिभा प्रदर्शन गरे। बालबालिकासम्बन्धी प्रतियोगतामा महत्त्वपूर्ण मानिने 'ट्यालेन्ट' एवार्डको विजेता छनौटका लागि सञ्चालन गरिएको उक्त प्रतिभा प्रदर्शन कार्यक्रममा सहभागी प्रतिस्पर्धीहरूमध्ये अधिकांशले नृत्य प्रस्तुत गरेका थिए भने बाँकीले वाद्यवादन, कवितावाचन, गायन, वकतृत्वकला तथा अभिनयमार्फत आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए। न्हुजः गुठीको सहभागितामा नेप्लीज फेसन होमले गत वर्षदेखि सञ्चालन गर्न थालेको मिस लिटिल नेवाः प्रतियोगिताअन्तर्गत सञ्चालित उक्त ट्यालेन्ट राउन्डका विजेताको नाम भोलि शनिबार प्रज्ञा-भवनमा सञ्चालन हुने अन्तिम प्रतिस्पर्धामा घोषणा गरिनेछ।

रोहिया महर्जन तथा विवेक श्रेष्ठको कोरियोग्राफीमा सञ्चालन हुने अन्तिम प्रतिस्पर्धाका लागि गत एक महिनादेखि सहभागीहरूलाई व्यक्तित्व-विकास, कोरियोग्राफी, आत्मविश्वास अभिवृद्धि, प्रस्तुतिकरणलगायत नेवार भाषा, कला-संस्कृति आदिका बारेमा प्रशिक्षण दिइएको छ। मिस लिटिल नेवाः प्रतियोगिताको शीर्ष उपाधि, फस्ट रनरअप, सेकेन्ड रनरअपका अतिरिक्त अन्य १३ वटा विधामा सहभागीहरूमध्येबाट विजेता छनौट गरिनेछ।

## वातावरणप्रेमी सेवइलालसम्बन्धी डकुमेन्ट्री



इटहरी– सुनसरी मधेली निवासी सेवइलाल चौधरीसम्बन्धी डकुमेन्ट्री निर्माण भएको छ। चौधरीको साउन १० गते निधन भएको थियो। चौधरी साधारण किसानका छोरा तर, असाधारण पात्र थिए। ८४ वर्षीय चौधरी दमरोगबाट थला परेका थिए।

पत्रकार शंकर खरेलको गीत/परिकल्पना तथा निर्देशनमा तयार भएको ३२ मिनेटको उक्त डकुमेन्ट्रीमा चौधरीको वातावरण अभियान तथा निधन भएपछिका दृश्य समेटिएको छ। सुनसरीको मधेली, काठमाडौं, इटहरी, विराटनगर आदि स्थानमा छायाङ्कन गरिएको यो वृत्तचित्र चुमनारायण तबदारले निर्माण गरेका हुन्। यसको प्रदर्शन साउनको तेस्रो साता सुनसरीको दुहबी सिनेमा हलमा हुनेछ।

चौधरीको वन र वातावरणप्रति अभूतपूर्व प्रेम थियो। चौधरीले गाउँको झुपडीदेखि दरबारसम्मको यात्रा तय गरेका थिए। चौधरी राजा वीरेन्द्रबाट गोदवा चौथो २०४९, वन तथा वातावरण मन्त्रालय पुरस्कार २०४९, गणेशमानसिंह अध्ययन प्रतिष्ठान २०५२, नेपाल जेसिज वर्ष पुरस्कार, जनसंख्या तथा वातावरण मन्त्रालय सम्मान, महिला, बालबालिका तथा समाज कल्याण पुरस्कार, कृष्णप्रसाद कोइराला सम्मानलगायत दर्जनौं पुरस्कारबाट सम्मानित थिए। कोरियास्थित वातावरणवादी संस्था आईआई एफडब्लुपी तथा आईआईपीपीले चौधरीलाई गत वर्ष सद्भावना राजदूत नियुक्त गर्दै सम्मान गरेको थियो।

जनमतसङ्ग्रह (२०३६ साल) ताका तत्कालीन सरकारले वन फँडानी गरेपछि साधारण खेती-किसानी गर्दै आएका चौधरीले सार्वजनिक स्थानहरुमा दसौं हजार बिरुवा रोपेका थिए।

–सन्तोष यादव

## साताको स्वर



## श्रीकृष्ण लुइँटेल

**'लामिछाने बा' कस्तो प्रकृतिको गीत हो ?**
रमाइलो प्रकृतिको। विशेष गरी यसलाई हँसाउने र बालबालिकाहरूलाई मनपर्ने गीत भन्न सकिन्छ।

**गीतमार्फत के भन्न खोज्नुभएको छ ?**
खासै सन्देश दिन खोजिएको छैन, तर गीत रमाइलो छ। एक जना युवकको विवाह गर्ने रहर छ, तर विवाह गर्न भने नपाएको व्यथा यसमा उल्लेख छ।

**गीत कसरी फुर्‍यो ?**
खर्साङमा कार्यक्रम गर्न जाँदा पत्रकार कमल रिमालसँग एउटा रमाइलो गीत बनाउने प्रसंग कोट्याउने क्रममा यो गीतको शब्द तयार भयो। अरूलाई शब्द सुनाउँदा सबैले राम्रो भनेपछि रेकर्डिङ गरियो।

**म्युजिक भिडियो पनि त रमाइलै रहेछ ?**
यो मैले आफैंले बनाएको भिडियो हो, जसमा गाउँले परिवेश समेटिएको छ। यसको छायाङ्कन मोरङका गाउँहरूमा गरिएको हो। म्युजिक भिडियोलाई गीतको भावजस्तै रमाइलो बनाउन खोजेको छु।

**म्युजिक भिडियोले गर्दा गीतले चर्चा पाएको हो ?**
शब्द, संगीत, गायन सबै हास्यप्रधान भएकाले म्युजिक भिडियो पनि हास्यप्रधान नै छ। त्यसैले सबैले मन पराएका छन्।

**गीतकार** रमोलादेवी शाह छिन्नलताको नाममा स्थापना गरिएको छिन्नलता गीत-संगीत पुरस्कार २०६३ बाट ४ जना सर्जकलाई सम्मान गरिएको छ। बर्सेनि प्रदान गरिँदै आएको यो पुरस्कारअन्तर्गत गीत रचनातर्फ कञ्चन पुडासैनी, संगीततर्फ रत्नबहादुर तथा गायनतर्फ लोचन भट्टराईलाई २० हजार राशिसहित पुरस्कार प्रदान गरिएको थियो। त्यसैगरी १० हजार राशिसहितको छिन्नलता प्रतिभा पुरस्कार पहिलो नेपाली तारा दीपक लिम्बूलाई प्रदान गरियो।

**वरिष्ठ** संगीतकार अम्बर गुरूङलाई यस वर्षको आस्था सम्मानबाट सम्मान गरिएको छ। गत शुक्रबार नेपाल प्रज्ञा-प्रतिष्ठानमा आयोजित एक कार्यक्रममा संस्कृतिविद् सत्यमोहन जोशीले संगीतकार गुरुङलाई उक्त सम्मान प्रदान गरेका थिए। यसअघि उक्त सम्मान चेतन कार्की, फत्तेमान राजभण्डारी, वसन्त रायमाझी तथा मृगेन्द्रमान मिश्रले पाइसकेका छन्। कार्यक्रममा सविना कार्की, हेमन्त शर्मा, शिशिर योगी, देविका बन्दना, नवराज घोरासैनी, आशा लामा, आगन्तुक खरेल, माण्डवी त्रिपाठी, कन्काइस्ट राई आदि गायक-गायिकाले आ-आफ्नो गीत गाएका थिए।

**गाईजात्रा** आउन अझै एक महिना बाँकी छ। यद्यपि गाईजात्रे व्यङ्ग्य समेटिएका एल्बमहरू भने बजारमा आउन थालिसकेका छन्। यसबीच हास्यजोडी 'खरी' अर्थात् खनाल शेखर एवं रिजाल शिवशंकरले गाईजात्रे एल्बम 'उग्रगमन' सार्वजनिक गरेका छन्। एल्बममा प्यारोडी गीत, प्रहसन आदि समेटिएको छ।

**गत** वर्ष नेपालयले आयोजना गरेको शान्ति संगीतको यात्राअन्तर्गत भक्तपुरमा गीत गाउन जाने क्रममा पपसम्राट् ओमविक्रम विष्टकी श्रीमती जीवनको अन्तिम पलहरू काटिरहेकी थिइन्। कार्यक्रम सकेर विष्ट घर फर्किएपछि त्यही बेलुका उनकी श्रीमतीले यो संसारबाट बिदा लिइन्। केही समयअघि मात्र साहित्यकार पिता दौलतविक्रम विष्ट र आमा गुमाएका गायक विष्टले पत्नी फ्लोरालाई पनि गुमाएपछि धेरै एक्लो महसुस गरेको बताउँदै आएका थिए। गायक विष्ट यतिखेर नयाँ गीतिसंग्रह बजारमा ल्याउने तयारीमा जुटेका छन्, जसमा उनले एउटा गीत आफ्नी दिवंगत श्रीमती फ्लोराको स्मृतिमा गाएका छन्। गायक विष्टले गत साता राजधानीमा आयोजित एक कार्यक्रममा सम्मान ग्रहण गरेपछि उक्त गीत गाएका थिए। गायक विष्टका अनुसार यो गीतका हरेक शब्द श्रीमती फ्लोराप्रति समर्पित छन्। उक्त संग्रहमा गायक विष्टले र्‍यापसंगीत पनि प्रयोग गरेका छन्।

**गत** शनिबारदेखि टाइम्स म्युजिक प्रा.लि. नामक नयाँ संगीत कम्पनी सार्वजनिक भएको छ। नयाँ स्रष्टाहरूलाई सहयोग गर्ने उद्देश्यले स्थापना भएको बताइएको उक्त कम्पनीले सोही दिन आफ्नो लोगो पनि अनावरण गर्‍यो। वि.सं. २०६२ साल आश्विनमा दर्ता भएको उक्त कम्पनीले करिब एक दर्जन गीतिसंग्रह बजारमा ल्याइसकेको कम्पनीका प्रबन्ध निर्देशक लक्ष्मण हुमागाईंले बताए। कार्यक्रममा गायक किसान गुरुङको पहिलो गीतिसंग्रह 'जुनेली' लाई वरिष्ठ पप गायक ओमविक्रम विष्टले लोकार्पण गरेका थिए। मलेसियामा रेकर्डिङ गरिएका गायक गुरुङको उक्त संग्रहलाई टाइम्स म्युजिक प्रा.लि.ले बजारमा ल्याएको हो। कार्यक्रममा संग्रह जुनेलीमा समावेश टाइटल गीत जुनेलीको म्युजिक भिडियोसमेत प्रदर्शन गरिएको थियो।

**गायक** कृष्णविक्रम थापाले वर्षौं अघि गाएको चर्चित गीत 'सिन्धुलीगढी...' को रिमिक्स भर्सनलाई दर्शक-श्रोताहरूले मन पराएका छन्। राहुल प्रधानको रिमिक्स तथा खगेन्द्र सिंहको स्वर रहेको यो गीत यतिखेर विभिन्न सञ्चारमाध्यमको 'काउन्टडाउन' मा पर्न सफल भैसकेको छ। नेपाली सांगीतिक क्षेत्रमा बलियो परिचय स्थापित गर्ने चाहना राखेका गायक सिंहले यो रिमिक्सबाट आफ्नो सांगीतिक क्यारियरमा धेरै सहयोग मिल्ने विश्वास लिएका छन्। सिन्धुलीगढीको रिमिक्स भर्सनको म्युजिक भिडियोको निर्देशन प्रणव जोशीले गरेका हुन्।

**गायक** भरत सिटौलाको पछिल्लो गीतिसंग्रह 'म अनि तिमी' मा समावेश पपगीत 'ओ रिया...' को म्युजिक भिडियो सार्वजनिक भएको छ। अहिलेको पुस्ताले मनपराउने शब्दमा तयार भएको यो गीत अहिले लोकप्रिय हुने क्रममा छ, तर गीत राम्रो भए पनि म्युजिक भिडियो त्यसअनुरूपको देखिँदैन। 'म्युजिक भिडियोका बारेमा मिश्रित प्रतिक्रिया पाएको छु' गायक सिटौलाले भने– 'तर समग्र दर्शक-श्रोताले भने यो गीतलाई मन पराइरहेका छन्। हेर्दै जाऊँ के हुन्छ ?'

**गायक** जविकको पहिलो गीतिसंग्रह अब चाँडै बजारमा आउने भएको छ। कलेक्सन गीतिस्रंग्रहमा समाविष्ट 'आँखाभरि आँसु किन .....' गीतले जविकलाई लोकप्रियताको शिखरमा पुर्‍याएको थियो, तर लामो समय बितिसक्दा पनि उनको गीतिसंग्रह बजारमा आउन सकेको थिएन। संग्रह तयार छ, गायक जविकले भने- अब एउटा गीतको म्युजिक भिडियो तयार हुनेबित्तिकै संग्रह बजारमा आउनेछ। जविकका अनुसार अहिले दोस्रो गीतको म्युजिक भिडियो छायांकन गर्ने तयारी भैरहेको छ। म्युजिक भिडियो निर्देशक आलोक नेम्वाङले यसै साता उक्त म्युजिक भिडियोको कार्य सक्ने कुरा पनि गायक जविकले बताए।

**गायक** सुमन श्रेष्ठले पहिलो गीतिसंग्रह 'फरअवे' मार्फत सांगीतिक क्षेत्रमा बलियो उपस्थितिको सम्भावना देखाएका छन्। संग्रहमा समावेश गीत 'मुटु मेरो...' ले श्रोताको मन जित्न सफल भएकाले पनि उनी यसलाई आफ्नो सांगीतिक क्यारियरको पहिलो सफलता मान्छन्। म्युजिक भिडियो सार्वजनिक भैसकेपछि सुमनको परिचय अझ व्यापक भएको छ। 'गायक हुने क्रममा धेरै दु:ख गर्नुपर्‍यो, पहिलो संग्रह ल्याउन निकै गाह्रो रहेछ।' राजधानीबाहिरका कन्सर्टमा सहभागी भएर फर्किएपछि गायक श्रेष्ठले साप्ताहिकसँग भने- 'अबको यात्रा सहज होला भन्ने विश्वास लिएको छु।'



हिपहप गायक अविनाश घिसिङ आफ्नो नयाँ म्युजिक भिडियोमा।
तस्बिर : फुर्सद डटकम

## लाइभ सो

-नेपाली लोकधुन, शास्त्रीय तथा फ्युजन संगीतको तरङ्ग छरेर मन्त्रमुग्ध पार्न खप्पिस मानिएको संगीत समूह 'कुटुम्ब' ले भोलि साउन १९ गते शनिबार लगनखेलस्थित पाटन औद्योगिक क्षेत्रस्थित सिंह आर्ट ग्यालरीमा सांगीतिक कार्यक्रम प्रस्तुत गर्दैछ। साँझ चार बजे आरम्भ हुने डेढ घन्टा लामो उक्त सांगीतिक कार्यक्रममा समूहका सात जना सदस्यले सारंगी, तुङ्बा, धिमे, खिन, बाँसुरी, मुर्चुङ्गा लगायत उनीहरूको संगीत संग्राहलयमा रहेका ५२ थरीका बाजामध्ये धेरैका धुन सुनाउनेछन्।

-उमेन्स क्रियसन सेन्टरले डाइरेक्सन नेपालसँग मिलेर हरेक वर्ष आयोजना गर्ने 'तीज उत्सव' को छैटौं सस्करण आउँदो भदौ ७ देखि १४ गतेसम्म त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको प्रदर्शनी कक्षमा सञ्चालन गर्दैछ। उक्त उत्सव तथा प्रदर्शनीमा महिलावर्गका लागि उपयोगी हस्तकला, साडी, कुर्ता सलवार, उपहार, गरगहनासहित तीजका सामग्रीहरू आदिका ६० वटा विभिन्न स्टल रहनेछन्।

## मन्त्र : प्रवासी नेपालीको प्रतिनिधि रक ब्यान्ड



धरान- प्रवासी नेपालीहरूको सांगीतिक योगदानलाई दार्जीलिङको रक ब्यान्ड 'मन्त्र'ले निरन्तरता दिएको छ। मन्त्रका मेलोडी रक गीतहरू नेपाली युवापुस्तामाझ लोकप्रिय छन्। सन् २००३ मा बजारमा आएको पहिलो एल्बम 'मन्त्र'ले यो ब्यान्डलाई तन्नेरी पुस्तामा चिनाएको थियो। त्यसको दुई वर्षपछि सार्वजनिक गरिएको दोस्रो एल्बम 'रक यात्रा'ले मन्त्रको लोकप्रियता ह्वात्तै बढाएको थियो। गत वर्ष बजारमा आएको तेस्रो एल्बम 'हिमाली नेपाली'ले पनि राम्रै बजार पाएको छ।

२४ देखि ३७ वर्षसम्मका चौरस्ता आसपासका युवाहरूको समूह 'मन्त्र' नेपालीभाषी युवापुस्ताको मात्र होइन, भारतका विभिन्न सहरमा पनि लोकप्रिय बन्दै गएको छ। मन्त्र भारतीय राजधानी नयाँ दिल्ली, नागल्यान्ड, सिक्किम, हिमाञ्चल, भुटान, सिलोङ, म्युजरफ, कोलकाता तथा दार्जीलिङका २ सयभन्दा बढी सांगीतिक कार्यक्रममा सहभागी भैसकेको कुरा बताउँदै यसका भोकलिस्ट भास्कर देवान भन्छन्- 'कन्सर्टले गर्दा घरमा टाइम दिन भ्याइँदैन।' भारतका विभिन्न सहरमा आयोजना हुने कन्सर्टमा उनीहरू अंग्रेजी गीत प्रस्तुत गर्छन्। भोकलिस्ट भास्करका अनुसार ब्यान्ड चाँडै अंग्रेजी गीतहरूको एल्बम निकाल्ने तयारीमा छ। नेपालमा भने यो समूहले भद्रपुर, बिर्तामोड, पोखरा तथा धरानका कन्सर्टमा सांगीतिक कला देखाइसकेको छ।

तन्नेरी पुस्तामा लोकप्रिय भए पनि मन्त्र रक, पप वा हेवी मेटल संगीत प्रस्तुत गर्ने प्रवासी नेपालीहरूको पहिलो ब्यान्ड भने होइन। नेपालमा खासै चर्चा नपाए पनि दार्जीलिङमा दशकअघि नै फरबिडन फ्रुट, रोस्टिनेल्स, प्रलय, युएस ब्यान्डलगायत २०-२५ वटा ब्यान्ड लोकप्रिय थिए। निरन्तरता दिन नसक्दा ती ब्यान्डहरू अहिले अस्तित्वमा छैनन्। अंग्रेजी ब्यान्डहरू मेटालिका, ड्रिम थिएटर, आइरन मेटनबाट प्रभावित मन्त्रका युवा संगीतकर्मीहरू रक, ज्याज, ब्लुज तथा स्लो-फास्ट रक गीतमा अब्बल मानिन्छ।

नेपाली वाद्यवादन सारंगी तथा बाँसुरीको धुन समेटेर मन्त्रले केही गीतलाई फ्युजन रक बनाउने प्रयास गरेको छ। समूहका लागि भारतीय प्रहरीमा कार्यरत विधान थापा सेक्सोफोन र बाँसुरी बजाउने काम गर्छन् भने सेनाका जागिरे विपिन थापाले ड्रम बजाउँदै आएका छन्। मनीष थापाले कि-बोर्ड, प्रभास सुब्बाले बेस गिटार तथा स्वर्गीय संगीतकर्मी गोपाल योञ्जनका भाञ्जा प्रज्ञा लामाले लिड गिटार सम्हाल्दै आएका छन्। मन्त्रका भोकलिस्ट भास्कर स्थानीय विद्यालयका शिक्षक पनि हुन्। मन्त्रमा एकजुट हुनुअघि प्रज्ञा, भाष्कर र मनीष दार्जीलिङकै क्रमश: मलाइका, क्रुसेटर्स तथा समुद्र मन्थन ब्यान्डसँग आबद्ध थिए।

-राजु घिसिङ

## नजिकबाट — बिमाकुमारी दुरा

| | | |
|---|---|---|
| जन्ममिति | : | २०२८ वैशाख ९ गते |
| घरमा बोलाउने नाम | : | नेप्टी |
| तपाईंको नामको अर्थ | : | हजुरमाको नाम बिमा नै भएकाले उहाँकै स्मृतिमा राखिएको |
| जन्मस्थान | : | दुराडाँडा, लमजुङ |
| अरूले थाहा नपाएका कुरा | : | कुनै पनि कुरा सीधै भन्छु |
| पहिलो गीत | : | १३ वर्षअघि रेकर्ड भएको 'लाइछु माया अर्केको नासो' |
| पहिलो एल्बम | : | १३ वर्षअघि 'छुट्यो मायाजाल' |
| प्रकाशित एल्बम | : | छुट्यो मायाजाल, सकिनँ बिर्सन, फर्क अब त, सम्झेर फर्क है, भेट्ने रहर छ, चिनो, चिठी आयो धागोले बाँधेको, पाउँदीको दोभान। |
| पहिलो प्रेम | : | बूढोसँग |
| पहिलो डेटिङ | : | स्टुडियोमा |
| घुम्न जाने ठाउँ | : | जन्मस्थान |
| मनपर्ने नायक | : | शिव श्रेष्ठ |
| मनपर्ने गायिका | : | सावित्री शाह |
| मनपर्ने पहिरन | : | आफ्नै जातिको गुन्यू-चोली |
| फुर्सदमा | : | सुत्छु |
| नजिकको साथी | : | मेरी सोल्टिनी इन्द्रा |
| मनपर्ने आफ्नै बानी | : | झट्ट अरूलाई विश्वास नगरी आफ्नै भरमा हिंड्ने |
| मननपर्ने आफ्नै बानी | : | केही पनि छैन |
| सबैभन्दा बढी माया | : | छोरीलाई |
| रमाइलो क्षण | : | जन्मस्थान पुगेर सँगै खेलेका साथीसँगी भेट्दा |
| नरमाइलो क्षण | : | घरबाट सहरका लागि निस्कँदा |
| गर्न बाँकी काम | : | बिमा कहाँकी भन्दा नेपालकी भनेर चिनिन पाऊँ |
| मनपर्ने उपहार | : | गीत सुनेर विदेशबाट प्रशंसकले पठाएका कुनै पनि |
| सर्वप्रथम बजाएको बाजा | : | मादल |
| रिस उठेको बेला | : | सुत्छु |



# युएईलाई नजिकबाट नियाल्दा

अघिल्लो अंकबाट जारी

**भिजिट भिसामा आउनेहरूको समस्या** : अहिले युएईमा भिजिट भिसामा आउने नेपालीको समस्या विकराल छ। एकातिर नेपालीहरू विदेश जान पाइने आशामा केही नबुझी अघि बढ्छन् भने अर्कातिर दलालहरूले आफ्नो फाइदाका लागि विभिन्न झूटा प्रलोभन देखाएर उनीहरूलाई ठग्छन्। त्यसैको परिणामस्वरूप अहिले हजारौं नेपाली भिजिट भिसामा युएई आएर अलपत्र परेका छन्। पहिलो कुरा त भिजिट भिसामा आएर काम गर्नु गैरकानुनी हुन्छ भन्ने कुरा सबैले बुझ्नु आवश्यक छ। हो, एक-दुई प्रतिशतले भिजिट भिसामा आएर पनि काम पाएका छन् तर त्यसो भन्दैमा सबै कामदार भिजिट भिसामा आउनु दुःख निम्त्याउनु मात्र हो। भिजिट भिसामा आएर दुःख पाएकालाई उद्धार गर्नु त छँदैछ तर पनि 'उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु' युक्ति संगत हुन्छ। यो समस्याको निराकरणका लागि जनचेतना फैलाउनु आवश्यक छ, त्यसका लागि सरकारी तवरबाट अविलम्ब कदम चाल्नुपर्ने हुन्छ।

**झूटो आश्वासन तथा विवरण** : मुख्यतया म्यानपावर कम्पनीहरूले रोजगारदाता कम्पनीसँग गरेको सम्झौता तथा कामदारलाई देखाउने कुरामा भिन्नता पाइन्छ। विभिन्न आश्वासन देखाएर उनीहरूलाई आकर्षित गरिन्छ, तर आफूले पाउने कमिसन हात परेपछि सम्पूर्ण जिम्मेवारीबाट पन्छिने काम म्यानपावर कम्पनी वा दलालहरूले गरिरहेका हुन्छन्, जसले गर्दा युएई आइपुगेपछि कामदारहरूले प्रत्यक्ष दुःख भोग्छन्।

अर्कातर्फ विज्ञापनमा ८ घण्टा काम र मासिक तलब तोकेर देखाइन्छ, साथै ओभरटाइमसहित जोडेर आम्दानी यति पुग्छ भनेर झूटा विवरण देखाई कामदारलाई आकर्षित गरिन्छ, तर युएईमा अधिकांश कम्पनीले भने ८ घण्टाभन्दा बढी समय काममा लगाउँछन् र थप समयको पैसा पनि दिँदैनन्। अर्कातर्फ सजिलै भिसा पाउन अधिकांश अदक्ष कामदारले झूटो व्यक्तिगत विवरण पेस गर्छन्। यो अवस्थामा मालिकले जे भन्यो त्यही र जस्तो काम लगायो त्यस्तै काम गर्न बाध्य हुनुपर्छ। तसर्थ हरेक व्यक्तिले म्यानपावर कम्पनीले रोजगारदाता कम्पनीसँग गरेको सम्झौताको सक्कलको प्रतिलिपि हेर्नु र झूटो विवरण पेस नगर्नु नै उचित हुन्छ।

**समयमा पारिश्रमिक नपाउनु** : कतिपय कम्पनीले आफ्ना कामदारलाई महिनाभरि काममा लगाउने तर पारिश्रमिकचाहिँ नदिई सताइरहेको अवस्था पनि छ। कामदारहरूलाई खर्चका लागि केही पैसा दिने र बाँकी पैसा पछि दिने भन्दै बाँकी राख्दै जाने तर पैसा जम्मा हुँदै गएपछि पूरा पैसा नदिने जस्ता गलत कार्यबाट धेरै नेपाली कामदार ठगिएका छन्। विविध कारणले पैसा कमाउने आशामा बिदेसिएका नेपालीहरूले २-३ वर्ष कडा परिश्रम गरेर काम गरेको पारिश्रमिक पनि राम्रोसँग पाइरहेका छैनन्। त्यतिमात्र होइन, कम्पनीले सम्झौता गरेको सुविधाबाट पनि उनीहरूले वञ्चित हुनुपरेको देखिन्छ। कम्पनीले सम्झौता एउटा गर्छ तर काम भने अर्को गर्छ। नेपालबाट भिसा तथा मेडिकल खर्च कम्पनीले दिने भनेर पठाइन्छ, तर युएई आइसकेपछि कम्पनीले भिसाका लागि भनेर तलबबाट पैसा कटाउँछ। साथै मेडिकल खर्च पनि कामदारलाई नै तिर्न लगाउँछ। यी समस्याबाट मुक्त हुन पहिलो त कामदार आफैं चनाखो हुनुपर्छ, अर्को नेपाली दूतावासले पनि समय-समयमा कम्पनीसँग सम्पर्क गरेर छानबिन गर्नुपर्छ। त्यति गर्दा पनि कम्पनीले टेरेन भने उक्त कम्पनीलाई कालो सूचीमा राखेर नेपालबाट कामदार पठाउन बन्देज लगाउनुपर्छ। तबमात्र कम्पनीको व्यवहारमा परिवर्तन आउन सक्छ। साथै नेपालमा पनि कामदारले सम्झौताअनुसारको सुविधा नपाए म्यानपावर कम्पनीले जिम्मा लिनुपर्ने व्यवस्था अनिवार्य लागू गर्नुपर्छ।

**मृतकका सम्बन्धमा सुलभ व्यवस्था नभएको** : युएईमा कार्यरत नेपालीहरूको दुर्घटना वा अन्य कारणले मृत्यु हुँदा मृतकको शव नेपाल पठाउने कार्यमा ढिलाइ भैरहेको अवस्था छ। साथै मृतकको जीवन बिमाको रकम उठाउन पनि समस्या देखिएको छ। कतिपय कम्पनीबाट त जीवनबिमाको रकम नै नपाइएको पनि भेटिएको छ। वैदेशिक रोजगारीमा आउने जो-कोहीको पनि जीवन बिमा गरिएको हुन्छ वा अनिवार्य गर्नुपर्ने व्यवस्था छ। मर्ने त मरिहाल्छ तर मृतकका परिवारले पाउने अधिकारबाट उनीहरूलाई वञ्चित गरिनु हुन्न। एउटा नेपाली विदेशमा अएर काम गर्दागर्दै उसको मृत्यु भयो भने उसको सम्पूर्ण जिम्मेवारी दूतावासले लिएर शव नेपाल पठाउने तथा अन्य आवश्यक काम कारबाही गर्नुपर्छ।

**चारित्रिक कमजोरी बढ्दै जानु** : नेपालीहरूको अहिलेसम्मको चिनारी भनेको सोझा, सीधा, जेहेन्दार, कर्तव्यपरायण, लगनशील आदि नै हो। युएईमा नेपालीहरूको माग अझ बढिरहेको छ, तर हालका दिनहरूमा नेपालीहरूले आफ्नो पहिचान गुमाउँदै गएका छन्। युएई मुस्लिम देश भएकाले मादक पदार्थ सेवनमा प्रतिबन्ध हुँदाहुँदै पनि नेपालीहरू मदिरापान गर्छन्। हिजो सोझा र सीधा भनेर चिनिएकाहरू आज रक्सी पिएर झगडा गर्दै धमाधम जेल पर्न थालेका छन्। त्यति मात्र होइन, रक्सी पिएर झगडा गर्दा एक जना नेपालीको ज्यानसमेत गएको उदाहरण छ भने एउटाले रक्सी पिएर सवारी दुर्घटना गराउँदा अन्य निर्दोष व्यक्तिको रोजिरोटी खोसिएको उदाहरण पनि छ। अहिले दैनिक डिस्को थेक तथा बारहरूमा गएर मदिरा सेवन गर्ने नेपालीको संख्या क्रमिक रूपमा बढ्दो छ। यसबाट नेपालीहरूको साख खस्कँदो अवस्थामा रहेको देखिन्छ। यस्ता क्रियाकलापलाई निरुत्साहित गर्ने तथा न्यूनिकरण गर्दै लाने दिशामा युएईमा सक्रिय नेपाली समाज तथा अन्य विभिन्न संघ संस्थाको भूमिका अहम रहन्छ।

**मानव-अधिकारसम्बन्धी संघ-संगठनको अभाव** : मूलतः विश्वका प्रायः सबै देशमा मानवअधिकार-सम्बन्धी काम गर्ने संगठनहरू क्रियाशील हुन्छन् र ती संगठनहरूले विविध समस्यालाई लिएर अन्तर्राष्ट्रिय कानुनका आधारमा सम्बन्धित देशका सरकारसँग संघर्ष गरिरहेका हुन्छन्, तर युएई मा त्यस्ता संगठनहरूको अभाव छ। युएईको कडा कानुनको कारणले पनि यस्तो भएको हो। युएईमा पनि त्यस्ता संगठनहरूको आवश्यकता छ, किनकि युएईमा धेरै कामदार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रोजगारदाताहरूबाट ठगिएका छन्। यस्ता संगठनहरू भए केही समस्या उनीहरूको माध्यमबाट पनि हल गर्न सकिन्थ्यो।

**न्यूनतम पारिश्रमिक कम** : नेपालले युएईसँग पहिले गरेको श्रम-सम्झौताअनुरूपको न्यूनतम पारिश्रमिक (१२५ ⁄ डलर) अहिलेको परिस्थितिमा धेरै नै कम मानिन्छ। तसर्थ उक्त व्यवस्थामा पुनर्विचार गर्दै न्यूनतम पारिश्रमिक बढाउने व्यवस्था लागू गर्न दूतावासले सम्बन्धित निकायसँग परामर्श गरी अघि बढ्नु आवश्यक छ।

**अव्यवस्थित वासस्थान** : प्रायः कम्पनीहरूका क्याम्पमा गएर निरीक्षण गर्ने हो भने त्यहाँको अवस्थाले युएईको कानुनको नै खिल्ली उडाइरहेको देखिन्छ। युएईमा हालको कानुनबमोजिम एउटै पलङमा तलमाथि गरेर दुई जना सुताउन नपाउने व्यवस्था छ तर कम्पनीहरूले भने एउटै सामान्य कोठामा दस जनाभन्दा बढीलाई राख्ने गरेका छन्। अव्यवस्थित शौचालय, भान्छाकोठाको व्यवस्था राम्रो नहुनु, नुहाउने र लुगा धुने कामका लागि पनि राम्रो व्यवस्था नहुनु आदिले गर्दा नेपाली कामदारहरू अत्यन्तै कमजोर अवस्थामा दिन गुजारिरहेका छन्। यस्ता समस्या समाधानका लागि दूतावासबाट कामदारको निवासको समय-समयमा निरीक्षण गरी सम्बन्धित कम्पनीसँग परामर्श गरी समस्या समाधान गर्न पहल गर्नुपर्ने देखिन्छ।

**दूतावासबाट अपेक्षित सहयोग नपाउनु** : युएईमा नेपाली दूतावासको स्थापना भएको तीन वर्ष पनि पूरा भएको छैन। अहिलेको समय भनेको युएईसँग कूटनैतिक सम्बन्ध प्रगाढ बनाउँदै लाने र धेरैभन्दा धेरै उपलब्धि प्राप्त गर्न प्रयास गर्ने समय हो। बहुसंख्यक नेपालीले बुझेको कुरा के हो भने नेपाली दूतावास स्थापना भएपछि यसले नेपालीहरूको हितमा काम गर्नुपर्छ, तर कुनै पनि नेपाली दुःख र समस्या नपरेसम्म दूतावासको ढोका ढकढक्याउन जाँदैन (राहदानी नवीकरणबाहेक)। जब ऊ समस्यामा फस्छ अनि मात्र समस्याबाट छुटकारा पाउने आशामा दूतावाससम्म पुग्छ। त्यसबेला उसले एउटा मात्र बाटो देखेको हुन्छ दूतावास। तसर्थ दूतावासमा आइपुगेका हरेक व्यक्तिको समस्या समाधान गर्नु दूतावासको कर्तव्य हुन आउँछ। दूतावास एउटा कूटनैतिक नियोग भएकाले कतिपय समस्यामा दूतावास आफैं संलग्न हुन वा दूतावासले समाधान गर्न नमिल्ने हुन सक्छ, तर पीडितलाई सही परामर्श र सही दिशानिर्देश गर्न भने पछि पर्नुहुँदैन। दूतावासका हरेक कर्मचारी संयमित र सहनशील हुनुपर्छ।

त्यसबाहेक संयुक्त अरब इमिरेट्समा कार्यरत करिब सवा लाख नेपालीको बीचमा सक्रिय रूपमा कार्यरत नेपाली समाज युएई अहिलेसम्म दर्ता हुन सकेको छैन। यहाँको कानुनी समस्याले गर्दा संगठनका रूपमा मात्र दर्ता हुन नसक्ने अवस्था भएकाले यसलाई एउटा कल्याणकारी संस्थाका रूपमा दर्ता गर्ने प्रक्रिया सम्बन्धित मन्त्रालयसम्म पुगिसकेको छ। दूतावासले यसलाई दर्ता गराउन जतिसक्दो छिटो पहल गर्नुपर्ने देखिन्छ।

नेपालीहरूको एउटा कमजोरी छ, जहाँ गए पनि मिलेर बस्न नसक्ने, जसको फलस्वरूप नेपालीहरू युएईमा पनि विभिन्न समूहमा बाँडिएका छन्। साथै विभिन्न जातीय एवं वर्गीय संघ-संस्थाहरू पनि छन्। यसरी प्रवासमा रहँदा विभिन्न वर्ग, जाति र समूहमा विभाजित भएर रहनु उपयुक्त देखिँदैन। विदेशको ठाउँमा पहिले नेपाली भनेर चिनिन सक्नुपर्छ अनि मात्र हामी हाम्रो जात, वर्ग र समूहमा रहन सक्छौं। त्यसैले प्रवासमा रहँदा एकीकृत भएर रहनुपर्छ। यसका लागि युएईभित्र देखिएका विभिन्न जातीय वा वर्गीय संस्थाहरूको नामावली संकलन गर्ने तथा नेपाली समाजको मातहतमा रहने गरी दर्ता गर्नुपर्ने व्यवस्था दूतावासले गर्नुपर्ने देखिन्छ। त्यसो भयो भने नेपाली समाज र दूतावास एक-अर्काका पूरक हुन्छन् अनि हरेक नेपालीको समस्या समाधान गर्न सरल हुन सक्छ। दूतावासले पनि युएईमा कार्यरत नेपालीहरूले गरेका नराम्रा कार्यका आधारमा आवश्यकता परे कारबाहीसमेत गर्नुपर्ने हुन्छ। अन्यथा नराम्रा प्रवृत्तिहरू हावी हुँदै जाने र भविष्यमा सम्पूर्ण नेपालीको अहित हुने सम्भावना रहन्छ।

नेपालमा पैसा पठाउँदा एक बैंकबाट अर्को बैंकमा रकमान्तरण गर्दा लाग्ने शुल्क एकदमै बढी छ। विदेशमा बसेर सकी-नसकी कमाएको २-४ पैसा यस्ता विभिन्न शीर्षकमा खर्च हुँदा सबैको मनमा खिन्नता उब्जन्छ। उक्त दस्तुर समाप्त नभए पनि कम गर्ने व्यवस्था लागू गर्न नेपाल सरकारको सम्बन्धित निकायसँग परामर्श गरी आवश्यक कदम चाल्न दूतावास तथा नेपाली समाज सक्रिय हुनुपर्छ। विदेशमा रहेर लामो समय काम गर्नेहरूका लागि दूतावासमार्फत नै सवारी चालक अनुमति पत्र नवीकरण गर्न सकिने व्यवस्था लागू हुनुपर्ने हो, किनकि लामो समय विदेश बसेर घर फर्कँदा उक्त अनुमतिपत्रको म्याद पहिले नै सकिएको हुन्छ भने लामो समयपछि पुनः नवीकरण गर्न विविध समस्या आइपर्ने हुँदा त्यस्तो व्यवस्था हुनु आवश्यक देखिन्छ।

## सन्देश

प्रत्येक दिन उसु खेलेर फर्कंदा कपन फैका छेउछाउतिर भेट हुने, आँखा जुधेर पनि नबोल्ने, चश्मा लगाउने सुन्दरीलाई बोल्न आग्रह गर्दै मित्रताको हात अघि बढाउन चाहन्छु ।

**लामो कपाल**

स्वदेशमा हुँदा धेरै मित्र तथा आफन्तसँग राम्रो सम्बन्ध थियो तर हाल समय, विवशताले मुग्लानी बनाइदियो, सम्झनाले सताउँछ, तड्पाउँछ । त्यसैले सम्पूर्ण परिचित-अपरिचित मित्रहरूले raju915@yahoo.com मा इमेल पठाउनु भए सम्बन्धले निरन्तरता पाउने थियो कि ?

**राजु**

काली सीता, हातमा भएको सस्तो कुरा पनि भुइँमा झरेपछि महंगो भएर जान्छ भन्छन् हो रहेछ । मसँग हुँदा म कहिले रिसाएँ हुँला, गाली गरें हुँला, नराम्रो व्यवहार पनि गरे हुँला तर केही छैन, मायाको मूल्य र अर्थ कति हुँदोरहेछ म अहिले मात्र महसुस गर्दैछु, तिम्रो याद र मायाले यो मुटु आगोमा जलेझैं तड्पिरहेको छ । तिमी मेरी नै हौ, तिमी जतासुकै गए पनि म तिम्रो सम्मान गरिरहनेछु ।

**सत्य**

जयनेपालमा स्पाइडरम्यान थ्री हेर्ने क्रममा चिच्याएर मलाई समाउने, कालो टि सर्ट तथा जिन्स लगाउने, चलचित्र सकिएर बाहिर निस्कँदा बिदाइको मुस्कान छाड्ने युवतीसँग मित्रता गाँस्न चाहन्छु । आइतबार जयनेपालको मोटरसाइकल पार्किङमा आउनुहोला । म बिहानैदेखि तपाईंको प्रतीक्षामा हुनेछु ।

**मुकु**

हजुर, हाम्रा पूज्य पिताजी तथा हजुरबीच चलेको केही वर्ष लामो अमूल्य प्रेम अंकित भावना हजुरद्वारा लिलामी



बढाबढमा बिक्री हुने कुरा थाहा पाएँ । म के पनि सुन्दैछु भने मेरा पिताजीले आफ्नो जीवनमा सबैभन्दा बढी माया गरेर लेखेका प्रेमपत्रहरू च्यातिबक्सँदैछ ।

**रण.**

प्रिय बाबु, तीन वर्षदेखि म तपाईंलाई दैनिक सुन्दैछु एफएममा, क्यासेट प्लेयरमा अनि टेलिभिजनका स्क्रिनमा । तपाईं र मेरो चिनजान छैन तर तपाईंले नयाँ एल्बममा मेरै नामको गीत बनाउनुभएछ । यो मेरा लागि सुखद संयोग बन्न गयो । गाउँमा सबैलाई थाहा छ, म तपाईंकी फ्यान हुँ, त्यसैले मलाई सबैले तपाईंको गीत गाएर जिस्काउन थालेका छन् : जमुना ए ए ए जमुना भन्दै ।

**तपाईंकी फ्यान जमुना**

रविका, दीपक, जानुका, सविना र उमेश, केही समययता म क्याम्पस आउन सकिरहेको छैन । मेरो आफ्नै बाध्यताले अध्ययनमा बाधा पुऱ्याइरहेको छ । म पढ्न पाऊँ वा नपाऊँ, म क्याम्पस आउन पाऊँ वा नपाऊँ, सबैप्रति मेरो माया, सद्भाव एवं सम्झना कायमै रहनेछ ।

**गोथु दाइ**

विदेशिने दाइ, तिमी त गयौ तर सबैलाई रुवाएर । बाध्यता थियो होला तर एउटा पत्र वा फोनसम्म गर्न नपाउने नियम त पक्कै छैन होला । पैसा कमाउन थालेपछि हाम्रो सम्झना आउनुपर्ने होइन र ? कि हामी पाखे भयौं ? उदयपुरमा फोन गर्नुहोला ।

**आफन्तजन**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..............................

उमेर : ..................... उचाइ : .....................

पेसा : ..................... शिक्षा : .....................

स्वभाव : ..................... वैवाहिक स्थिति : .....................

अभिरुचि : ..................... वर्ण : .....................

इमेल : ..............................

ठेगाना : ..............................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................

..............................

..............................

**नोट :** तस्बिर र नगद रु. ५०/- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## जीवनको गोरेटोमा

### कलेजको पहिलो दिन

मैले आफ्नो जीवनमा कलेजको मुख देख्न पाइनँ भन्ने मलाई ठूलो चिन्ता थियो । प्रवेशिका उत्तीर्ण गरेर सहर पसेको म पेट पाल्ने तथा क्यारियर बनाउने ध्याउन्नमा थिएँ । त्यसैले त्रिभुवन विश्वविद्यालयअन्तर्गत कलेज नगई परीक्षा दिन पाइने प्राइभेटमार्फत अध्ययन गर्न थालें । प्रवीणता प्रमाणपत्र तह तथा स्नातक तह गरी करिब ६ वर्ष मैले कलेज नगई पढें । यसबीच मेरो मनमा कलेजमा अध्ययन गर्ने भाग्यमानीहरू आउँथे । जब म कुनै पाठमा कठिनाइ महसुस गर्थें, तब शिक्षकको सामीप्यमा बसेर अध्ययन गर्दाका फाइदा छर्लङ्ग हुन्थ्यो । यदि मेरो परिवार पनि मेरा लागि खर्च धान्न सक्ने भए म पनि आनन्दले कलेज पढ्थे भनेर कल्पना गर्थे । बाहिर काम गर्दाको समयभन्दा पाठ्यपुस्तक अध्ययन गर्दा म कलेजको वातावरण सम्झँदै, त्यहाँका शिक्षकले पढाउने शैलीको कल्पना गर्दै पढ्थे । यही कल्पनाले मलाई जीवनमा एक पटक कलेजमै पढ्ने इच्छा जागृत भयो । कलेजमा नियमित विद्यार्थी भएर अध्ययन गर्नु आर्थिक दृष्टिले मेरो क्षमताबाहिर थियो । आफ्नो काम छाडेर नियमित कलेज जानेबित्तिकै मेरो पछाडि रहेका एक भाइ तथा तीन बहिनीको पढाइ बिग्रने सम्भावना थियो । आफूले कलेज पढ्न नपाए पनि म भाइ-बहिनीलाई नियमित कलेज पठाउँथे । कलेजमा उनीहरूले बिताएको क्षण सुनेर कलेजको कल्पना गर्थें । केही समययता मलाई आफैं कलेज गएर पढ्न औडाहा हुन थाल्यो । कलेज नगै मेरो जीवनले यथार्थ ज्ञान पाउन सक्तैन भन्ने लाग्यो । त्यसपछि म जसरी पनि कलेज जाने मुड बनाउन थालें । 'नो नलेज विदाउट कलेज' भन्ने अङ्ग्रेजी उखानले मलाई नराम्ररी सतायो ।

जाडो महिना प्रारम्भ भयो । स्नातकोत्तर तहका लागि भर्ना खुल्यो । कलेज गएरै पढ्ने निर्णय गरेकाले म भर्ना हुन कलेज गएँ । मेरा लागि कलेजमा भर्ना हुनु ठूलो लक्ष्य प्राप्त गर्नुसरह थियो । म राम्रै अङ्कले उत्तीर्ण भएकाले मैले कलेज भर्ना हुन पाएँ । म त्रिचन्द्र कलेजको बिहानी सत्रमा अध्ययन गर्न थालें । नेपाली विषयको विद्यार्थी भएकाले मैले सुरुदेखि नै कलेजमा शिक्षकले भनेका कुरा सुन्न थालें । ढिलो अध्ययन सुरु गरेकाले म कलेजमा औसतभन्दा बढी उमेरको थिएँ । उमेरभन्दा बढी जिज्ञासु स्वभावका कारण मलाई विद्यार्थीहरूले पढन्दास भनेर जिस्क्याउन थाले । शिक्षकहरू भने मेरो अध्ययनप्रतिको चासोका कारण आकर्षित भए । समयमै कलेज पुग्ने, सबै कक्षा लिने, शिक्षकसँग बढी घुलमिल गर्ने तथा आफूले नजानेको प्रश्नको सन्तोषजनक उत्तर प्राप्त नभएसम्म शिक्षकसँग बौद्धिक विलास गरिरहने स्वभावले म चाँडै राम्रा विद्यार्थीको सूचीमा परें । यसरी मेरो कलेजका सुनौला दिन प्रारम्भ भए ।



यति हुँदाहुँदै पनि म कलेजको पहिलो दिन कहिल्यै बिर्सन सक्दिनँ । पहिलो दिन कलेज जाँदा म कतिखेर शिक्षकले पढाइ सुरु गर्छन् भनेर हतारिरहेको थिएँ, तर शिक्षकहरू विद्यार्थीसँग परिचय लिने आफ्नो परिचय दिने, राजनीति, आर्थिक, सामाजिक कुरा गरेर देश बिग्रिसक्यो भनेर सरकारलाई गाली गर्दै समय बिताएको पाएँ । पहिलो एक-दुई घण्टीसम्म म यसलाई साधारण मानिरहको थिएँ तर चौथो घण्टीसम्म पनि सरहरूको त्यस्तै बानी देखेपछि मैले त्यसको विरोध गरें । एक जना पुराना प्राध्यापकले मेरो विरोध सहन नसकी भन्नुभयो, 'तिमी पहिलोपल्ट कलेज आएका हौ कि क्याहो ?' मैले 'हो' भनें । मेरो कुराले सबै विद्यार्थी हाँसे । किनभने कलेज नै नगै स्नातक तह पूरा गर्ने धेरै कम मानिस हुन्छन् । म त्यही कोटिको विद्यार्थी हुँ भन्ने ज्ञान कसैलाई भएन । त्यसैले उनीहरू हाँस्नु स्वाभाविक थियो ।


जब मैले आफ्नो जीवनको कथा भने, सबै जना गम्भीर भए । मेरो प्राइवेट अध्ययन, कलेज पढ्ने धोको, कलेज पढ्न आउँदा मैले जागिर छाड्नुपरेको घटना आदि कुराले धेरैको मन पग्लियो । मैले करिब १८ मिनेटमै आफ्नो जीवनका सबैजसो तीतो-पीरो घटना सुनाएँ । उक्त घटनापछि सरले तुरुन्तै पढाइ शुरु गर्नुभयो । आजभोलि म कक्षामा हुँदा शिक्षकहरूले गम्भीर भएर पढाउँछन् । सरले पढाएको कुरा मैले बुझेको छु कि छैन भनेर पटक पटक सोध्छन् । यसले मेरो कलेज जीवन सार्थक बनाएको छ ।

**–दीपक**

### सूचना

जीवनको गोरेटो स्तम्भअन्तर्गत प्रत्येक महिनाको पहिलो शुक्रबारदेखि क्रमशः १. मेरो पहिलो प्रेम, २. कलेजको मेरो पहिलो दिन, ३. मेरो सुहागरात, ४. मेरो असफल प्रेम, ५. मेरो पहिलो पुरस्कार प्रकाशित हुने हुँदा आफ्ना अनुभवहरू छोटो, मीठो शैलीमा हामीलाई पठाइदिनुहुन अनुरोध छ ।


**– साप्ताहिक**



● गम्भीर स्वभावका सन्तोष थापामगर ५ फिट ३ इन्च अग्ला छन् । स्नातक प्रथम वर्षमा अध्ययनरत सन्तोष अविवाहित हुन् । संगीत सुन्ने, पत्रपत्रिका पढ्ने तथा नयाँ साथी बनाउने रुचि भएका सन्तोषको उमेर २१ वर्ष हो । सधैं सहयोगीका रूपमा प्रस्तुत हुने साथीहरूको खोजी गरिरहेका सन्तोषलाई त्रियुगा नगरपालिका– ८, बगाहा उदयपुरमा पत्राचार गर्न सकिन्छ ।



● फुटबल खेल्न र गिटार बजाउन सिपालु नवराज खड्गी ५ फुट ६ इन्च अग्ला छन् । बीबीएमा अध्ययनरत नवराज गहुँगोरो वर्णका छन् । मनको कुरा खोलेर भन्न सक्ने मिलनसार साथीको खोजीमा रहेका नवराजलाइ nawaraj_55565@yahoo.com मा पत्राचार गर्न सकिन्छ ।



● शिक्षण पेसामा संलग्न विनोद शर्मा २२ वर्षका छन् । ५ फिट ४ इन्च अग्ला विनोद गम्भीर एवं व्यावहारिक किसिमका छन् । अविवाहित विनोद अध्ययन, भ्रमण तथा पत्रमित्रतामा रुचि राख्छन् । गहुँगोरो वर्णका विनोदलाई सुन्दर, शिक्षित एवं व्यावहारिक साथीको खाँचो छ । उनलाई कोहलपुर गाविस-४, चप्परगौडी, बाँके (नेपालगन्ज) मा पत्राचार गर्न सकिन्छ ।

# प्राचीन शिवलिङ्गमध्येको एक क्षीरेश्वरनाथ महादेवस्थान

**अजयकुमार शाह**

धनुषा जिल्लाको हरिहरपुर गाविस वार्ड नं. १ स्थित क्षीरेश्वरनाथको शिवलिङ्ग प्राचीन शिवलिंगहरूमध्ये एक हो । भनिन्छ, त्रेतायुगमा भगवान् रामचन्द्रले शिव धनुष तोड्ने प्रयास गर्दा धर्तीमा कम्पन्न पैदा भयो । रामले दिव्य दृष्टिले हेरी भगवान् शिवलाई खुसी पारी धनुषभंग गर्नुपर्नेमा त्यसो नभएकाले धर्ती कम्पन्न भएको धार्मिक ग्रन्थहरूमा उल्लेख छ । जनकपुरधामको चारै दिशामा पाँच कोषभित्र चार शिवलिंग स्थापना गरी शिवले चारै दिशाबाट पृथ्वीलाई थाम्नुभयो अनि धर्ती स्थिर भएपछि मात्र भगवान् रामले धनुष तोड्नुभएको कुरा पुराणमा उल्लेख छ । त्यही चार शिवलिंगमध्ये एक भएकाले यो शिव मन्दिरको विशेष महत्त्व छ । स्वस्थानी व्रतकथाअनुसार सतीदेवीको केस झरेका कारण यो ठाउँमा शिवलिंग उत्पन्न भएको हो । उहिले यो ठाउँमा साखुको भयंकर जंगल थियो । उक्त जंगलमा गाई चराउने गोठालाहरूलाई भोक लाग्दा फलफूल, कन्दमूल खोजी गर्दै जाँदा एउटा माटोको ढिस्को देखे र त्यसलाई सफा गरी हेर्दा त्यहाँ शिवलिंग फेला पऱ्यो भन्ने स्थानीय वयोवृद्धहरूको भनाइ छ । शिवलिंगको उत्पत्तिका सम्बन्धमा अनेक प्रकारका भनाइ रहे पनि त्यहाँ एक जना योगीलाई शिवले म धेरै दिनदेखि यो ठाउँमा छु, तिमीले यहाँ आई मेरो सेवा गर्नु भनी स्वप्न दिएपछि यो शिवलिंगको पत्ता लागेको बताइन्छ । त्यसपछि दुमप्रसाद गिरीले उक्त मन्दिरको पुजारीका रूपमा काम गरे । यहाँ शिवरात्री, बालाचतुर्दशी, तीज तथा साउनको प्रत्येक सोमबार मेला लाग्छ ।




साउन महिना शिवलाई जलअर्पण गर्ने विशेष महिना भएकाले यहाँ शिवभक्तहरू काँवरमा जल बोकी चढाउन आउँछन् । उक्त जल उत्राहिनी नदी, कमला, बागमती, औरही, जलाद तथा दूधमती नदीबाट ल्याइन्छ । शिवपुराणअनुसार जसले शिवलाई जल, बेलपत्र र फूल धूप आदिबाट पूजा गर्छ, शिवले उसको आकांक्षा पूरा गरिदिनुहुन्छ । शिव भनेकै मंगल र शुभ हो, जो मनुष्यहरूको भलाइ सोच्दछ त्यो नै वास्तविक शिवपूजक हो । यो मन्दिरको अधीनमा चार बिघा जग्गा छ । जनकपुरमा जानकी मन्दिर निर्माण भएकै बेला क्षीरेश्वरनाथमा पनि एउटा सानो मन्दिर बनाइएको थियो । अहिले बृहत्तर जनकपुर विकास क्षेत्र परिषद्, जनकपुरले यो मन्दिरलाई पुनर्निर्माण गरेर एउटा भव्य मन्दिरको रूप दिएको छ । मन्दिरको अगाडि पार्वतीको एउटा मन्दिर छ, जुन बाबुजी चौधरीले बनाएका हुन् । मन्दिरको करिब दुई सय मिटर पर एउटा जलाधार बगेको छ जसलाई शिवगंगा भनिन्छ । मन्दिर पुनर्निर्माण भएलगतै त्यहाँ एउटा धर्मशाला निर्माण गरिएको छ । धर्मशाला निर्माणमा हरिहरपुर र महेन्द्रनगरलगायत जनकपुरका उद्योगी, व्यापारी एवं समाजसेवीहरूबाट चन्दा संकलन गरिएको थियो ।

मन्दिरको संरक्षण तथा उचित व्यवस्थापनका लागि क्षीरेश्वरनाथ धर्म संस्था नामक एक संस्था स्थापना गरिएको छ । यो मन्दिरको उचित संरक्षण हुन सके क्षीरेश्वरनाथ मन्दिरलाई धार्मिक पर्यटकीय मन्दिरका रूपमा विकास गर्न सकिन्छ । जिल्लाको दोस्रो ठूलो सहर सखुवा महेन्द्रनगर बजारदेखि करिब तीन किलोमिटर पूर्व पर्ने क्षीरेश्वरनाथ महादेव स्थानको विकासका लागि पुरातत्त्व विभाग तथा पर्यटन मन्त्रालयले विशेष ध्यान पुऱ्याउनुपर्ने आवश्यकता छ ।

**(लेखक 'शिरीष' साप्ताहिक, महेन्द्रनगर, धनुषाका सम्पादक हुन् ।)**

# नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?

सरकारले युवा तथा किशोर-किशोरीहरूमा खेलकुदप्रति आकर्षण बढाउन विशेष व्यवस्थाहरू गर्नुपर्छ ।

**शशीकान्त गुप्ता** (१८), **पर्सा**

सर्वप्रथम त नातावाद त्यागेर सही खेलाडीलाई उसको क्षमताअनुसार कदर गर्नुपर्छ, जसले गर्दा उसलाई गास, बास एवं कपासको कुनै समस्या नपरोस् ।

**शशी देवकोटा, सर्लाही**

नेपालमा खेलाडीलाई आवश्यकता अनुसारको डाइट नै पुग्दैन । मेहनत र नयाँ प्रविधिअनुरूपको तालिमबाट खेलकुदको विकास गर्न सकिन्छ ।

**कविर कुलुङ** (१९), **सोलु**

राज्यले खेलकुदका लागि अलि बढी बजेट छुटयाउनुपर्छ । त्यसले खेलाडीहरूलाई तल्लो स्तरदेखि नै प्रोत्साहित गर्दै लैजान्छ ।

**पद्मा सिटौला**

प्रत्येक खेलाडी र यससँग सम्बन्धित पदाधिकारीहरूले खिचातानीको राजनीति त्याग्नुपर्छ ।

**नारायण भट्टराई, गाईघाट**

खेलकुद विकासका लागि नेपालको आर्थिक अवस्था सुधार्नुपर्छ । नेपालको आर्थिक उन्नति भए मात्र खेलकुदका निम्ति विभिन्न कार्यक्रम तथा योजनाहरू निर्माण गर्न सकिन्छ ।

**किरण राना**

रंगशालाको गेट खोल्न सबैको हातमा एक-एकवटा चाबी वितरण गर्नुपर्छ ।

**एस.के. कुँवर, इटाखेल**

खेलाडीहरूलाई उचित प्रशिक्षणको व्यवस्था, अनि खेलकुद क्षेत्रमा बढी लगानी गर्नुपर्छ ।

**नारायण कुँवर**

खेलकुदलाई राजनीतिसँग जोड्नु हुँदैन ।

**दिव्या भट्टराई, गाईघाट**

राम्रा प्रशिक्षक, राम्रा प्रशिक्षार्थी-लगायत सरकारको पूर्ण सहयोग नै विकासको पहिले खुड्किलो हुन सक्छ ।

**कमल जिसी** (२४), **खोटाङ**

खेलाडीलाई सम्मान, हौसला एवं सुरक्षा दिएर नियमित अभ्यास गराउनुपर्छ ।

**चन्द्रप्रसाद रिमाल, धादिङ**

कस्तो प्रश्न गर्नुभो ? भनेपछि प्रदीप नेपालको ठाउँमा सम्पादकज्यूले आफ्नो नाम खोज्नुभएको होला, ठीकै छ । एकपटक मसँग भेट्नुहोस् अनि म कुरा मिलाउला हुन्न ?

**जीवन** (२१)

प्रत्येक खेलाडीको विवाह गरिदिएर वा प्रत्येक साताको साप्ताहिक पढ्न अनिवार्य गराए कसो होला सम्पादकज्यू ?

**सुरज सिंह, जनकपुर**

पहिलेको जस्तै खेलाडीसँग मोडलहरूको फोटोग्राफ साप्ताहिकको मध्यपृष्ठमा प्रकाशन गर्नुपर्छ अनि बल्ल नेपालमा खेलकुदको विकास हुन्छ ।

**भूषणकुमार श्रेष्ठ, खोपासी**

दिनुपऱ्यो नि यारिस कार र करिज्मा बाइक अनि पो हुन्छ विकास, त्यो पनि पेट्रोल हालेर ।

**sadroshan@hotmail.com**

लगानी गर्नुपऱ्यो नि टन्न, अनि पो हुन्छ विकास ? जति बजेट आएपछि भ्वाम, खेलाडीहरूको वास्तै छैन ।

**रोशनकुमार श्रेष्ठ** (२५)

खेलजगत्प्रति चासो राख्नेहरूले सोच्नुपर्ने कुरा हो यो ।

**खड्गमणि थामी** (२४), **कीर्तिपुर**

सम्पादकज्यू, तपाईं फिफाको अध्यक्ष हो कि क्या हो ? निकै गहकिलो प्रश्न सोध्नुभयो । सबै खेलाडीलाई हरि ब्रो जस्तै २५-२५ लाखको कार दिए विकास हुन्थ्यो कि !

**प्रमोद** (२१)

खेलकुदलाई महत्त्वपूर्ण दृष्टिले हेर्नुपर्छ अनि खेलाडीहरूलाई अन्तर्राष्ट्रिय खेलमा बढीभन्दा बढी सहभागी गराउनुपर्छ ।

**देवेन्द्र कायस्थ** (१७), **बनेपा**

विद्यालयस्तरदेखि नै विशेष प्रोत्साहन दिनुपऱ्यो ।

**ज्योति सुब्बा, पोखरिया**

नयाँ-नयाँ खेलाडीलाई प्रोत्साहित गर्नुपर्छ, चाहे त्यो मौखिक रूपमा होस् चाहे आर्थिक रूपमा ।

**हर्षल कुशल** (१७)

जिम्मेवार निकायमा बसेकाहरूले ध्यान पुऱ्याउनुपर्छ ।

**टीकाराम राई, जनकपुर**

गणतन्त्र आउँदैछ, हामीले मस्तिष्क खियाइरहनुपर्दैन । जब राजतन्त्रको अवशेष पनि रहँदैन तब खेलकुदको पनि विकास हुन्छ, आशा गरौं ।

**रोशन पुन** (१७), **तानसेन, पाल्पा**

विश्वचर्चित खेलाडी रोनाल्डो र सचिनजस्ता व्यक्तिको नजर परे अवश्य विकास हुन्छ ।

**नारायण अधिकारी, स्याङ्जा**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
२. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
३. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
४. बुद्धि ठूलो कि बल ? किन ?
५. देशभक्ति के हो ?
६. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
७. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
९. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
९. प्रेममा धोका हुने कारण के हो ?
१०. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
११. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?




## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**म एउटा आश्चर्यजनक समस्यामा परेको छु । म दुई वर्षअघि दमौलीबाट एसएलसी परिक्षा दिने क्रममा कुनै युवतीसँग परिचित भएँ । छोटो समयमै हामी घनिष्ठ बन्न पुग्यौं । परीक्षा अवधिभर हामी प्रायःजसो सँगै बस्ने, घुम्ने, बस्ने पढ्ने आदि काम गर्थ्यौं तर हामीबीच कुनै नकारात्मक सोचाइ भने थिएन । परीक्षा सकिएपछि हामी आ-आफ्नो घर फर्कियौं, तर अहिले करीब दुई वर्षपछि उनले मलाई एउटा पत्र पठाइन् । उक्त पत्रमा उनले मलाई धोकेबाज, प्रेमघाती, स्वार्थीजस्ता शब्दले सम्बोधन गरेकी थिइन् । मैले उनलाई असल साथीका रूपमा मात्र लिएको छु । अब तपाईं नै सल्लाह दिनुहोस्, उनलाई मैले कस्तो प्रतिउत्तर पठाउनुपर्ला ?**

**-आ.**

**के तपाईंको समस्या आश्चर्यजनक हो ?**

आशा नगरेको कुरा घट्नु नै कुनै व्यक्ति आश्चर्यमा पर्ने कारण हुन पुग्छ । अपेक्षाभन्दा फरक भएकाले तपाईंका लागि पक्कै यो आश्चर्यजनक घटना बन्न पुगेको छ । तर के यो वास्तवमै आश्चर्यजनक कुरा हो ? मेरो विचारमा होइन । कसैले अपेक्षा गरेअनुरूपको व्यवहार अर्को व्यक्तिवाट नपाउनु अर्कै कुरा हो, तर केलाएर हेर्नुभयो भने आफ्नो घर, नातेदार अनि छर-छिमेकमा यस्ता घटना प्रशस्तै पाउनुहुनेछ । कतिले यसलाई चुपचाप सहन्छन् अर्थात् आफ्नो अपेक्षाअनुसार सम्बन्ध नबढ्नुको पीडा त्यसै सहन्छन् । अर्कातिर कतिपयले त्यस्ता कुरा व्यक्त गर्छन् । यहाँ तपाईंको व्यवहार तपाईंकी साथीले अपेक्षा गरेअनुरूपको नभएपछि उक्त पीडा व्यक्त गरिएको बुझिन्छ । मेरो विचारमा यस्ता घटना प्रशस्तै हुन्छन् र त्यसमा धेरै आश्चर्य मान्नुपर्ने केही छैन ।

**किन यस्तो हुन्छ ?**

यो कुरा भन्न त्यति सजिलो छैन, किनकि मानव व्यवहार आफैंमा निकै जटिल हुन्छ । यस्ता जटिल व्यवहार भएको दुई व्यक्तिका आपसी सम्बन्ध स्वाभाविक रुपमा नै जटिल हुने भयो । त्यसमा पनि यस्ता सम्बन्धको विकास अझ जटिल रूपमा अघि बढ्छ । दुई व्यक्तिबीचको सम्बन्ध विकास जटिल प्रक्रिया हो र नतिजा यो कसरी अघि बढ्छ भन्ने कुरामा भर पर्छ । एक-अर्काबाट प्राप्त गर्ने सन्देश अनि त्यसलाई कसरी अर्थ्याइन्छ भन्ने कुरा पनि व्यक्तिअनुसार फरक पर्ने नै भयो । यसमा संलग्न व्यक्तिको अपेक्षा के-कस्तो थियो भन्ने कुरामा पनि धेरै कुरा निर्भर गर्छ । यहाँ तपाईंले प्रणय सम्बन्धका लागि सोच्नुभएको थिएन भने तपाईंकी साथीले त्यसको अपेक्षा गर्नुभएको देखिन्छ ।

तपाईंलाई थाहै होला, किशोरावस्थामा स्वभाविक रूपमा नै अर्को व्यक्तिप्रति यौन वा प्रेमभावको दृष्टिले आकर्षित भइन्छ । विशेष गरेर किशोरावस्थामा वास्तविक प्रेम नभए पनि 'आकर्षण'मा नराम्रोसँग फसिन्छ र धेरैले त्यही आकर्षणलाई नै प्रेम मान्छन् । तपाईंकी केटीसाथीले तपाईंसँग बिताएको समयलाई प्रेम नै मानेको हुनुपर्छ । प्रेम भावनाहरूको उचित व्यवस्थापन सामान्य सामाजिक जीवनयापनका लागि आवश्यक हुन्छ । माया वा प्रेमका यी भावना कसरी हाम्रो मन-मस्तिष्कमा आउँछन् भन्ने कुरामा निकै खोज गरिए पनि यकिनका साथ भन्न गाह्रो छ । कामदेवको प्रभावले हुन्छ भन्नु अचेलको वैज्ञानिक युगमा पर्याप्त नहुन सक्छ । वंशको विकासका लागि वंशाणुको विविधता एकातिर महत्त्वपूर्ण थियो भने अर्कातिर प्रेमले गाँसेको सम्बन्धले गर्भावस्था अनि शिशुको हेरचाहलाई मद्दत पुग्नु महत्त्वपूर्ण भएको देखिन्छ ।

जे होस्, प्रेम र यौनसम्बन्धका बारेमा खुलेर कुरा गर्न बन्देज लगाइने हाम्रो जस्तो समाजमा यस्ता सम्बन्धलाई जीवन्त राख्न होस् वा टुङ्ग्याउन, दुवै केही जटिल हुन्छ ।

**नकारात्मक सोचाइ के होला ?**

हामीले प्रेमभावले हेरेको कुरालाई नराम्रो दृष्टिले हेरेको भनिएको धेरैपल्ट सुनेका छौं । समाजका मूल्य-मान्यताभित्र कतिपय कुरा वर्जित होलान् त्यसलाई नराम्रो मान्नु पनि पर्ला, तर विशुद्ध आत्मीय प्रेमको प्रस्तावलाई पनि नराम्रो वा कुदृष्टि भनिन्छ । विशुद्ध प्रेमको कुरा कसरी कुदृष्टि हुनसक्छ ? यो आफैंमा विचारणीय विषय हो । कुनै व्यक्तिले अर्को कुनै व्यक्तिलाई माया गर्ने अनि जीवन नै साथै बिताउने सोचाई राख्नुलाई कसरी नराम्रो, कुदृष्टि वा नकारात्मक सोच भन्न सकिएला ? उक्त व्यक्तिले गर्न सक्ने त्यो नै सबैभन्दा सकारात्मक कुरा हो । त्यसैले यो सबैभन्दा सकारात्मक र सुदृष्टि हुनुपर्ने होईन र ? यहाँ आफूले अपेक्षा गरेको भन्दा फरक प्रस्ताव आयो वा सम्बन्धलाई निरन्तरता दिन नचाहेको हो वा प्रस्ताव स्वीकार्य नभए सो कुरा स्पष्ट भने भैहाल्यो, होइन र ? किन त्यसलाई नराम्रोको संज्ञा दिइरहनुपर्ने ?

**के जवाफ पठाउनुपर्ला ?**

यो तपाईं आफैंले निर्णय गर्ने कुरा हो । यसमा जवाफ पठाएर तपाईंले आफ्नो स्थितिको बचाउ गर्न सक्नुहुन्छ । तपाईंले ती समय प्रणय सम्बन्धका लागि साथसाथै बिताइएका थिएनन् भन्ने कुरा स्पष्ट गर्न सक्नुहुन्छ । सम्बन्धलाई प्रेमी-प्रेमिकाका रूपमा नभै अर्को रूपमा अर्थात् साथीका रूपमा निरन्तरता दिने कुरा गर्न सक्नुहुन्छ ।

यसको अर्को पक्ष पनि छ, तपाईंको साथीले बुझि नै सक्नुभएको होला कि तपाईं उहाँसँग प्रणय-सम्बन्धका लागि तयार हुनुहुन्न । तपाईंबाट प्रणय-सम्बन्धको अपेक्षा गरेर अति नै भएपछि निकै सोच-विचार गरेर तपाईंलाई ती आरोप लगाई पत्र लेखिएको हुनुपर्छ । हुनसक्छ, यो सम्बन्ध निरन्तरताका लागि कुनै रणनीति होस् वा हतास स्थितिको उपज ।

अर्को महत्त्वपूर्ण कुरा के भने तपाईंले उहाँलाई आफ्नो स्थितिका बारेमा स्पष्ट पारे पनि यसले तपाईंको मानसिकतामा कत्तिको शान्ति ल्याउला भन्ने विचार गर्नुपर्ने हुन्छ । यहाँ तपाईं कुनै केटीले यसरी आरोपयुक्त पत्र लेख्नाले केही असजिलोमा पर्नुभएको छ । तपाईं त्यसलाई बिर्सेर, जवाफ नै नपठाई यो अध्यायलाई सधैंका लागि बन्द पनि गर्न सक्नुहुन्छ । यद्यपि तपाईं के गर्न चाहनुहुन्छ, त्यही गर्नु नै महत्त्वपूर्ण कुरा हो ।

# त्रिभुवन विश्वविद्यालयअन्तर्गतका संस्थान र संकाय

त्रिभुवन विश्वविद्यालय उच्च शिक्षा, योग्यता र दक्षता हासिल गर्ने थलो मात्र होइन, यो विभिन्न विषयमा सूक्ष्म अध्ययन र अनुसन्धान गर्ने थलो पनि हो। बर्सेनि एसएलसी उत्तीर्ण गर्ने वा प्लस टुको अध्ययन गर्ने लाखौं युवा अध्ययन एवं रोजगारीका लागि विदेशी विश्वविद्यालयतर्फ आकर्षित भैरहेका छन्। उनीहरूले विदेशमा अध्ययन गर्न ठूलो रकम खर्च गरेर आफ्नै देशभित्रको प्रतिष्ठित सरकारी विश्वविद्यालयलाई उपेक्षा गरिरहेका छन्।

यति मात्र होइन, कतिपय युवायुवती त्रिभुवन विश्वविद्यालयमा के-के विषय अध्ययन गर्न पाइन्छ भन्ने कुरामा समेत अनभिज्ञ हुन्छन्, तर त्रिभुवन विश्वविद्यालयमा विद्यार्थीले चाहेको र रोजेको विषय अध्ययन गर्न सकिन्छ। त्रिभुवन विश्वविद्यालयभित्र विभिन्न विषयको अध्ययन-अध्यापन र अनुसन्धान गर्न गराउन डीन कार्यालयअर्न्तगत अध्ययन संस्थान र संकायहरू स्थापना गरिएका छन्।

यो विश्वविद्यालयभित्र विज्ञान र विभिन्न प्राविधिक विषयको पठनपाठन गर्न-गराउन पाँचवटा अध्ययन संस्थानहरू स्थापना गरिएका छन्– (१) विज्ञान तथा प्रविधि अध्ययन संस्थान, कीर्तिपुर, (२) इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक, (३) चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगन्ज, (४) कृषि तथा पशुविज्ञान अध्ययन संस्थान, रामपुर, चितवन, (५) वनविज्ञान अध्ययन संस्थान, पोखरा।

यसैगरी त्रिभुवन विश्वविद्यालयमा विभिन्न चार संकाय स्थापना गरिएका छन्। (१) मानविकी तथा सामाजिक शास्त्र संकाय, कीर्तिपुर (२) शिक्षा शास्त्र संकाय, कीर्तिपुर (३) व्यवस्थापन संकाय, कीर्तिपुर (४) कानुन संकाय, प्रदर्शनीमार्ग, भृकुटीमण्डप।

**विज्ञान तथा प्रविधि अध्ययन संस्थान, कीर्तिपुर**

विज्ञान तथा प्रविधि अध्ययन संस्थान, कीर्तिपुरअर्न्तगत भौतिक शास्त्र, रसायन शास्त्र, भूगर्भ शास्त्र, वनस्पति शास्त्र, मौसम तथा जलवायु विज्ञान, वातावरण विज्ञान आदि विषयमा अध्ययन-अध्यापन, अनुसन्धान र सजिलो प्रविधिहरूको विकास गर्ने परियोजनाहरूसमेत सञ्चालनमा छन्।

**इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक**

इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकअन्तर्गत सिभिल इन्जिनियरिङमा सडक, सिंचाइ, पुलपुलेसाहरूको निर्माण र सर्वेक्षण, नापनक्सा बनाउने तथा विस्तृत इन्जिनियरिङ डिजाइनसम्बन्धी अध्यापन गराइन्छ। मेकानिकल इन्जिनिरिङमा हवाईजहाजलगायत विभिन्न खालका सवारी साधनहरूको इन्जन, उद्योगमा जडान भएका मेसिन र इन्जिनहरूको निर्माण, रोवोट निर्माण तथा मर्मत-सम्भारसम्बन्धी अध्यापन गराइन्छ। इलेक्ट्रोनिक इन्जिनियरिङमा कम्प्युटर, रेडियो, टेलिभिजन आदि इलेक्ट्रोनिक वस्तुहरूको निर्माण, मर्मत सम्भारलगायत सम्पूर्ण सैद्धान्तिक एवं प्राविधिक पक्षहरूको अध्ययन-अध्यापन गराइन्छ।

**चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगन्ज**

चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगन्जअन्तर्गत देशभरि रहेका विभिन्न नर्सिङ र चिकित्सा क्याम्पसहरूमार्फत विभिन्न रोगको अध्ययन, अनुसन्धान, औषधीहरूको खोज, रोगहरूको उपचार गर्ने, रोगहरूको उपचार पत्ता लगाउने, सर्जरी (चिरफार) गर्ने हेतुले अस्पताल सञ्चालन एवं विभिन्न विषयका डाक्टर तथा नर्सहरू उत्पादन गरिन्छ।

**कृषि तथा पशुविज्ञान अध्ययन संस्थान, रामपुर, चितवन**

कृषि तथा पशुविज्ञान अध्ययन संस्थान, रामपुर चितवनअन्तर्गत बालीबिरुवाहरूको अध्ययन, नयाँ बालीविरुवाको विकास, फलफूल, कृषि विकास तथा अनुसन्धान, पशुपन्छी विकास तथा चिकित्साजस्ता विषयमा अध्ययन-अध्यापन गराइन्छ।

**वनविज्ञान अध्ययन संस्थान, पोखरा**

वनविज्ञान अध्ययन संस्थान, पोखराअन्तर्गत वन व्यवस्थापन, विभिन्न जातका बोटबिरुवा तथा वनस्पतिहरूका बारेमा अध्ययन-अध्यापन हुन्छ। इन्जिनियरिङ, चिकित्सा, कृषि तथा पशुविज्ञानजस्ता प्राविधिक विषय अध्ययन गर्न अंग्रेजी, विज्ञान, ऐच्छिक गणित विषय लिई अनिवार्य रूपमा यी विषयहरूमा ५० प्रतिशत अंक ल्याएर एसएलसी उत्तीर्ण गरेको हुनुपर्छ। त्यस्तै मानविकीअन्तर्गतको पत्रकारिता विषय पढ्न पनि नेपाली र अंग्रेजीमा ५० प्रतिशत अंक ल्याएको हुनुपर्ने प्रावधान छ।

**मानविकी तथा सामाजिक शास्त्र संकाय, कीर्तिपुर**

मानविकी तथा सामाजिक शास्त्र संकाय, कीर्तिपुरअन्तर्गत पचासभन्दा बढी विषयमा अध्ययन-अध्यापन गराइन्छ। अंग्रेजी भाषा र साहित्य, अर्थशास्त्र, समाजशास्त्र, पत्रकारिता, जनसंख्या यो संकायका महत्त्वपूर्ण विषय हुन्। यो संकायका उत्पादित जनशक्तिहरूले शिक्षक, कर्मचारी, पत्रकार, नेता वा राजनैतिक पेसालाई आफ्नो जीविकाका रूपमा अँगाल्छन्।

**व्यवस्थापन संकाय, कीर्तिपुर**

यो संकायअन्तर्गत आर्थिक कारोबार, वाणिज्य, व्यापार-व्यवसाय, वित्तक्षेत्र समेट्ने विभिन्न विषयहरू अध्ययन-अध्यापन गराइन्छ। यो क्षेत्रका जनशक्तिहरूले बैंक, सरकारी लेखापरीक्षण, एकाउन्टेन्ट, चार्टर एकाउन्टेन्ट, बजेट निर्माण, आर्थिक हिसाब-किताब सञ्चालन गर्ने क्षेत्रमा रोजगारी पाउँछन्। यसका साथै विद्यार्थीहरूले शिक्षक-कर्मचारीको रोजगारी पनि गर्न पाउँछन्।

**शिक्षाशास्त्र संकाय, कीर्तिपुर**

विद्यालय तहदेखि विश्व-विद्यालयतहसम्म विभिन्न विषयमा पठनपाठन गर्न रुचाउनेहरूले शिक्षाशास्त्र संकायअन्तर्गतका विभिन्न विषय अध्ययन गर्नुपर्ने हुन्छ। यसमा पनि विद्यार्थीहरूलाई कसरी अध्ययनमा रुचि जगाउने ? विद्यार्थीहरूलाई कस्तो तरिकाबाट पढाउने ? विद्यार्थीहरूलाई कसरी बढीभन्दा बढी उत्तीर्ण गराउने ? पाठ्यक्रम निर्माण, शिक्षण विधि, सिकाइ र पढाइका तौरतरिकाहरूलगायत विभिन्न विषयमा विशेषज्ञता प्राप्त हुने गरी अध्ययन-अध्यापन गराइन्छ।

**कानुन संकाय, प्रर्दशनीमार्ग**

यो संकायअन्तर्गत स्नातक तहदेखि मात्र देशविदेश र विविध क्षेत्रसँग सम्बन्धित नियम, कानुन, संविधान, विधेयक, न्याय प्रणाली आदि विषयको अध्ययन-अध्यापन हुने गरेको छ। यो संकायबाट उत्पादित जनशक्तिले विभिन्न अदालतमा न्यायाधीश, वकिल, अधिवक्ता, रजिस्ट्रार, विभिन्न संस्थामा कानुनी सल्लाहकार आदि पदमा रोजगारी पाउने गरेका छन्। उपर्युक्त विविध विषय अध्ययन-अध्यापन हुने त्रिभुवन विश्वविद्यालयअन्तर्गतका सरकारी कलेजहरू पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नै फैलिएका छन्। आफूलाई पायक पर्ने स्थानको कलेजमा विद्यार्थीहरूले भर्नाका लागि सम्बन्धित क्याम्पसमा सम्पर्क गरेर आफूलाई चाहिएको विषयमा विस्तृत जानकारी पाउन सकिन्छ।

# व्यावहारिक सिकाइ पद्धतिमा काठमाडौं विश्वविद्यालय

पृष्ठ ७ बाट जारी

मेटरियललगायत विभिन्न शीर्षकका लागि एकमुस्ट ५ हजार ७ सय रुपैयाँ भर्नाकै समयमा बुझाउनुपर्छ। पहिलो वर्षमा प्रतिमहिना १ हजार ५ सय रुपैया ट्युसन शुल्क तिर्नुपर्छ। जेहेन्दार तथा गरिब विद्यार्थीहरूका लागि विभिन्न प्रकारका छात्रवृत्ति सुविधा पनि उपलब्ध छन्।

यसबाहेक फार्मेसी, वातावरण विज्ञान, वातावरणीय इन्जिनियरिङ, कम्प्युटर साइन्स, बायोटेक्नोलोजी र ह्युमन साइन्स विषयमा स्नातक तहका कक्षाहरू पनि यो विश्वविद्यालयले सञ्चालन गर्छ। आई.एस्सी. वा विज्ञान विषय लिएर प्लस टु उत्तीर्ण गरेकाहरू यी विषयमा आवेदन दिन सक्छन्। यसमा पनि योग्यताक्रमका आधारमा भर्ना लिइन्छ। वातावरणीय विज्ञान र फार्मेसीमा स्नातकोत्तर तहका कक्षाहरू पनि सञ्चालन हुन्छन्।



**स्कुल अफ मेडिकल साइन्स**

यो स्कुलअन्तर्गत नर्सिङ, अप्थाल्मोलोजी, फिजीयोथेरापी तथा ल्याब टेक्निसियनजस्ता ३ वर्षे कोर्सहरू अध्ययन गर्न सकिन्छ। एसएलसीमा कमसेकम ६० प्रतिशत अंक र अंग्रेजी, गणित र विज्ञानमा ५० प्रतिशतभन्दा बढी अंक प्राप्त गरेका विद्यार्थीहरूले यो विषय पढ्नका लागि आवेदन दिन सक्छन्। यी तीनै विषयमा प्रवेश परीक्षा लिइन्छ। योग्यताक्रममा पर्न सक्ने विद्यार्थीहरू भर्ना हुन पाउँछन्। नर्सिङमा प्रमाणपत्र तह र बीएस्सी नर्सिङका कक्षा पनि सञ्चालन हुन्छ। प्रमाणपत्र तहमा अध्ययन गर्नका लागि माथिकै प्रक्रिया पूरा गर्नुपर्छ भने बी.एस्सी. नर्सिङका लागि आई.एस्सी. वा प्लस टुमा बायोलोजी लिएको हुनुपर्छ। यसबाहेक एमबीबीएसका कक्षाहरू पनि विश्वविद्यालयले आफैं सञ्चालन गरेको छ। धुलिखेल हस्पिटल, शिर मेमोरियल हस्पिटल, बी एन्ड बी हस्पिटल तथा बनेपाको अपांग अस्पताललाई टिचिङ हस्पिटलका रूपमा विकास गरिएको छ। एमबीबीएसका विद्यार्थीहरू यी अस्पताललाई प्राक्टिसका लागि उपयोग गर्छन्। काठमाडौं विश्वविद्यालयसँग सम्बन्धन लिएर विभिन्न कलेजले पनि एमबीबीएसका कक्षा सञ्चालन गरिरहेका छन्। नेपाल मेडिकल कलेज नेपालगन्ज, मनिपाल मेडिकल कलेज पोखरा, भरतपुर मेडिकल कलेज चितवन तथा नोवेल मेडिकल कलेजले उपत्यकाबाहिर यो कोर्स सञ्चालन गरिरहेका छन्। उपत्यकामा काठमाडौं मेडिकल कलेज सिनामंगल तथा नेपाल मेडिकल कलेज जोरपाटीले पनि यी कोर्स अध्यापन गराउँछन्।

**स्कुल अफ म्यानेजमेन्ट**

व्यवस्थापन संकायअन्तर्गत एमबीए र इएमबीएका कक्षाहरू काठमाडौं विश्वविद्यालयले सञ्चालन गर्छ। कुनै पनि संकायमा स्नातक उत्तीर्णहरू यो विषय अध्ययनका लागि आवेदन दिन सक्छन्, तर स्नातक तहमा न्यूनतम ५० प्रतिशत अंक प्राप्त गरेको हुनुपर्छ। यो विषय अध्ययन गरेका विद्यार्थीहरू देशको विभिन्न सरकारी तथा व्यावसायिक क्षेत्रका दक्ष व्यवस्थापक बनाउने उद्देश्य विश्वविद्यालयले लिएको छ। दुईवर्षे स्नातक गरी कुनै पनि कार्यालयको व्यवस्थापकीय कार्यमा कमसेकम ३ वर्षको अनुभव गरेकाहरूका लागि इएमबीए अर्थात् एक्जुकेटिभ एमबीएका कक्षा विश्वविद्यालयले सञ्चालन गर्छ। खासगरी सरकारी तथा व्यावसायिक क्षेत्रमा व्यवस्थापकका रूपमा कार्य गरिरहेकाहरूसमेत आफ्नो काममा निखार ल्याउन यो संकायमा भर्ना भएको पाइन्छ।

काठमाडौं विश्वविद्यालयसँग सम्बन्धन लिएर केही कलेजले स्नातक कक्षा पनि सञ्चालन गरेका छन्। नेपाल कलेज अफ म्यानेजमेन्टले बीबीए र लिटिल एन्जेल्स कलेज तथा काठमाडौं कलेजले बीबीएस एवं बीबीएका कक्षा सञ्चालन गर्छन्।

–एकराज सुवेदी

## जन्मदिनको शुभकामना


श्रेया ढकाल
२०६३ साउन २०


दिन्दुप शेर्पा घ्याल्मो
२०६० साउन २१


गृशव मिश्र
२०५९ साउन २४


ब्रुक्लिन थापा मगर
२०६१ साउन २१


शशांक रेग्मी
२०६० साउन १९


असमानी देवकोटा
२०६२ साउन २०



मिलेश चन्द
२०६२ साउन २३


मिलनराज पासवान
२०५६ साउन १९


प्रतिष्ठा श्रेष्ठ
२०६२ साउन २३


स्वस्तिका बुढाथोकी
२०५६ साउन १९


एलिशा ओली
२०५६ असार २२


अलिज चाकुबजी
२०६१ साउन १९


शिक्षण कुइँकेल
२०५९ साउन २२


श्रवणकुमार पाण्डे
२०६३ साउन २२


एल्विक शर्मा
२०५९ साउन २१


संविदा वाग्ले
२०६१ साउन २४

जन्मदिनको शुभकामना
नाम :.......................................
जन्म मिति :.......................................
स्कुल :.......................................
ठेगाना : .......................................
तस्बिर अनिवार्य
तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।



# सफल डेटिङ्का लागि

### उपयुक्त स्थानको छनौट

जब मनमा प्रेमरूपी भावना जागृत हुन्छ तब आफ्ना प्रेमी-प्रमिकासँग एकान्तस्थानमा निर्धक्कसँग बसेर कुराकानी गर्ने चाहना हुन्छ। त्यसैले पनि युवा ढुकढुकी डेटका लागि कुनै एकान्त स्थानलाई प्राथमिकता दिन्छन्। तथापि धेरै पटक त्यो एकान्तपनको गलत प्रयोग भएको देख्न तथा सुन्न पाइन्छ। डेटमा जाँदा जुन स्थानमा जाँदै हुनुहुन्छ सुरक्षाका दृष्टिले त्यो स्थान उपयुक्त छ वा छैन भन्ने विषयमा सजगता अपनाउनु बुद्धिमानी हुन्छ। यदि महिलाहरू पहिलो पटक आफ्ना प्रेमीसित डेटमा जाँदै हुनुहुन्छ भने कुनै सुनसान ठाउँ वा सहरभन्दा टाढा जाने कुरामा स्वीकृति जाहेर नगर्नु नै उचित हुन्छ अर्थात् सहरकै कुनै रेष्टुरा, गार्डेन वा पार्क जहाँ प्राइवेसी हुन्छ त्यहाँ जानु उचित हुन्छ।

### स्वयंलाई ग्रुम गर्नुहोस्

धेरैजसो अवस्थामा पहिलो पटक जब कुनै युवती आफ्नो प्रेमीसित डेटमा जाँदा यति धेरै नर्भस हुन्छिन् कि कस्तो ड्रेसअप गर्ने भन्ने कुरामा समेत उनी अन्यौलमा पर्न थाल्छिन्। यस्तो नहोस् भनेर आफ्नो ग्रुमिङमा ध्यान दिनु आवश्यक छ। डेटमा जाने दिनभन्दा दुई वा तीन दिनअघि नै फोसियल, थ्रेडिङ, पेडिक्योर, मेनिक्योर, ब्लिच आदि गराउनु राम्रो हुन्छ। आफ्नो हेयर स्टाइललाई नयाँ लुक प्रदान गरेर व्यक्तित्वमा नवीनता सञ्चार गर्न सकिन्छ। यी सबै कुराका साथमा आफूले लगाउने पहिरन एक्ससरिज तथा फुटवेयरसम्बन्धी निर्णय र छनौट पनि पहिले नै गर्नु उपयुक्त हुन्छ ताकि डेटमा जाने बेला कुनै अन्यौल उत्पन्न नहोस्।

### पहिरन तथा मेकअप

ग्ल्यामरस पहिरन तथा हेभी मेकअपले नै आफ्नो प्रेमी प्रभावित हुन्छ भन्ने छैन। यही सोचले प्रेममा नकारात्मक प्रभाव पर्ने सम्भावना हुन्छ। डेटमा जाँदा पहिरन र मेकअप फेसनेबल एवं स्टाइलिस त हुनुपर्छ। त्यसले अश्लीलता भने झल्काउनु हुँदैन। पहिरन ट्रेन्डी, पारम्परिक वा अन्य क्याजुएल जस्तै स्कर्ट, ट्युनिक, स्लिभ्स, फ्लेयर्ड, जिन्स वा फर्मल पाइन्ट आदि नै राम्रो मानिन्छ।

### रोमान्टिक वातावरण

यदि आफ्नो डेटलाई हरेक पक्षबाट स्मरणीय बनाउन चाहनुहुन्छ भने आफू वरिपरिको वातावरणलाई सकेसम्म रोमान्टिक बनाउने प्रयत्न गर्नुहोस्। आफ्नो प्रेमी वा प्रेमिकाका सम्बन्धमा प्रशंसा गर्न लायक कुरा मन खोलेर भन्नुहोस्। यदि आफूमा राम्रो सेन्स अफ ह्युमर छ भने त्यसको प्रयोग गरेर आफ्ना साथीसितको साथमा हँसिलो, रमाइलो एवं मनोरञ्जनपूर्ण बनाउने प्रयास गर्नुहोस्। ख्यालठट्टा र हाँसोले नै रोमान्समा अझ बढी मीठास घोल्ने काम गर्छ तथा त्यही मीठासले प्रेम सम्बन्धलाई अझ सुमधुर र सुरिलो बनाउन ऊर्जा प्रदान गर्छ।

### व्यवहारमा सन्तुलन

डेटिङ एक-अर्कासित भेट्ने माध्यम मात्र होइन, एक-अर्कालाई राम्रोसँग बुझ्ने र सम्झने साधन पनि हो। व्यवहार एवं कुराकानी गर्ने शैलीले तपाईंका सम्बन्धमा धेरै कुरा व्यक्त गर्छ। अधिकांश युवतीहरू पहिलो भेटमै हृदय खोलेर कुराकानी गर्छन् जसका कारण पुरुष साथीले त्यसको अनुचित फाइदा उठाउने सम्भावना बढी हुन्छ। आधुनिकता दर्शाउनु नराम्रो होइन तर आधुनिकताको नाममा उच्छृङ्खला पनि राम्रो होइन। अतः आफ्नो व्यवहारलाई सन्तुलित एवं शालीन राख्नु उपयुक्त हुन्छ।

### मेनेरिज्म सिकौं

पहिलो प्रेम र पहिलो भेट सदैव मन मस्तिष्कमा ताजा रहन्छ। त्यसैले आफ्नो डेटमा मेनेरिज्मको गुणलाई सदुपयोग गर्न सके सुनमा सुगन्ध हुन्छ। डेटमा जाँदा सबै खर्च पुरुषले नै व्यहोर्नु पर्छ वा व्यहोर्छ भन्ने सोच राख्नु ठीक होइन। आफ्नो पर्स पनि भारी राख्नु उचित हुन्छ। त्यसै पनि आज-भोलिको मेनेरिज्मले यही बताउँछ कि खर्च स्त्री-पुरुष दुवैले वहन गर्नुपर्छ। परन्तु पुरुष पक्षाको आत्मसम्मानमा ठेस नपुगोस् भन्ने कुरामा पनि ध्यान पुऱ्याउनु आवश्यक छ।

### भूमिका उपहारको

एक-अर्काको मनमा स्थान बनाउने मामिलामा उपहारले पनि उत्तिकै महत्त्वपूर्ण भूमिका खेल्छ। पहिलो डेटमा यदि रातो गुलाफको बुके, प्रेमका पंक्तिले सजिएका कार्ड वा प्रेमगीतले भरिएको सिडी, झुम्का, फिङ्गर रिङ वा नेकचेन आदि प्राप्त भए जो कसैको खुसीले पखेटा लगाएर रोमाञ्चको आकाशमा उड्न थाल्छ। उपहार लिनका साथै दिन पनि जान्नुपर्छ। यस्तो भए मात्र डेटिङ सुखद, सफल र स्मरणीय रहन सक्छ। प्रेमीलाई लेदर वालेट, कि चेन, टाइ-पिन आदि उपहार प्रदान गरेर आफ्नो चाहनालाई अभिव्यक्त गर्न सकिन्छ। उपहारले प्रेम अभिव्यक्त गरेको हुनुपर्छ न कि उपहारको मोल। अतः महंगा उपहार प्रदान गर्नु उचित हुँदैन।

### एक-अर्कालाई बुझ्ने प्रयास

डेटमा जानुको उद्देश्य हुनुपर्छ। केही समय एक-अर्काको सामीप्यतामा रमाउनु, उमेरको हिसाबबाट ख्यालठट्टा गर्नु आदि काम भए पनि डेटलाई एक-अर्कालाई बुझ्ने अवसरका रूपमा पनि सदुपयोग गर्नुपर्छ। कुराकानीलाई रोमान्टिक बनाउने मात्र नभएर एक-अर्कालाई मनपर्ने नपर्ने कुराहरू आ-आफ्नो क्यारियर, परिवार आदिका बारेमा पनि कुराकानी गर्नु राम्रो हुन्छ। यसबाट आपसी सम्बन्ध कति र कुन हदसम्म अघि बढ्न सक्छ, सक्दैन भन्ने कुरा थाहा हुनुका साथै एक-अर्काको स्वभाव, आचरण, बानी-व्यवहार एवं दृष्टिकोण थाहा पाउन सकिन्छ।

### थप जानकारी

यदि सहरभन्दा टाढाको रिसोर्ट तथा रेस्टुराँ वा राती क्यान्डल लाइट डिनरका लागि जाँदै हुनुहुन्छ भने आफ्नो प्रेमसम्बन्धका बारेमा थाहा पाएको आफ्नो नजिकको मित्र वा आफ्नो उमेरको परिवारको कोही सदस्यलाई जानकारी दिएर जानु उचित हुन्छ। डेटमा जाँदा आफूलाई र आफूले सम्पर्क गर्न सकिने माध्यम जस्तै मोबाइल फोन साथमा राख्नु आवश्यक छ ताकि कुनै अप्ठ्यारो परिस्थिति आइपरे आफ्ना मित्र वा परिवारलाई सूचित गर्न सकियोस्, यो सुरक्षाका दृष्टिले पनि महत्त्वपूर्ण छ। कहाँ र कति समयका लागि कोसित हुनुहुन्छ भन्ने जानकारी कसै न कसैलाई हुनु नै राम्रो मानिन्छ।

डेटमा जाने कुरालाई लिएर मन रोमाञ्चित हुन्छ नै, त्यहीं कतै-कतै अलिक डर हुनु पनि स्वाभाविक हो। मनको यही उथलपुथलका बीच यदि उल्लेखित केही कुरामा ध्यान पुऱ्याए डेट अझ सुमधुर, रोमाञ्चपूर्ण एवं अवस्मरणीय बन्न सक्छ।

**–रोजिन शाक्य**

## प्रेममा अझै पनि कायम छ

# मनोवैज्ञानिक डर

प्रेम दुई विपरीत लिङ्गीबीचको आकर्षण एवं जैविक आवश्यकता हो। समय र समाजको परिवर्तनसँगै प्रेम, विवाह र परम्परामा पनि परिवर्तन हुँदै गएको छ। त्रिभुवन विश्वविद्यालय मनोविज्ञान केन्द्रीय विभागकी उप-प्राध्यापक डाक्टर सावित्री स्थापित भन्छिन्- प्रेम अहिले सामान्य बन्न थालेको छ। ब्याइफ्रेन्ड र गर्लफ्रेन्ड नहुने युवायुवतीहरू भेट्न मुस्किल छ। अहिले अनुहार र शारीरिक रूपमा आर्कषक केटीहरू अनि स्मार्ट हेन्डसम केटाहरू प्रायः प्रेमसम्बन्ध स्थापित भएका पाइन्छन्। केही दशकअघिसम्म मात्रै पनि प्रेमसम्बन्ध स्थापना गर्नेहरूलाई समाज एवं अभिभावकले अत्यन्तै नराम्रो दृष्टिकोणले हेर्थे। समाजकै कारणले प्रेम गरे पनि उनीहरू आफ्नो प्रेमलाई विवाहमा लगेर टुङ्ग्याउन सक्दैनथे।

परम्परागत समाजमा एकले अर्कालाई मन पराएर विवाह गर्नुलाई गन्धर्व विवाह भनिन्थ्यो। कतिपयले अन्तर्जातीय विवाह पनि गर्थे, तर समाज ज्यादै रूढिवादी र परम्परागत भएकाले प्रेमविवाहले सामाजिक मान्यता पाउन निकै गाह्रो पर्थ्यो। त्यति बेला लुकेर, समाजसँग डराएर प्रेम गरिन्थ्यो तर अहिले समाजको डर हटे पनि परिवारको मनोवैज्ञानिक डर कायमै छ। अहिलेको समाज समयसँगै खुला र सहज हुँदै गएको छ। यसले गर्दा प्रेम एवं अन्तर्जातीय विवाहले पनि मान्यता पाउन थालेको छ। सहरतिर त मागेरै पनि अन्तर्जातीय विवाह हुन थालेको छ। यो परिवर्तनलाई सकारात्मक मान्न सकिन्छ।

त्रिभुवन विश्वविद्यालयमा समाजशास्त्रकी विद्यार्थी जेनी थापा महर्जन केही दशकअघिको आफ्नो अनुभव बताउँदै भन्छिन्- ‘समाज खुला भएको धेरै भएको छैन। केही दशकअघिसम्म मात्रै पनि समाज बन्दको अवस्थामा थियो। त्यतिबेला प्रेम गर्न गाह्रो थियो। अभिभावक र समाजको डर हुन्थ्यो।

केटाकेटीले एक-अर्कालाई भेट्न सजिलो थिएन। केटाकेटी सँगै हिंडडुल गर्नुलाई सहज रूपमा लिइँदैनथ्यो। केटाकेटी सँगै हिंडेको वा कुरा गरेको देखिए टोल-छिमेकमा मात्र होइन, सिङ्गो गाउँमै चर्चा चल्थ्यो। विशेष गरी युवतीको चरित्रमाथि औंला ठड्याइन्थ्यो। अभिभावकको इज्जत-प्रतिष्ठामाथि दाग लाग्थ्यो भने परिवारको समेत बदनाम हुन्थ्यो। त्यति बेला प्रेम गर्ने ठाउँ र अवसर पाउन पनि गाह्रो हुन्थ्यो।

सहरी समाजमा परिवर्तन र खुलापन आए पनि ग्रामीण समाजमा प्रेम गर्दा अहिले पनि टोलछिमेकमा चर्चा चल्छ। गाउँघरतिर अहिले पनि केटाकेटी सँगै हिंडेको देखियो भने कुरा काटिन्छ। गाउँघरतिरको समाज र सहरी समाजमा अहिले पनि ठूलो भिन्नता छ।

सहरी समाज बदलिएको मात्र छैन- त्यहाँ बसोवास गर्ने परिवार र अभिभावकको परम्परागत धारणामा पनि उल्लेखनीय परिवर्तन आएको छ। जातभात, खानदान र चिना खुट्याएर मात्र आफ्ना छोराछोरीको विवाह गरिदिने अभिभावकहरू पनि विवाह गर्दा जातभातको मान्यतालाई गौण मान्न थालेका छन् भने शिक्षादीक्षा, पेसा एवं असल स्वभावलाई प्राथमिकता दिन थालेका छन्।

अहिले परिस्थितिले गर्दा कम उमेरमै छिटो शिक्षा ग्रहण गर्ने, पकेट मनीकै लागि भए पनि काम गर्ने, स्कुल, कलेज, कार्यस्थलमा केटाकेटी सँगै रहने-बस्ने र कार्य गर्ने वातावरणले सम्बन्ध स्थापना गर्न सजिलो भएको छ।

यातायात, मोबाइल र इन्टरनेटको सुविधाले गर्दा भेटघाट र डेटिङस्थल तय गर्न पनि सजिलो भएको छ भने होटल, रेस्टुराँ तथा पार्कहरूको सहज उपलब्धताले भेटघाटलाई सजिलो बनाइदिएको छ। यति मात्र होइन, युवायुवतीहरू आफ्नो जीवनशैलीलाई समेत बदल्न थालेका छन्। डिस्को, कन्सर्ट र रात्री डान्सपार्टीमा समेत सँगै गएर सम्बन्धलाई प्रगाढ बनाउन थालेका छन्। अहिलेको खुला समाजमा युवायुवतीहरू खुलेरै प्रेम गर्न थालेका छन्।

आजका युवायुवतीहरूमध्ये खास गरेर युवतीहरूमा टेलिभिजन, एफएम, मोबाइल, इन्टरनेटजस्ता साधन पनि टेलिभिजनमा आउने सिरियल तथा चलचित्रको प्रभाव पनि उत्तिकै छ। उनीहरू आफ्नो प्रेमलाई टेलिसिरियल वा चलचित्रको चलचित्र शैलीमा ढाल्न मन पराउँछन्। भ्यालेन्टाइन डे, नयाँ वर्षजस्ता उत्सवले दबिएको भावना र एक-अर्काप्रति प्रेम अभिव्यक्त गर्ने अवसर जुटाइदिएको छ। आजको युवापुस्ता प्रेममा जातपातभन्दा एक-अर्काको रुचि र आवश्यकतालाई प्राथमिकता दिन थालेका छन्। त्यसैले प्रेम गरे पनि कोही साथी वा यौनसाथीको दायरामा सीमित रहन्छन्, विवाहको गन्तव्यसम्म पुग्दैनन् वा विवाहको आवश्यकता नै महसुस गर्दैनन्, तर प्रेम गरेपछि कुन रूपमा सीमित रहने हो त्यो भने पहिल्यै प्रस्ट भएर बस्नु दुवैका लागि राम्रो हुन्छ।

मनोविज्ञ डा. सावित्री स्थापित भन्छिन्– पहिले प्रेम गर्नु अपराध मानिन्थ्यो, तर कसैले कसैलाई प्रेम गर्नु अपराध होइन। कसैले कसैलाई साँचो माया दिएर विवाह गर्नु खराब होइन। यो त धेरै राम्रो र सकारात्मक पक्ष हो, तर कसैले कसैलाई प्रेमको नाटक गरेर जीवन बर्बाद गर्ने र सिङ्गै परिवारलाई तहसनहस पार्ने वा बेइज्जत गर्ने काम गर्नुहुँदैन। प्रेम गरेपछि विवाह गर्ने-नगर्ने कुरामा पहिल्यै स्पष्ट हुनुपर्छ र एक-अर्काका बारेमा राम्रोसँग बुझिसकेपछि मात्र विवाह गर्नु उचित हुन्छ। कुखुरे बैंसमा गरिएको प्रेमले बिगार गर्छ भने



परिपक्व भएर गरिएको प्रेम र एक-अर्काका बारेमा बुझेर गरिएको विवाह सफल हुन्छ। आपसी समझदारी एवं परिपक्वता भए धनसम्पत्ति वा भौतिक सुखसुविधा नभए पनि प्रेमविवाहको यात्रा सफल र आनन्ददायक हुन्छ। प्रेम गरेर विवाह गर्दा एकले अर्कालाई पहिलेझैं आत्मीय प्रेम, सहयोग वा साथ दिए प्रेमविवाह सफल नहुने कुनै कारण छैन।

## एसियन कप

# युद्धग्रस्त इराकलाई उपाधि

सद्दाम हुसेनको सत्ता ढले लगतै गृहयुद्धमा होमिएको इराक पहिलोपल्ट एएफसी एसियन कप फुटबल च्याम्पियन बनेको छ। आइतबार जाकार्तामा ६० हजार इन्डोनेसियन दर्शकको समर्थन पाएको इराकले फाइनलमा तीनपल्टको विजेता साउदी अरेबियालाई १-० ले पराजित गरेको थियो। स्ट्राइकर युनिस मोहमदले ७१ औं मिनेटमा गरेको खेलको एकमात्र गोल नै इराकलाई एसियन कप च्याम्पियन बनाउन पर्याप्त रह्यो। हवर मोहमदको कर्नर किकमा बललाई युनिसले हेडद्वारा सजिलै जाली चुमाएका थिए।

प्रतियोगिताको पूर्वसन्ध्यामा खेलाडीलाई एकै स्थानमा राखेर प्रशिक्षण दिन ब्राजिलियन प्रशिक्षक जोराभान भिएरालाई हम्मेहम्मे परेको स्थितिमा इराकको उपाधि यात्रा परीको कथाभन्दा पृथक् छैन। इराकी खेलाडीहरूको फुटबल कला पनि कमजोर थिएन। इराकको यो जितलाई धेरै फुटबलप्रेमीले ग्रीस युरो कप-२००४ विजेता बनेजस्तै अविश्वसनीय मानेका छन्। फाइनल खेल सकिएलगत्तै बन्दुक पड्काउदै दसौं हजार इराकीले विजय जुलुस मनाए। सेमीफाइनल र फाइनल पुगेको खुसीयालीमा निस्किएको जुलुसमा आत्मघाती बम विष्फोट हुँदा ५५ जना इराकीले ज्यान गुमाएका थिए।

इराक र साउदी अरेबियाबीचको फाइनल खेल प्रतियोगिताकै सर्वोत्कृष्ट डिफेन्स लाइन र फरवार्ड लाइनको प्रतिस्पर्धा बनेको थियो। प्रतियोगितामा इराकले ७ गोल गरेर सबैभन्दा न्यून २ गोल मात्रै खाएको थियो भने साउदी अरेबियाले फाइनलअघि नै १२ गोल गरेको थियो। गोलरक्षक नुर साब्री अब्बासको नेतृत्वमा रहेको इराकी डिफेन्सलाई कुनै पनि टिमले तोड्न सकेन। आफ्ना प्रमुख तीन जना स्टार खेलाडी बिना उत्रिएको दक्षिण कोरियाले जापानलाई सडनडेथमा ६-५ ले पराजित गर्दै तेस्रो स्थान कब्जा गर्‍यो। प्रतियोगिताका शीर्ष तीन टिम इराक, साउदी अरेबिया तथा दक्षिण कोरियाले सन् २०११ मा कतारमा हुने १५ औं एसियन कपमा सोझै प्रवेश पाउनेछन्।

युरोपेली फुटबलमा व्यस्त खेलाडीहरूको बाहुल्य रहेको अस्ट्रेलिया प्रतियोगितापूर्व उपाधिको प्रमुख दाबेदार मानिएको थियो। थाइल्यान्डसँग १-१ र ओमनसँग गोलरहित बराबरी तथा एसियाली फुटबलको नयाँ टिम अस्ट्रेलियालाई ३-१ ले पच्छ्याउँदै इराकले समूह विजेताका रूपमा लिग चरण पार गरेको थियो। उसले क्वार्टरफाइनलमा सह-आयोजक भियतनामलाई २-० तथा सेमीफाइनलमा एसियाली महारथी दक्षिण कोरियालाई टाइब्रेकरमा ४-३ ले पराजित गर्दै फाइनलको यात्रा तय गरेको थियो। साउदी अरेबियाले लिग चरणमा दक्षिण कोरियालाई १-१ को बराबरीमा रोक्दै इन्डोनेसियालाई २-१ र बहराइनलाई ४-० ले पराजित गरेको थियो। उसले क्वार्टरफाइनलमा उज्वेकिस्तानलाई २-१ तथा सेमीफाइनलमा तीनपल्टको विजेता जापानलाई ३-२ ले हराएको थियो।

बलिया मानिएका अस्ट्रेलिया र इरान क्वार्टरफाइनलबाटै घर फर्किए भने अघिल्लो पटकको उपविजेता चीनले पहिलो चरण पनि पार गर्न सकेन। प्रतियोगिता जुलाई ७ देखि २९ तारिखसम्म चार भिन्न देश थाइल्यान्ड, भियतनाम, इन्डोनेसिया तथा मलेसियामा सञ्चालन गरिएको थियो।

**-राजु घिसिङ**

### तथ्याङ्कमा १४ औं एसियन कप

| | |
|---|---|
| विजेता | इराक |
| उपविजेता | साउदी अरेबिया |
| आयोजक | थाइल्यानड, भियतनाम, इन्डोनेसिया र मलेसिया |
| सहभागी देश | १६ |
| खेलसंख्या | ३२ |
| गोल | ८४ |
| औसत गोल | २ दशमलव ६२५ |
| आत्मघाती गोल | २ |
| सर्वाधिक गोल | ४ (युनिस मोहमद इराक, नओहिरो ताकाहारा जापान, यासेर अल क्वातानी साउदी अरेयिबा) |
| सर्वाधिक गोल गर्ने टिम | १२ गोल (जापान र साउदी अरेबिया) |
| न्यून गोल खाने टिम | २ गोल (इराक) |
| सर्वाधिक गोल खाने टिम | १२ गोल (मलेसिया) |
| न्यून गोल गर्ने टिम | १ (मलेसिया) |
| रातो कार्ड | ४ |
| पहेंलो कार्ड | १ सय ४३ |
| खेलाडी स्थानान्तरण | १७४ पटक |

## पोखरामा भलिबल महोत्सव

पोखरा- पोखरामा सञ्चालन भएको भलिबल महोत्सवमा पुरुषतर्फको फाइनल खेलमा नेपाल प्रहरीको जिल्ला प्रहरी कार्यालय विजयी भएको छ। जिल्ला प्रहरी कार्यालयले सशस्त्र प्रहरी बलको कालिका गणलाई ३-१ को अन्तरले पराजित गरेको हो। त्यस्तै महिलातर्फको खेलमा ज्ञानुबाबा उच्च मा.वि.ले विजय हासिल गर्‍यो।

भलिबलको सेमिफाइनलमा प्रहरीले साँग्रिला भिलेजलाई तथा सशस्त्रले लोटस ट्रेनिङ सेन्टरलाई हराएर फाइनलमा पुगेका थिए। स्थानीय वाराही क्लबले लेकसाइडको जरेबरमा आयोजना गरेको उक्त महोत्सवमा ३६ टिम सहभागी थिए, जसमा १६ टिम पुरुष, १२ टिम महिला र ८ टिम भेट्रान्स थिए।


अघिल्लो साताको बुधबारदेखि लेकसाइडस्थित जरेबरमा भएको खेलको आइतबार भएको फाइनल खेलमा सशस्त्र र प्रहरीका खेलाडीबीच झडप भएपछि खेल स्थगित गरिएको थियो। सशस्त्रका खेलाडीले 'टच आउट' दिएन भन्दै रेफ्रीसँग विवाद सृजना गरेपछि खेल तनावग्रस्त बनेको थियो। हात हालाहाल भएपछिको झडपमा राष्ट्रिय रेफ्री राजेन्द्र जीसीसहित १० जना घाइते भएका थिए।


# रोमाञ्चक फ्रिस्टाइल रेस्लिङ





काठमाडौं- अन्तर्राष्ट्रिय फ्रिस्टाइल रेस्लिङ प्रतियोगितामा हिट् म्यान, अन्डर टेकर, बाटिष्टा, एडि गुएरा, जोन सिनाजस्ता नाम चलेका खेलाडीको फ्रिस्टाइल रेस्लिङ टेलिभिजनको पर्दामा हेर्दै आएका नेपाली दर्शकले आफ्नै देशका फ्रिस्टाइल रेस्लिङ खेलाडीहरू देवा द ग्रेट, म्याक्स बि, यति, स्कोर्पियो, ड्र्यागन हट आदिका भिडन्त कमै हेर्ने मौका पाएका थिए। सगरमाथा रेस्लिङ मनोरञ्जन संघले पहिलो पटक दशरथ रंगशालामा आयोजना गरेको फ्रिस्टाइल रेस्लिङ प्रतियोगिताले भने राजधानीका टेलिभिजन दर्शकलाई पनि रोमाञ्चित गर्‍यो। नेपालमा १६ भन्दा बढी फ्रिस्टाइल रेस्लिङ खेलाडीले सहभागिता गरेको उक्त प्रतियोगिताका कतिपय क्षणले दर्शकलाई उत्तेजित बनाएको थियो भने कतिपय बेला दर्शकहरू मुटु कमाउन बाध्य भएका थिए। दर्शकहरूमा मनोरञ्जन र उत्तेजना बढोस् भनेर खेलाडीहरू आफ्नो नाममा भन्दा पनि उपनाममा रिङमा प्रवेश गरेका थिए। क्रुजर बेल्टका लागि भएको भिडन्तमा किङ लिजार्डले स्कोर्पियोलाई सजिलै पराजित गरेका थिए भने अर्को भिडन्तमा अजिङ्गरले यतीलाई पराजित गरे। मनोरञ्जन र सनसनीले भरिएको उक्त भिडन्तलाई अधिकांश दर्शकले मनोरञ्जन माने भने कतिले नाटकीय तर पनि नेपाली रेस्लरहरूले राजधानीवासीलाई फ्रिस्टाइल रेस्लिङका बारेमा पर्याप्त जानकारी गराए। प्रतियोगितामा साइनाइड र अजिङ्गरको जोडीले मिस्टर आर.के. र किङ लिजार्डको जोडीलाई तथा बाबु उइ र स्कोर्पियोको जोडीले यती र ड्रचागन हर्टको जोडीलाई पराजित गर्दा दर्शक रोमाञ्चित भएका थिए। प्रतियोगिताको मुख्य आकर्षण हेभिवेट उपाधि देवा द ग्रेटले म्याक्स बीलाई पराजित गर्दै हात पारे। केही महिनाअघि तातोपानीमा सम्पन्न फ्री स्टाइल रेस्लिङ प्रतियोगितामा पनि देवा द ग्रेटले म्याक्स बीलाई नै पराजित गरेका थिए। उद्धव थपलिया र गजेन बान्तवाको निर्णायकत्वमा सञ्चालन भएको उक्त प्रतियोगितालाई कान्तिपुर टेलिभिजनले निकट भविष्यमै प्रसारण गर्नेछ।





# एसीसी यू-१९ कपका लागि नेपाली टिमको छनौट

काठमाडौं- आगामी भदौ १ गतेदेखि १२ गतेसम्म मलेसियाको राजधानी क्वालाम्पुरमा आयोजना हुने एसीसी एलाइट क्रिकेट प्रतियोगिताका लागि नेपाली टिमको छनौट सम्पन्न भएको छ। गत महिना राजधानीमा सम्पन्न १९ वर्षमुनिको राष्ट्रिय प्रतियोगितामार्फत क्यानले १४ जना नियमित तथा ४ जना वैकल्पिक खेलाडी छनौट गरेको हो। छनौटमा परेको टोलीमा अलराउन्डर पारस खड्का कप्तान छन् भने उपकप्तानमा शरद भेषवाकर। छनौट भएका खेलाडीहरूमा अधिकांश खेलाडी काठमाडौंका छन्। स्मरणीय रहोस्, छनौट प्रतियोगितामा काठमाडौंले दुई पटकको विजेता भैरहवालाई फाइनलमा पराजित गरेको थियो।

श्रीलंकाली प्रशिक्षक रोय डायसको प्रशिक्षणमा असार १९ गतेदेखि बन्द शिविरमा रहेका खेलाडीहरूबाट अन्तिम छनौट गरिएको हो। यो छनौटमा ज्ञानेन्द्र मल्ल, अमृत भट्टराई, अभय राणा, महेश क्षेत्री, राज श्रेष्ठ, शशी केशरी, आकाश गुप्ता, अन्तिम थापा, सागर खड्का, चन्द्र साउद, रोम श्रेष्ठ तथा राहुल विक परेका छन् भने वैकल्पिक खेलाडीका रूपमा दीपेन श्रेष्ठ, सन्तोष बराल, शाहिद रिजा एवं रतन रौनियार छानिएका छन्।


नेपालका १९ वर्षमुनिका क्रिकेट खेलाडीहरूले अन्तर्राष्ट्रिय प्रतियोगितामा तुलनात्मक रूपमा बढी नै सफलता पाइरहेका छन्। नेपाली युवाहरूको यही सफलतालाई निरन्तरता दिन क्रिकेट संघले खेलाडी छनौटमा सन्तुलन ल्याएको छ। नेपालका १९ वर्षमुनिका क्रिकेट खेलाडीहरूले सन् २००१ मा काठमाडौंमा सम्पन्न एसीसी ट्रफी, सन् २००३ मा पाकिस्तानको कराँची तथा सन् २००५ मा काठमाडौंमा सम्पन्न प्रतियोगितामा पहिलो स्थान हासिल गरेर यो प्रतियोगितामै ह्याट्रिक गरेका थिए।

यस पटक आयोजना हुने प्रतियोगितामा नेपाल समूह 'ए' मा परेको छ। यो समूहमा थाइल्यान्ड, ओमान, युनाइटेड अरब इमिरेट्स तथा सिंगापुर छन्। यो समूहमा रहेर नेपालले आफ्नो पहिलो खेल सिंगापुरविरुद्ध भदौ ३ गते खेल्नेछ भने भदौ ५ गते युनाइटेड अरब ईमिरेट्स, ६ गते थाइल्यान्ड तथा ८ गते ओमनविरुद्ध खेल्नेछ।

## प्रसंग कतिपय



विक्रम राई



ढिलो सुरु भएको मनसुनले जतातत‍ै त्राही-त्राही मच्चाएको छ। यसले न पहाड भनेको छ न त तराई नै। यो मनसुनले पहाडमा पहिरो गएर धेरैको उठिबास गराएको छ भने तराईमा बाढीले धेरैलाई मृत्युको मुखसम्म पुऱ्याएको छ, साथै बाँचेकाहरूको जनजीवन कष्टप्रद भएको छ। भन्नेहरू भन्छन्– जीवनमा पीडा र दुःख भएन भने त्यो जीवनको सार्थकता नै के हुन्छ र ? जीवनमा पीडा र दुःख भोग्नेहरूले नै खुसी र सुखको स्वाद लिन सक्छन्। छिमेकी मुलुकले सिमानामा बाँध बनाएर हो वा साँच्चिकै हाम्रो आफ्नै कुकर्मका कारणले इश्वर रिसाएर हो, जतातत‍ै डुबान छ अर्थात् दुःख नै दुःख छ। धेरै गाउँ-ठाउँहरूमा बाढीका कारण पिउने पानीको अभाव भएर खोलाको धमिलो पानी पिउनुपर्ने बाध्यता छ। हैजा र माहामारी फैलिने क्रम बढेको छ। उब्जाउ गर्ने खेत बाढीको पानीले नष्ट भएको छ, ओत लाग्ने छाप्रो बगेको छ। पहाडमा पहिरोले गाउँनै लान सक्ने आतंक छाएको छ, अन्नको अभाव त छँदैछ। हुन त पीडित क्षेत्रहरूमा हेलिकप्टरले हवाई निरीक्षण गरेकै छ।

मौसमका कारणले हेलिकप्टर ल्यान्ड गर्न र उद्धार गर्न कठिनाइ छ। रेडियो तथा टेलिभिजनमा आउने समाचार पनि त्यस्तै छ। राहतको प्याकेट हेलिकप्टरबाट खसाल्न नसक्ने हामीले विभिन्न दिवसहरूमा टुँडिखेलमा आकाशबाट हामफाल्ने जादुई कला देखाउँदै आएका छौं। बाढीले बगाएर ल्याएको विषालु सर्पले टोकेर मृत्यु हुनेहरू एकातिर छन् भने अर्कातिर काठमाडौंको चिडियाघरमा टिकट काटी सर्पका विभिन्न जात हेर्नेहरूको भीड छ। हुन त अहिलेका विधायकहरूले केही दिनको तलब दैवी प्रकोप राहत कोषलाई दिएका छन्। मन्त्री तथा कर्मचारीहरूले पनि आफ्नो तलबको केही भाग दिएका छन् रे, तर यस प्रकारको आपतबिपतका लागि सहयोग गर्ने नागरिक समाज भनिने प्राणीहरू हराएका छन्। राजनैतिक उद्देश्य र मानवअधिकारका लागि मात्र नागरिक समाज हुँदो रहेछ। हुन त यस पटक पनि सुकुमारहरूका लागि होटलहरूले बर्षातको मौसममा 'मनसुन म्याड' को प्याकेज बनाएका छन्। जोडी बनाएर जाने यस्तो प्याकेजले सुकुमारहरूलाई होटलको कोठाभित्र मनसुनको न्यानो स्वाद राम्रैसँग दिएको छ।

ढिस्कोमा बस्नेहरूका लागि मनसुन ह्वीस्की र मटन सेकुवा खाने गुड टाइम त हुँदै हो। यसरी प्रत्येक वर्षको मनसुनले हामीलाई एक-अर्काबाट टाढा बनाउँदै लगेको छ। हुने-खानेहरूलाई मनसुनको मौसमले पनि रमाइलो प्रदान गरेको छ भने अर्कातिर श्रमजीवी मजदुर, किसान तथा आम गरिब जनतालाई थप दुःख र पीडा दिएको छ। संवेदनहीनहरूले सहयोग गर्लान् भन्ने कुरै नगरौं, तर पनि भाग्यमानी सुकुमारहरू हो... कम्तीमा अफसोचचाहिँ गर है।

Prasangakatipaya@hotmail.com

# लिटिल प्रिन्स एन्ड प्रिन्सेज



गत शनिबार राजधानीस्थित रसियन कल्चर सेन्टरमा लक्की सलुन एन्ड ब्युटी पार्लरको मेकअप तथा हेयर स्टाइलिङमा सजिएका १८ जना बालबालिकाबीच लिटिल प्रिन्सेजका लागि र ५ जना बालकबीच लिटिल प्रिन्स उपाधिका लागि प्रतिस्पर्धा सम्पन्न भयो। ग्यालेक्सी मोडलिङ एजेन्सीको प्रस्तुतिमा धीरज तन्डुकार र दीपक घिमिरेको आयोजन तथा प्रियंका सिटौलाको संयोजनमा सञ्चालित उक्त प्रतियोगिता परिचयात्मक, टयालेन्ट राउन्ड, बेस्ट ड्रेस, टपटेन र टप फाइभ गरी पाँच चरणमा प्रस्तुत गरिएका थिए।

सोफिया महर्जनको कोरियोग्राफीमा सञ्चालित प्रतियोगिताको शीर्ष उपाधिमा मनीष थापा र सलोनी महर्जनले कब्जा जमाए। लिटिल प्रिन्स एन्ड प्रिन्सेजका रूपमा छानिएका मनीष र सलोनी दुवैले ट्यालेन्ट एवार्डमा पनि कब्जा जमाएका थिए। मास्टर चार्मिङ एवार्डसहित साजिद श्रेष्ठ बालकतर्फ फस्ट रनरअप भए भने अपेक्षा डी.सी. फस्ट रनरअप छनौट भइन्। सेकेन्ड रनरअपमा सुसन श्रेष्ठ र ओरिसा महर्जन विजेता छानिए। अन्य उपाधितर्फ सोमेश मानन्धर र विशाखा कटुवाल बेस्ट ड्रेस, अनिश बानियाँ र अनुशा अधिकारी फोटोजेनिक, सराह श्रेष्ठ र अनिश बानियाँ क्याटवाक विधामा विजयी भएका थिए। बालिकातर्फ मात्र छनौट गरिएको परफर्मेन्स विधामा प्रशंसा श्रेष्ठ, फ्रेन्डसिपतर्फ कृषा तुलाधर, बेस्ट स्किनमा स्वायना तुलाधर तथा डिसिप्लिनमा नीलम महर्जन उत्कृष्ट ठहरिएका थिए।

## युनिक डान्सपार्टी

पोखरा- यो साता पोखरामा एउटा नयाँ खालको डान्सपार्टी आयोजना भयो। दीपस्थित एप्पल क्याफेमा गुलमोहोर फेसन सेन्टरद्वारा आयोजित ले गरेको डान्सपार्टीमा सर्वसाधारणभन्दा पनि मोडल डिजाइनरहरूको जमघट बढी देखिन्थ्यो। कार्यक्रमको नाम नै युनिक डान्सपार्टी राखिएको थियो। यसर्थमा पनि यो डान्सपार्टी अरू दिनको तुलनामा पृथक् देखिन्थ्यो।

डान्सपार्टी अरू दिनमा जस्तो उत्तेजकभन्दा पनि शिष्ट पाराको थियो। नयाँ-नयाँ फेसन डिजाइनमा व्यस्त रहने डिजाइनहरू रातभर डान्सपार्टीको रमझममा मस्त देखिन्थे।



फेसन डिजाइनिङ कोर्स गरिरहेकी शान्ति गुरुङले पहिलो पटक धीत मरुन्जेल डान्स गरिन्। पारिवारिक झमेल्को दिलाउने डान्समा पसिनाले निथ्रुक्क हुने बेलासम्म उनी आफ्ना सहकर्मीहरूसँग कम्मर मर्काउन व्यस्त देखिन्थिन्। पार्टीमा उनीजस्तै फेसन डिजाइनहरूको बाक्लो उपस्थिति थियो। दिउँसो २ बजे आरम्भ हुने भनिए पनि बेलुकाको चार बजे मात्र डान्सपार्टीको गर्मागर्मी सुरु भयो। रिमिक्स गीतसँगै डान्सफ्लोरमा मोडल, फेसन डिजाइनर तथा आरजेहरू मच्चिन थाले। नाच्नेहरूको ताल हेरेर चक्का घुमाइरहेका डिजे अनिल एमसीले नेपाली हिन्दी र अंग्रेजी रिमिक्स गीतहरू छान्दै बजाउन थालेपछि डान्सफ्लोरमा उत्तेजना बढ्दै गयो। अघिल्लो साता सम्पन्न डान्सपार्टीमा झगडाका कारण तनाव उत्पन्न भए पनि यस पटक अराजक गतिविधि भने हुन पाएन।

–शिव शर्मा

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।